# नाम्खा गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना

## (आ.व.२०७९/०८०-आ.व.२०८३/०८४)



नाम्खा गाउँपालिका,
याल्वाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

# नेपालको नक्सा


Koshi
Bagmati
Madhesh
Gandaki
Lumbini
Karnali
Sudurpaschim

# कर्णाली प्रदेशको नक्सा



# हुम्ला जिल्लाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

# नाम्खा गाउँपालिकाको नक्सा



# नाम्खा गाउँपालिकाको कार्यालय

## याल्वाङ, हुम्ला

**मन्तव्य**



नाम्खा गाउँपालिका हुम्ला जिल्ला, कर्णाली प्रदेश अन्तर्गत भोट क्षेत्रमा रहेको नेपालको क्षेत्रफल र भुगोलको हिसाबले सबैभन्दा ठुलो गाउँपालिका हो। हामी यहाँको विकास र समृद्धि चाहन्छौ । अहिले हामी जुन अवस्थामा छौ, त्यसमा सिमित नभएर अघि बढ्न चाहन्छौ । यसका लागि हामीले आवधिक योजना निर्माण गर्न आवश्यकता महसुस गरी आर्थिक वर्ष २०७९/०८० देखि २०८३/०८४ सम्मको आवधिक योजना तर्जुमा गर्ने निर्णय गरेका थियौ ।

नाम्खाको योजनाबद्ध विकासका लागि यो पहिलो र ऐतिहासिक अवसर हो । इतिहासको रचनाकार जनता हुन्। त्यसलाई संरचनागत विकास र मार्गदर्शन गर्ने हामी जनप्रतिनिधिको हो। नाम्खाका जनसमुदायले त्यो अवसर हामीलाई दिनु भएको छ। हामीले नाम्खावासी जनसमुदायको आशा र अपेक्षा पुरा गर्न जुन प्रतिवबद्धता गरेका थियौ, त्यसलाई पुरा गर्न हर तरहले लागिपर्ने सकल्प गरेका छौं । यही क्रममा यो ऐतिहासिक दस्तावेज तयार भएको हो ।

नाम्खाको विकास र समृद्धिका लागि **शिक्षित नाम्खा, स्वावलम्बी नाम्खाली** भन्ने दीर्घकालीन सोचका साथ आवधिक योजना तय गरिएको छ। यस महान कार्यमा हामीलाई ईन्लाइन्टन रिसर्च एण्ड म्यानेजमेन्ट कन्सल्टेन्सीको प्राविधिक सहयोग प्राप्त भयो। संयोगले कर्णाली प्रदेशको प्रथम योजना निर्माणमा कर्णाली प्रदेश योजना आयोगका पूर्व सदस्य डा. दीपेन्द्र रोकायाको साथ, सहयोग र नेतृत्वमा नाम्खा गाउँपालिकाको विकासको जग हाल्ने काम भएको छ। यस ऐतिहासिक कार्यमा डा. दीपेन्द्र रोकाया, विज्ञ रामजी लाल श्रेष्ठ लगायतका महानुभावहरु, सम्पूर्ण जनप्रतिनिधि साथीहरु, प्रशासकीय अधिकृत तथा सम्पूर्ण कर्मचारी र सम्पूर्ण नाम्खावासी प्रति आभारसहित धन्यवाद ज्ञापन चाहन्छु।

**प्रेमबहादुर लांमा**
**(अध्यक्ष)**

२०८० असार १५

# मन्तव्य



नेपाल सरकार र प्रदेश सरकारको दिर्घकालिन नीति अनुरुप यस नाम्खा गाउँपालिकाले पन्चबर्षिय आवधिक योजना तयार गरेको छ । यसैको लक्ष्य र उध्येश्यहरुलाई पुरा गर्न हाम्रा सोचहरु प्रगतिशिल, लगनशिल, इमान्दारी र प्रभावकारी रुपमा अघि बढ्नु पर्ने अहिलेको आवश्यकता हो । हाम्रो ठूलो प्रयासले गाउँपालिकाको पन्चबर्षिय आवधिक योजना तयार गरिएकोले अत्यन्तै खुशी लागेको छ । अव आगामी दिनहरुमा हाम्रो योजना र बजेटको अन्तर सम्बन्ध, तादम्यता गर्न र लक्ष्यमा पुग्न यस आवधिक योजनाले हिड्न मार्ग सिकाउने छ । नाम्खा गाउँपालिकालाई समृध्द बनाउन यस आवधिक योजनाले लिइएको लक्ष्य र उध्देश्य अनुसारको नवितम सोचहरुलाई पुरा गर्न विभिन्न वाधा अड्चन तथा चुनौती रहेतापनि यस्ता अप्ठ्यारा पक्षलाई विवेकपूर्ण र चरणबध्द तरिकाले अघि बढ्ने हेतुले सिगो गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु अघि बढिरहने अपेक्षा राखेको छु ।

हाम्रो गाउँपालिकाले यो प्रथम पञ्चवर्षिय आवधिक योजना २०८० तयार गर्दै यसले परिलक्षित गरेका हरेक लक्ष्य र उदेश्य प्राप्ति गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुको साथै वार्षिक बजेटको आवश्यकतालाई प्राथमिकतामा परेका विषयगत कार्यक्रमहरु र तिनको बजेटको शुनिश्चता दिदै समग्र विकासको लक्ष्य प्राप्तिमा महत्वपूर्ण भमिूकामा रहने अपेक्षा सहित **"शिक्षित नाम्खा, स्वावलम्बी नाम्खाली"** को सपना पूरा गर्न यस आवधिक योजनाले करिव पाँच बर्षको मार्ग निर्देशन बन्ने अपेक्षा गरिएको छ । विभिन्न विषयगत शाखा लगायत सम्पूर्ण जनप्रतिनिधिहरुले नाम्खा गाउँपालिकाको आवधिक योजनाको तथ्याङ्कलाई आधार मानी यथार्थ परक बनाउने प्रयास गरिएको छ । यो पन्चबर्षिय आवधिक योजना तयार पार्न अनवरत रुपमा खट्नु हुने गाउँपालिका अध्यक्षज्यू, निमित्त प्रमखु प्रशासकीय अधिकृतज्यू, लगायत कार्यपालिकाका सदस्यज्यूहरु तथा अन्य कर्मचरी साथीहरुलाइ विशेष आभार व्यक्त गर्दछु । यो पन्चबर्षिय आवधिक योजनाले एक नवितम विकासको अधार बन्दै अबको हरेक विकासमा गति लिने छ भन्नेमा म विश्वस्त रहेको छु ।

२०८० असार १५

तक्दीर लामा
उपाध्यक्ष

# दुई शब्द



प्रथम पञ्चबर्षिय आवधिक योजना वार्षिक कार्यक्रम र बजेट बीचमा तादाम्यता गराउने प्रमुख साधन हो । यसले आगामी ५ वर्षमा गाउँपालिकाका योजना तथा बजेटको आवश्यकता पहिचान गर्दै सबै आयोजनाहरुको प्राथमिकिकरण सहित वार्षिक बजेटलाई परिचालन तथा कार्यान्वय गर्न मार्गदर्शन प्रदान गर्दछ । नेपाल सरकार र प्रदेश सरकारको नीति अनुसार गाउँपालिकाले पञ्चबर्षिय आवधिक योजना तयार गरी पूर्ण रुपले लागु गर्नु र गराउनु हाम्रो आवश्यकता तथा कर्तव्य हो । यो आवधिक योजनाले बार्षिक योजना तर्जुमा गर्न ठूलो भूमिका खेल्दछ । हरेक बर्ष लिइएको लक्ष्य र उद्येश्य अनुरुप प्रगति प्राप्त गर्न र मूल्यांकन गर्न अति सजिलो हुने दस्तावेजका रुपमा यसलाई लिएको छु । गाउँपालिकाले हरेक बर्ष योजना तर्जुमा गर्दा यस योजनाको नीति, लक्ष्य र उद्येश्यलाई मध्यनजर राखी योजनाको छनौट गरी गाउँपालिकाको सबै क्षेत्र, वर्ग, लिंग र समुदायहरुको न्यूनतम आवश्यकतालाई सम्बोधन गर्न सक्ने सम्भावना रहन्छ । तसर्थ गाउँपालिकाको **"शिक्षित नाम्खा, स्वावलम्बी नाम्खाली"** नाराको नवितम सोचलाई पूर्णता दिन सवै पक्षको उत्तिकै लगनशिलता, ईमान्दारिता, कर्तव्यनिष्ठता र जिम्मेवारी रहन्छ । सहकार्य, समन्वय र सह–अस्तित्वको सिद्धान्त अनुसार सबै नागरिक, जनप्रतिनिधि र कर्मचारीहरुको उत्तिकै सकृयता र लगनशिलता एव ईमान्दारिता रहनुपर्दछ । गाउँपालिकाको विकास र समृध्दिमा सबै सरोकारवालाहरुको सकृय सहभागीता हुनेछ भन्ने मैले विश्वास लिएको छु । यस पन्चबर्षिय आवधिक योजनालाई सवैले अक्षरश लागु गरी गाउँपालिकाको समग्र विकासमा सकृय भूमिका निभाउन हुने छ भन्ने मैले आशा लिएको छु ।

अन्तमा यस गाउँपालिकाको **“प्रथम पन्चबर्षिय आवधिक योजना २०८०”** तयार गर्न महत्वपूर्ण भूमिका निभाउनु हुने गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर लामा, उपाध्यक्ष श्री तक्दीर लामा, तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहन बहादुर शाही, वडाध्यक्षहरु श्री सम्क्याप लामा, ग्याम्जो लामा, लातार लामा, पाल्जोर लामा, पाल्जोर तामाङ र सुनाम वहादुर लामा लगायत गाउँपालिका सदस्यज्यूहरु र सम्पूर्ण शाखा प्रमुखहरु लगायत सवै कर्मचारी साथीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु । यो दस्तावेज तयार गर्ने परामर्शदाताको रुपमा रहनु हुने डा. दिपेन्द्र रोकायाज्यू जसले तथ्यगत ऐतिहासिक दस्तावेज तयार गरी गाउँपालिकालाई उपलब्ध गराउनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२०८० असार १५

**शैलेश किरण राइ चाम्लिङ**
**प्रमुख प्रशासकीय अधिकृत**

## नाम्खा गाउँपालिकाका कार्यपालिका सदस्यहरू

अध्यक्ष - श्री प्रेमबहादुर लामा

उपाध्यक्ष - श्री तक्दिर लामा

**प्रमुख प्रशासकीय अधिकृत श्री शैलेश किरण राई चाम्लिङ**

१ नं. वडा अध्यक्ष - श्री सुनामबहादुर लामा

२ नं. वडा अध्यक्ष - श्री सुन क्याप लामा

३ नं. वडा अध्यक्ष - श्री ग्याम्जो लामा

४ नं. वडा अध्यक्ष - श्री लातार लामा

५ नं. वडा अध्यक्ष - श्री पाल्जोर लामा

६ नं. वडा अध्यक्ष - श्री पाल्जोर तामाङ

कार्यपालिका महिला सदस्य - पुटी तामाङ

कार्यपालिका महिला सदस्य - लामु लामा

कार्यपालिका महिला सदस्य - कुन्साङ आङमु लामा

कार्यपालिका महिला सदस्य - पाल्जोम लामा

कार्यपालिका समावेशी सदस्य - निमा तुन्डुप नेपाली

संरक्षकः

अध्यक्ष - श्री प्रेमबहादुर लामा

उपाध्यक्ष - श्री तक्दिर लामा

**प्रमुख प्रशासकीय अधिकृत - श्री शैलेश किरण राई चाम्लिङ**

सल्लाहकारः

**इन्जिनियर - धनलाल रोकाया**

**प्रशासकीय अधिकृत** - मोहन बहादुर शाही

पशु विकास अधिकृत - पठाने बुढा

स्वास्थ्य निरीक्षक - ग्याछो लामा

वास अधिकृत - दन्त बहादुर शाही

लेखापाल - अश्विनी कुमार देवकोटा

सहयोगीः

सहायक स्तर पाँच - रेशम फडेरा

प्रा. स. - मनराज बुढा

प्रा. स.- प्रदिप रावत

लेखापाल - रेजिना वली

सव-इन्जिनियर - छेपाक लामा

अ. सव-इन्जिनियर - समिर लामा

रोजगार संयोजक - पेमा छिमेल लामा

महिला सहायक निरीक्षक - रेखा खत्री

उद्यम विकास सहजकर्ता - कुम्मेर रोकाया

अनुसूची १

## नाम्खाका पर्यटकीय गाउँ बस्तीहरु

## अनुसूची २

## स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरि तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८०

## Contents

परिचय ....... 1
१.१ ऐतिहासिक पृष्ठभूमि ....... 1
१.२ भौगोलिक अवस्था ....... 2
१.३ भू-उपयोगको अवस्था ....... 2
१.४ जनसांख्यिक अवस्था ....... 2
१.५ सामाजिक अवस्था ....... 3
१.६ शैक्षिक अवस्था ....... 3
१.७ स्वास्थ्य क्षेत्रको अवस्था ....... 3
१.८ खानेपानी, खाद्य सुरक्षा, पोषण तथा सरसफाइको अवस्था ....... 4
१.९ गरिबीको अवस्था ....... 4
१.१० श्रम तथा रोजगारको अवस्था ....... 4
१.११ जाति, धर्म, भाषा तथा संस्कृतिको अवस्था ....... 4
१.१२ आर्थिक अवस्था ....... 5
१.१२.१ कृषि ....... 5
१.१२.२ उद्योग ....... 6
१.१२.३ सेवा क्षेत्र ....... 6
परिच्छेद : २ ....... 8
सोच तथा विकासको अवधारणा ....... 8
२.१ पृष्ठभूमि ....... 8
२.२ राष्ट्रिय पन्ध्रौं योजनाको सोच, लक्ष्य र रणनीतिहरू ....... 9
२.२.१ राष्ट्रिय सोच ....... 9
२.२.२ राष्ट्रिय दीर्घकालीन लक्ष्य ....... 9
२.२.३ राष्ट्रिय दीर्घकालीन रणनीति ....... 9
"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" ....... 10
२.३.१ प्रदेशको दीर्घकालीन लक्ष्य ....... 10
२.३.२ प्रदेशको दीर्घकालीन उद्देश्य ....... 10
२.३.३ प्रदेशको दीर्घकालीन रणनीति ....... 10
२.४ नाम्खाको दीर्घकालीन सोच, लक्ष्य र रणनीति ....... 11
२.४.१ नाम्खाको सोच ....... 11

२.४.२ नाम्खाको लक्ष्य ... 11

२.४.३ नाम्खाको रणनीति ... 12

२.५ नाम्खा गाउँपालिकाको परिमाणात्मक लक्ष्य ... 12

तालिका नं. ६ ... 13

पालिकाको परिमाणात्मक लक्ष्य ... 13

२.६ नाम्खा विकासका प्रमुख सम्वाहकहरु ... 18

२.७ जनकेन्द्रित विकास ... 18

२.८ जोखिम पक्ष अनुमान ... 19

२.९ योजनाका प्राथमिकताहरु ... 19

परिच्छेद ३ ... 20

भौतिक पूर्वाधार क्षेत्र ... 20

३.१ सडक तथा पुल ... 20

१. पृष्ठभूमि ... 20

२. समस्या तथा चुनौती ... 20

३. संभावना तथा अवसर ... 21

४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु ... 21

४.१ लक्ष्य ... 21

४.२ उद्देश्य ... 21

4.३ रणनीति तथा कार्यनीति ... 22

4.४ सडक तथा पुलका प्रमुख कार्यक्रम तथा आयोजनाहरु ... 24

५. अपेक्षित उपलब्धि ... 25

६. अनुमान तथा जोखिम पक्ष ... 25

३.२ विद्युत तथा वैकल्पिक ऊर्जा ... 26

१. पृष्ठभूमि ... 26

२. समस्या तथा चुनौती ... 26

३. संभावना तथा अवसर ... 26

4. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु ... 27

४.१ लक्ष्य ... 27

४.२ उद्देश्य ... 27

४.३ रणनीति तथा कार्यनीति ... 27

४.४ विद्युत तथा वैकल्पिक ऊर्जाका प्रमुख कार्यक्रम तथा आयोजनाहरु ........ 28
५. अपेक्षित उपलब्धि ........ 28
६. अनुमान तथा जोखिम पक्ष ........ 28
४.३ सूचना तथा सञ्चार प्रविधि ........ 28
१.पृष्ठभूमि ........ 28
२. समस्या तथा चुनौती ........ 29
३. संभावना तथा अवसर ........ 29
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु ........ 29
३.४ गाउँ बस्ती तथा सहरहरुको विकास ........ 33
१. पृष्ठभूमि ........ 33
२. समस्या तथा चुनौती ........ 33
३. संभावना तथा अवसर ........ 33
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना ........ 33
५. अपेक्षित उपलब्धि ........ 35
६. अनुमान तथा जोखिम पक्ष ........ 35
३.५ भौतिक पूर्वाधार क्षेत्रका नतिजा खाका ........ 35
परिच्छेद ४ ........ 38
सामाजिक क्षेत्र ........ 38
४.१ स्वास्थ्य तथा पोषण ........ 38
१. पृष्ठभूमि ........ 38
२. समस्या तथा चुनौती ........ 38
३. संभावना तथा अवसर ........ 38
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु ........ 39
५. अपेक्षित उपलब्धि ........ 41
६. अनुमान तथा जोखिम पक्ष ........ 41
४.२ शिक्षा ........ 41
१. पृष्ठभूमि ........ 41
२. समस्या तथा चुनौती ........ 42
३. संभावना तथा अवसर ........ 42
५. अपेक्षित उपलब्धि ........ 46

६. अनुमान तथा जोखिम पक्ष ........ 46
४.३ खानेपानी तथा सरसफाइ ........ 46
१. पृष्ठभूमि ........ 46
२. समस्या तथा चुनौती ........ 46
३. सम्भावना तथा अवसर ........ 47
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजना ........ 47
५. अपेक्षित उपलब्धि ........ 49
६. अनुमान तथा जोखिम पक्ष ........ 49
१. पृष्ठभूमि ........ 49
२. समस्या तथा चुनौती ........ 49
३. सम्भावना तथा अवसर ........ 50
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना ........ 50
५. अपेक्षित उपलब्धि ........ 52
६. अनुमान तथा जोखिम पक्ष ........ 52
१. पृष्ठभूमि ........ 52
२ समस्या तथा चुनौती ........ 53
३ संभावना तथा अवसर ........ 53
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना ........ 53
४.१ लक्ष्य ........ 53
५. अपेक्षित उपलब्धि ........ 56
६. अनुमान तथा जोखिम पक्ष ........ 56
परिच्छेद ५ ........ 62
आर्थिक क्षेत्र ........ 62
५.१ कृषि तथा पशुपन्छी पालन ........ 62
१. पृष्ठभूमि ........ 62
२. समस्या तथा चुनौती ........ 62
३. सम्भावना तथा अवसर ........ 62
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना ........ 63
५. अपेक्षित उपलब्धि ........ 66
६. अनुमान तथा जोखिम पक्ष ........ 66

५.२ सिँचाइ......67
२. समस्या तथा चुनौती......67
३. सम्भावना तथा अवसर......67
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु......67
५.३ पर्यटन, सँस्कृति तथा सम्पदा......69
५.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा......77
५.६ आर्थिक क्षेत्रका नतिजा खाका......81
परिच्छेद ६......86
वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन क्षेत्र......86
६.१ वन, जडिबुटी तथा जैविक विविधता......86
१. पृष्ठभूमि......86
२. समस्या तथा चुनौती......86
३. संभावना तथा अवसर......86
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु......87
५. अपेक्षित उपलब्धि......88
६. अनुमान तथा जोखिम पक्ष......89
३.५ वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका नतिजाखाकाहरु......100
परिच्छेद ७......104
संस्थागत विकास तथा सुशासन क्षेत्र......104
७.१ संस्थागत विकास तथा सुशासन......104
१. पृष्ठभूमि......104
२. समस्या तथा चुनौती......104
३. संभावना तथा अवसर......105
४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु......105
५. अपेक्षित उपलब्धि......106
६. अनुमान तथा जोखिम पक्ष......106
परिच्छेद ८......108
कार्यान्वयन व्यवस्था......108
८.१ पृष्ठभूमि......108
८.२ संस्थागत व्यवस्था र मानव संशाधन योजना......108

८.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट ........ 109
८.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ 109
८.५ स्रोत परिचालन रणनिति ........ 111
८.६ आवधिक योजना कार्यान्वयन ........ 112
८.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ 112
८.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ........ 112
८.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ 113
८.७.३ अनुगमन तथा मूल्याङ्कन प्रकृया ........ 113
अनुसुची—१ ........ 116
नाम्खाका गाउँ बस्तीहरु ........ 116
अनुसूचि २ ........ 117
स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० ........ 117
अनुसुची —3 ........ 118
नाम्खामा हाल उत्पादन भएका लघु विद्युत आयोजनाहरु ........ 118
अनुसुची —4 ........ 119
नाम्खा गाउँपालिकाको परियोजना बैंकमा रहेका आयोजनाहरुको सूची ........ 119

# परिच्छेद : १

# परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि

सुन्दर पर्यटकीय प्रदेश कर्णालीलाई, केन्द्रीय सत्ता कम्जोर हुँदा, बाह्रौ शताब्दीमा, हिमाली क्षेत्रका तत्कालिन शासक नागराजले शिंजा केन्द्र बनाएर "खस देश" स्थापना गरेका थिए । खस देश हुँदा आजको नाम्खा गाउँपालिका जडान प्रदेश अन्तर्गत रहेको थियो । नाम्खा-खुल्ला आकास, सांचै खुल्ला सुन्दर क्षेत्र थियो। कर्णाली नदी यसै गाउँपालिकाको हिल्साबाट शुरु भई नेपालको वर्दिया हुँदै भारततिर जान्छ। यसै नदी किनारै किनार हुने आवतजावत तथा व्यापारिक रेशम मार्गले अर्थ-वाणिज्य क्षेत्रमा ख्याति प्राप्त गरी त्यसबेला समृद्धि हाँसिल गरेको थियो। खस देशको बचेखुचेको शक्ति जुम्ला राज्य वि.सं. १८४६ मा नेपालमा गाभिएपछि केन्द्रीय सत्ताबाट ओझेलमा पार्ने काम भयो।

नेपालमा माओवादी जनयुद्धको जगमा जनआन्दोलन भयो। जनआन्दोलनको सफलता पश्चात बनेको संविधान सभाले नयाँ संविधान जारी गर्यो। त्यो समयमा पनि कर्णाली प्रदेशलाई अन्याय हुन थालेको महसुस गरी विशेष कर्णाली प्रदेशको माग सहित आन्दोलन भयो । यही आन्दोलनको बलमा हुम्ला, मुगु, जुम्ला, डोल्पा, कालिकोट, दैलेख, जाजरकोट, पश्चिम रुकुम, सल्यान र सुर्खेत गरी दश वटा जिल्लालाई समेटेर कर्णाली प्रदेश निर्माण भयो। राज्य पुनर्संरचना हुँदा कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको सुदुर उत्तर पश्चिम भागमा रहेको हेप्का, खगालगाउँ, मुचु र लिमी गाउँ विकास समितिलाई मिलाएर नाम्खा गाउँपालिका बनाइएको थियो । भोटया भाषामा नाम्खाको अर्थ खुल्ला आकाश भन्ने हुन्छ । पर्यटकीय नाम्खाका बुद्धिजीवीहरुले यसलाई खुल्ला आकाशमुनीको भू क्षेत्र भन्नु उपयुक्त हुने बताउनु भएको छ ।

संविधानले सबै प्रकारका विभेदहरूको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तको धरातलमा टेकेर दिगो शान्ति, विकास तथा समृद्धि एवम् असल शासनको माध्यमद्वारा समाजवादउन्मुख आर्थिक समानता, समृद्धि तथा सामाजिक न्यायमा आधारित समतामूलक समाजको परिकल्पना गरेको छ । सामाजिक न्यायको माध्यमबाट लोक कल्याणकारी राज्यको स्थापना गर्ने, सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा साधन र स्रोतको उपयुक्त परिचालन गरी तीव्र आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको छ ।

दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतशील बनाई समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य राखेको छ । संविधानले निर्दिष्ट गरेको यही बाटोमा अघि बढ्न नेपाल सरकारले पन्ध्रौं पञ्चवर्षीय योजना तर्जुमा गरेको छ भने कर्णाली प्रदेश सरकारले पनि पर्यटन विकासलाई प्रमुख आधार मानि प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयन गर्दै गरेको छ ।

वि.सं. २०१३ सालबाट पर्यटकीय नेपालमा आवधिक योजना मार्फत विकास निर्माणको कार्यान्वयन गर्न थालियो । यस बीचमा १४ वटा आवधिक योजनाहरू कार्यान्यनमा आए तापनि यसबाट कर्णाली प्रदेश र

त्यसमा पनि नाम्खाबासीले विकासको समानुपातिक प्रतिफल प्राप्त गर्न नसकेको र विकास सूचकाङ्कमा अरु प्रदेश तथा पालिकाभन्दा धेरै पछाडि पर्न गएको छ ।

नेपाल सरकारले **"समृद्ध नेपाल, सुखी नेपाली"** दीर्घकालिन राष्ट्रिय सोच निर्धारण गरेअनुरूप आफ्नो नीति तथा कार्यक्रम र विभिन्न दस्तावेजहरूमा नागरिकहरूको समृद्धिको चाहना पूरा गर्ने सङ्कल्प गरी रहेको परिप्रेक्ष्यमा कर्णाली प्रदेश सरकारले **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** को दीर्घकालीन सोच राखेको छ । यही दीर्घकालीन सोचलाई मध्यनजर गर्दै पर्यटकीय नाम्खा गाउँपालिकाले **"शिक्षित नाम्खा र स्वावलम्बी नाम्खाली"** को दीर्घकालीन सोच अगाडि बढाएको छ ।

यसै आधारमा नाम्खा गाउँपालिकाले दिगो, फराकिलो र तीव्र आर्थिक विकासद्वारा यो क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न चाहेको छ । गुणस्तरीय र वातावरणमैत्री भौतिक पूर्वाधार, जलवायुमैत्रि कृषि प्रणाली अवलम्वन गरी खाध्य सुरक्षा, पोषण तथा जीविकोपार्जनमा सुधार, व्यावसायिक शिक्षा, स्वास्थ्यमा सर्वसुलभ पहुँच, भरपर्दो सामाजिक सुरक्षा, उत्पादन र रोजगारीमा वृद्धि, तुलनात्मक लाभका प्राकृतिक स्रोतहरूको सदुपयोग, जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको विकास तथा दिगो वातावरणीय सेवाहरुको सुनिश्चितता, पर्यटन क्षेत्रलाई जलवायुमैत्री बनाउदै महत्वपुर्ण प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदाहरुको संरक्षण र विकास गर्दै पर्या-पर्यटनको बिस्तार र विकास एवम् नाम्खाको खाम भाषा, हिमाली भोट्या संस्कृति र कलाको सम्बर्द्धन गर्ने लगायतका क्षेत्रमा योगदान गर्न यो प्रथम आवधिक योजना तयार गरिएको छ ।

## १.२ भौगोलिक अवस्था

यस पर्यटकीय नाम्खा गाउँपालिकाको कूल क्षेत्रफल २४१९.६४ वर्ग कि.मी. रहेको छ। यहाँ हाल छ वटा वडा रहेका छन्। यो क्षेत्रफलका हिसाबले नेपालको सबैभन्दा ठूलो पालिका हो । नाम्खा गाउँपालिका हुम्ला जिल्ला सदरमुकाम सिमकोट र चीनको स्वसाशित क्षेत्र तिब्बतसँग जोडिएको छ। नाम्खाको पूर्वमा सिमकोट गाउँपालिका, पश्चिम र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा बझाङ र बाजुरा जिल्ला रहेका छन् । नाम्खा गाउँपालिकाको केन्द्र याल्वाङ हो । भौगोलिक रुपमा यो पालिका २९०५३÷१४" देखि ३०२६÷५०" उत्तरी अक्षांस र ८१०१५÷२२" देखि ८१०५५÷३६" पूर्वी देशान्तरसम्म फैलिएको छ । यहाँको हावापानी र जैविक विविधता रहेको छ ।

## १.३ भू-उपयोगको अवस्था

पर्यटकीय नाम्खा गाउँपालिकाको कूल भू—भाग २,४१,३७३.९७ हेक्टर छ । यसमध्ये सबैभन्दा बढी करिब १,५९,३३८ हेक्टर अर्थात् ६६.०१५ प्रतिशत खाली तथा बाँझो जमीनले ओगटेको छ । त्यसैगरी १५.८२५ प्रतिशत भू—भाग घाँसे मैदान रहेको देखिन्छ । खेतीयोग्य जमिनको हिस्सा भने एकदमै न्यून अर्थात् ०.८०% मात्र रहेको देखिन्छ । वन, जंगल तथा झाडी क्षेत्र, वालुवा क्षेत्र, ताल तलैया र चट्टान लगायत रहेको क्षेत्र चाँहि १८.१६ प्रतिशत रहेको देखिन्छ । यहाँ धेरै मात्रामा हिमाली र पहाडी खोचहरु रहेका छन ।

## १.४ जनसांख्यिक अवस्था

वि.स. २०६८ को जनगणना अनुसार यस गाउँपालिकामा करिब ३,९०० जनसङ्ख्या रहेको थियो भने हाल २०७८ को जनगणना अनुसार ३५८९ जनसङ्ख्या मात्र रहेको छ। जसअनुसार १७५० पुरुष र

१८३९ जना महिला छन् । यस पालिकामा कूल ८४९ घर परिवार रहेका छन् । परिवारको औसत आकार ४.२३ प्रतिशत रहेको छ । वार्षिक वृद्धि —०.८० प्रतिशत रहेको छ । जनघनत्व प्रति वर्ग कि.मी. १ रहेको छ ।

तर २०७९ असारमा पालिकाको आफ्नै घरधुरी सर्वेक्षण अनुसार कुल जनसंख्या ४,५०६ रहेको पाइएको छ । जसमा महिला २२०२ र पुरुष २३०४ जना रहेका छन् । यस पालिकामा जम्मा घरधुरी ७९० रहेको पाइएको छ । यो तथ्याङ्क बसाइ सराइ र गणकहरुका कारण फरक परेको देखिन्छ । यस पालिकामा ६० वर्ष माथिको संख्या २४४ जना रहेका छन् । बालबालिका १३०० जना रहेका छन् भने युवा जनसंख्या २९६२ रहेको पाइन्छ ।

## १.५ सामाजिक अवस्था

तथ्याङ्क उपलब्ध नभएकाले नाम्खा गाउँपालिकाको साक्षरता दर, अपेक्षित आयु र आय तथा गरिवी कर्णाली प्रदेशकै सापेक्षमा रहेको अनुमान गरिएको छ । साक्षरतामा प्रदेश दर ८२ प्रतिशत र राष्ट्रिय दर ८५ प्रतिशत), अपेक्षित आयुमा प्रदेश अपेक्षित आयु ६७ वर्ष र राष्ट्रिय अपेक्षित आयु ६९.७ वर्ष छ । मानव विकास सूचकाङ्कमा प्रदेश सूचकांक ०.४२७ र राष्ट्रिय सूचकाङ्क ०.५७४ छ । आर्थिक रूपले अति पछाडि परेका जनसङ्ख्याको प्रतिशत प्रदेशमा ४४.२ प्रतिशत र राष्ट्रिय २८.८ प्रतिशत छ । निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको दर प्रदेश दर २८.९ प्रतिशत र राष्ट्रिय दर १८.७ प्रतिशत छ । बहुआयामिक गरिबीको दर प्रदेश दर ५१.२ प्रतिशत र राष्ट्रिय दर २८.६ प्रतिशत छ ।

## १.६ शैक्षिक अवस्था

पर्यटकीय नाम्खा पालिकामा आधारभूत् विद्यालय १६ वटा र माध्यमिक विद्यालय एक वटा मात्र छ । विद्यालयको शैक्षिक प्रगतिको सूचकहरूका आधारमा आधारभूत तहमा खुद भर्ना दर ९८ प्रतिशत छ भने सिकाइ उपलब्धि ५६ प्रतिशत रहेको छ । यो तहमा शिक्षक-विद्यार्थी अनुपात १:२७ छ ।

माध्यमिक तहमा खुद भर्ना दर ६० प्रतिशत छ ।त्यसैगरी ६ प्रतिशतले कक्षा दोहोर्‍याउने र २७ प्रतिशतले कक्षा छाड्ने गरेको पाइन्छ । सिकाइ उपलब्धि ६७ प्रतिशत छ । यहाँ पूर्ण साक्षर पालिका घोषणा गर्न बाँकी छ।

## १.७ स्वास्थ्य क्षेत्रको अवस्था

यस पालिकामा सार्वजनिक स्वास्थ्य संस्थाहरू चार वटा छन् । साथै, ३० मिनेटभन्दा कम समयमा स्वास्थ्य संस्थामा पुग्ने परिवारको दर नेपालको राष्ट्रिय दर ४९ प्रतिशतको दाँजोमा २१ प्रतिशत मात्र छ । कर्णाली प्रदेशको कूल प्रजनन् दर २.८ प्रतिशत रहँदा नेपालको २.३ प्रतिशत रहेको छ भने नाम्खा गाउँपालिकाको कूल प्रजनन् दर न्यून रहेको छ। कर्णाली प्रदेशको पाँच वर्ष मुनिको बाल मृत्युदर ५८ प्रतिशत रहँदा नेपालको ३९ प्रतिशत रहेको छ ।

कर्णाली प्रदेशको शिशु मृत्यु दर ४७ हुँदा राष्ट्रिय दर ३२ छ । कर्णाली प्रदेशको नवजात शिशु मृत्यु दर २९ प्रतिशत हुँदा राष्ट्रिय दर २१ प्रतिशत रहेको छ। कर्णालीमा अहिले पनि किशोरावस्थामा गर्भधारण हुने दर १९ प्रतिशत हुनुले बालविवाह अझै पनि विद्यमान रहेको छ भन्ने कुराको सङ्केत गर्दछ । यसमा

नाम्खा गाउँपालिका अछुतो छैन। कर्णाली प्रदेशमा दक्ष स्वास्थ्यकर्मीको सहयोगमा प्रसुति हुने दर ५९ प्रतिशत रहँदा राष्ट्रिय दर ५८ प्रतिशत छ ।

## १.८ खानेपानी, खाद्य सुरक्षा, पोषण तथा सरसफाइको अवस्था

नाम्खा गाउँपालिकामा १०३ खानेपानीको मुल रहेका छन्। नदी तथा खोला १९ वटा छन् । पाइपबाट ५४५ वटा निर्मित खानेपानी ३१ वटा बनेका छन् । यसबाट ८७ प्रतिशत घरधुरी लाभान्वित भएका छन् ।जबकि कर्णाली प्रदेशमा आधारभूत खानेपानीको सुविधा पुगेको परिवारको प्रतिशत ८६.२ छ भने राष्ट्रिय दर ८८ प्रतिशत रहेको छ ।

यहाँ आफ्नै उत्पादनबाट खाद्यान्न आपुर्तिको अवस्थालाई विश्लेषण गर्दा यस गाउँपालिकाका ५५९—६८५ घरधुरीलाई आफ्नै उत्पादनवाट ६ महिना भन्दा कम समय पुग्छ । त्यसैगरी १७५—२१५ घरधुरीहरुलाई ६ देखि ९ महिनासम्म पुग्छ । ४५—५५ घरधुरीलाई मात्र ९ देखि १२ महिनासम्म खान पुग्ने अवस्था छ भने बाँकी ६५ घरधुरीलाई आफ्नो उत्पादनले बर्षभरी पुगेर बचत समेत हुने गरेको देखिन्छ ।

यसैगरी सरसफाइको अवस्था हेर्दा कुल ८४४ घरधुरीमा ८०७ घरमा चर्पी छन्। त्यसमा ८०० घरले चर्पी प्रयोग गर्दछन्। यसैगरी १५३ घरधुरीमा जुठेल्नो बनाइएको देखिन्छ। ८२७ घरमा सुधारिएको चुल्हो जडान भएको छ ।

## १.९ गरिबीको अवस्था

कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ५१.२ प्रतिशत रहेको छ, जुन राष्ट्रिय दर २८.६ प्रतिशतको तुलनामा निकै उच्च हो । आर्थिक रूपले अति पछाडि परेका जनसङ्ख्याको प्रतिशतको हकमा पनि राष्ट्रिय २८.८ प्रतिशतको दाँजोमा कर्णाली प्रदेशको ४४.२ प्रतिशत निकै उच्च रहेको छ । निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या यो प्रदेशमा २८.९ प्रतिशत छ, जव कि राष्ट्रिय दर १८.७ प्रतिशत रहेको छ ।

## १.१० श्रम तथा रोजगारको अवस्था

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयले गरेको आप्रवासनसँग सम्बन्धित अध्ययन प्रतिवेदन अनुसार ई.सं. २००४-०५ देखि २०१६-०१७ सम्मको अवधिमा औपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्या ३५ लाखभन्दा बढी रहेकोमा कर्णाली प्रदेशबाट ५३ हजार ५ सय ५१ जना वैदेशिक रोजगारीमा गएको देखिन्छ। नाम्खा गाउँपालिकाबाट वैदेशिक रोजगारीका लागि हालसम्म करिव ६० जना गएका छन् भने कानुनी प्रक्रिया नअपनाई मौसमी कामका लागि करिव एक हजार जना छिमेकी देशहरूमा जाने गरेको पाइन्छ।

## १.११ जाति, धर्म, भाषा तथा संस्कृतिको अवस्था

पर्यटकीय नाम्खा गाउँपालिकामा २४ वटा गाउँ र ७९० घरधुरी रहेका छन् । यी सबै भोट्या लामा समुदाय हुन्। यिनीहरू सबैले बौद्ध धर्म मान्दछन्। यस गाउँपालिकाको प्रत्येक टोलहरूमा लामा समुदायको

आस्थाको केन्द्रका रुपमा बौद्ध गुम्बाहरू रहेका छन्। तोङरी ल्होसार, छ्योप र मानी मुख्य चाँड हो। उनीहरु भोटया लामा खाम भाषा बोल्दछन्। यहाँ जाडो हुने भएकाले छ्याङ खान्छन्।

बौद्ध लामा गुरुप्रति अगाध बिश्वास राख्ने गर्दछन्। लामा समुदायका पुरुषहरुले बख्खु र पाखाको सुरुवाल, दोचा तथा पटुका लगाउने र परम्परामा थियो भने अहिले आधुनिक किसिमका लुगाकपडा लगाउने गर्दछन् । महिलाहरुले आधुनिक तथा परम्परागत चलन चल्तीका गरगहनाहरु लगाउने गर्दछन्। महिलाहरुले कानमा आलङ, घालाङ, घाँटीमा मुगा र हातमा औठी लगाउने गर्दछन्। नाम्खालाई बौद्ध धर्म संग्रालयको रुपमा लिन सकिन्छ। पुरातात्विक महत्वका हल्जी गुम्बा, तुम्कोट गुम्बा, ह्यांसी गुम्बा, मुचु गुम्बा, केर्मी गुम्बा र याल्वाङ गुम्बाले यही बोध गराउँदछ। अहिले याल्वाङ गुम्बाले यी सबै गुम्बाको सारमा बौद्ध धर्मको महत्व बढाउनुका साथै एउटा प्रमुख गन्तव्य बनाउन सफल भएको देखिन्छ ।

## १.१२ आर्थिक अवस्था

पर्यटकीय नाम्खा कृषि, उद्योग र सेवा आर्थिक विकासका प्रमुख पक्ष हुन्। नाम्खा गाउंपालिका तीनवटै क्षेत्रमा पछि देखापरे तापनि पर्यटकीय विकासका दृष्टिकोणबाट ठूलो सम्भावना रहेको छ।

### १.१२.१ कृषि

पर्यटकीय नाम्खा गाउँपालिकामा जौ, उवा, फापर, कोद्या, नाफल, चिनु, कागुनी, घोगा, आलु, कला, सिमी, मार्स्या, तोरीजस्ता खाद्य बाली उत्पादन हुने गर्दछ। स्याउ, ओखर, चुली, खमु जस्ता फलफूल उत्पादन हुन्छ ।यहाँका सबै घरधुरी कृषि पेशामा संलग्न छन्। औसत कम बर्षा र सुख्खा मौसमका कारणवाट कृषि उत्पादन न्यून हुने गर्दछ। गाउँपालिकाको मुख्य जीविकोपार्जनका स्रोतहरु काठ, खुद्रा पसल, बाख्रापालन, चौरीपालन, गुचीच्याउ, यार्सागुम्बाजस्ता जडिबुटी संकलन, घुमन्ते व्यापार, वैदेशिक रोजगार आदि रहेका छन् । लिमीमा ६ महिना र अन्त करिब ४ महिना हिउँ पर्ने हुँदा सो समयमा केही पनि काम हुँदैन ।

कूल भू—भाग मध्ये खेतीयोग्य जमिन करिव १९२२.३५ हेक्टर मात्र रहेको छ । विभिन्न निकायको सहयोगमा परम्परागत तथा आधुनिक सिँचाइ कुलोका जम्मा १० वटा योजनाहरु निर्माण भएका छन् । जसमध्ये २ वटा सन्तोषजनक अवस्थामा र ८ वटा बन्द अवस्थामा रहेका छन् । उक्त योजनाहरुवाट ५४५ घरधुरीका ८६३ रोपनी खेतहरु सिँचित भएको देखिन्छ ।

यस पालिकामा वस्तु र सेवा विकास तथा विस्तारसँग सम्बन्धित जीविकोपार्जनका क्रियाकलापहरुमा १ वटा एग्रोभेट स्थापना, ६ वटा स्थानीय कृषि स्रोत केन्द्र, ६ वटा सामुदायिक पशु स्वास्थ्य कार्यकर्ता, १३ वटा कृषि सहकारी संस्था गरी जम्मा २५ वटा क्रियाकलापहरु विकास तथा विस्तार गरी समुदायको जीविकोपार्जन प्रर्वद्धनका लागि परेका छन्। उक्त लक्ष्य पूरा गर्नको लागि पालिकाको आफ्नो लगानीको साथै विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रको सहयोग उपयोग गरिएको छ।

जीविकोपार्जनका लागि कृषिमा आधारित उत्पादनसँग सम्बन्धित जीविकोपार्जनका क्रियाकलापहरुमा ४०० घरधुरीमा व्यवसायिक तरकारी खेती, ५७ घरधुरीमा व्यवसायिक फलफूल खेती, ३३ घरधुरीले गैरकाष्ट वन पैदावारहरुको व्यवसायिक रुपमा उत्पादन गरी समुदायको जीविकोपार्जन प्रवर्द्धन गर्ने योजना बनेको

देखिन्छ । उक्त क्षेत्रमा संलग्न हुँदा स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीको अवसर प्राप्त हुने देखिन्छ ।

यस पालिकामा उत्पादित वस्तुहरुको व्यवस्थित बजार विकास तथा प्रवर्द्धनका लागि छनौट भएका क्रियाकलापहरुमा १ वटा कृषि सहकारी स्थापना, १ वटा स्टोरेज घर, २ वटा संकलन केन्द्र निर्माण, १ वटा स्थानमा हाट बजार गरी जम्मा ५ वटा सञ्चालनमा रहेका र यसको विकास तथा विस्तार गरी समुदायले उत्पादन गरेका बस्तुहरुको सहज बिक्री वितरणको अवस्था सिर्जना गर्ने योजना कार्यान्वयनमा रहेको छ ।

यस पालिकाका ५९८ घरधुरीले पशुपालन गर्दछन् । उच्च हिमाली भू—भागमा रहेकाले चौंरी, भेडा तथा च्याङ्ग्रा एवम् तोल्वीनी, बाख्रा तथा कुखुरा पालन हुन्छ। यस गाउँपालिकामा जम्मा १२ वटा सामुदायिक संस्थाहरु रहेका छन्। जसमध्ये ८ वटा महिला सामुदायिक संस्थाहरु रहेका छन् भने बाँकी ४ वटा मिश्रित सामुदायिक संस्था रहेको देखिन्छ। उक्त १२ वटा सामुदायिक संस्थाहरु मध्ये १० वटा सक्रिय रहेका छन् भने बाँकी २ वटा निस्कृय रहेको देखिन्छ।

### १.१२.२ उद्योग

पर्यटकीय गाउँपालिका नाम्खामा स्थानीय स्रोत तथा निर्माण सामग्रीहरुको प्रयाप्तता रहेको छ। ढुङ्गा, बालुवा, काठ र गिट्टी जस्ता स्थानीय निर्माण सामाग्रीहरु उपलब्ध छन्। यहाँ पशुपालन, जडिबुटीजन्य, पानीजन्य उद्योगको सम्भावना रहेको छ । यस पालिकामा हालसम्म काठ फर्निचर ६, खामु चुली तेल प्रशोधन १, मौरीपालन ४, डालेचुक प्रशोधन १ गरी जम्मा १२ वटा साना लगानीका लघु उद्योगहरू सञ्चालनमा आएका छन् ।

औद्योगिक रुपलाई सहज बनाउन यस पालिकामा बैक १, सहकारी १, संकलन केन्द्र २, स्टोरेज घर १, हाटबजार १, रहेका छन् । यस्तै ३३ घट्टमा १२ वटा आधुनिक घट्ट छन् । यसबाट ६०६ घरपरिवार लाभान्वित भएका छन् । १२ वटा गाउँमा लघु जलविद्युत र केही गाउँमा वैकल्पिक नविकरणीय ऊर्जाबाट विद्युतीकरण भएको छ ।

### १.१२.३ सेवा क्षेत्र

पर्यटन, कृषि, उद्योग क्षेत्र जस्तै सेवा क्षेत्रको पनि यस पालिकामा यथेष्ठ विकास हुन सकेको छैन । तथापि सेवा क्षेत्र कर्णाली प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान गर्ने क्षेत्र हो । प्रदेशको सेवा क्षेत्रका प्रमुख आधारहरू पर्यटन तथा बैंकिङ्ग वित्तीय क्षेत्र हुन् तर यी दुवै क्षेत्रको भूमिका भने अझै पनि सशक्त हुन सकेको छैन । भौगोलिक तथा जैविक विविधताले भरपुर, प्राग ऐतिहासिक इतिहास र संस्कृति रहेको कर्णाली प्रदेशको नाम्खा गाउँपालिकामा पर्या—पर्यटनको ठूलो सम्भावना रहेको छ ।

पर्यटन विकासका लागि लिमी उपत्यका, याल्वाङ गुम्वा, हल्जी गुम्बा, तुम्कोट गुम्बा, नारा लेक, हिल्सा नाका तथा नौमुलीको धार्मिक महत्वले प्रचुर सम्भावना उजागर गरेको छ । यस्तै रानीसैन, छौस उपत्यका, न्यालु लाग्ना, छिर्कु उपत्यका, जोउराव उपत्यका, सेजी लाग्ना, लेक धिगा, न्याल्थाम उपत्यका, छोईला दह थप पर्यटकीय गन्तव्यका रुपमा रहेका छन् ।

हालसम्म घरेलु पर्यटन, धार्मिक पर्यटन र उच्च हिमाली भागमा अन्तर्राष्ट्रिय क्षेत्रबाट पदयात्रा सिमित पदयात्रा हुने गरेको छ। करिव १०० वटा होटल पालिकाभित्र सञ्चालनमा रहेका छन् । ताक्लाकोटमा करिव ३५ र सिमकोटमा २० वटा होटल नाम्खावासीले सञ्चालन गरेको पाइन्छ । यस्तै नाम्खावासीले ताक्लाकोटमा करिव ५० र सिमकोटमा १६ वटा पसल गरिबसेका छन् ।

समग्रमा नाम्खाको पालिका केन्द्र याल्वाङ पुग्न १ नं. वडालाई १८ कोषको पैदल बाटो ७ घण्टा हिड्नु पर्दछ । यस्तै २ र ३ नं. वडाले १२ कोषको पैदल बाटो ३ देखि ४ घण्टा, ५ नं. वडाले ११ कोषको बाटो ५ घण्टामा र ६ नं. वडाले २५ कोषको बाटो दुई दिन पैदल यात्रा गर्नु परेको छ । यसैले यहाँको सामाजिक तथा आर्थिक परिसूचकहरू सन्तोषप्रद छैनन् । योजनावद्ध विकासका माध्यमबाट नाम्खा गाउँपालिकाको प्रचुर सम्भावनाहरूको उपयोग गर्दै छोटो समयमै समृद्धि हासिल गर्नुपर्ने चुनौती गाउँपालिका सामु रहेको छ ।

# परिच्छेद : २
# सोच तथा विकासको अवधारणा

## २.१ पृष्ठभूमि

मानवीय सोच सुन्दर हुनु पर्दछ | सुन्दर सोच अनुरुप सुन्दर व्यवहार गर्नु पर्दछ | सुन्दर व्यवहार अनुरुप सुन्दर क्रियाकलाप गर्नु पर्दछ | यिनै सुन्दर क्रियाकलाप नै पर्यटकीय क्रियाकलाप हुन् | राम्रा सोचले नै राम्रा क्रियाकलाप सिर्जना हुन्छन | देश सङ्घीयतामा प्रवेश गरे सँगै आम नागरिकलाई नजिकबाट सेवा प्रवाह गर्न सकिने गरी राज्य शक्तिको अधिकार प्रदेश र स्थानीय तहमा दिइएको छ। यस अघि सबै समस्या समाधानका लागि केन्द्रीय योजनाहरूमा निर्भर हुनुपर्ने अवस्थाको अन्त भएको छ । स्थानीय तहका विशिष्ट सम्भावना एवम् आवश्यकतानुसार नीति, कार्यक्रम र आयोजनाहरू तर्जुमा र कार्यान्वयन गर्न सकिने अवसरहरु प्राप्त भएका छन्।

यसबाट स्थानीय स्तरका आवश्यकताहरूको प्रभावकारी ढङ्गले सम्बोधन हुन सक्ने, स्थानीय स्रोत साधनहरूको परिचालन तथा उपयोग हुन सक्ने, आयोजनाहरूको बढी दक्षतापूर्वक कार्यान्वयन हुन सक्ने, स्थानीय स्तरमा नवप्रवर्तनका अवसरहरू सिर्जना हुने र व्यापक जनसहभागिता परिचालन गरी तीव्र गतिमा विकास र समृद्धि हाँसिल गर्न सकिने अवस्था सिर्जना भएको छ।

उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै योजनाबद्ध विकासद्वारा शिक्षित र स्वावलम्वी नाम्खा बनाउने दायित्व पनि नाम्खाबासीको काँधमा आएको छ। दृढ ईच्छा शक्ति सहितको नेतृत्व, जनउत्तरदायी प्रशासन र सकारात्मक सोच राख्ने नागरिकहरूबाट नाम्खा गाउँपालिकाले आफ्ना प्रचुर प्राकृतिक सम्पदा र आधुनिक प्रविधि उपयोग गरेर विकास र समृद्धिको ढोका खोल्ने लक्ष्य राखेको छ । आन्तरिक र बाह्य स्रोत साधन तथा अर्थतन्त्रका प्रमुख र सहयोगी क्षेत्रको परिचालनबाट रुपान्तरणकारी कार्यक्रममा लगानी केन्द्रित गर्दै दीर्घकालीन सोचले लिएका लक्ष्य र उद्देश्यहरू हासिल गरिने छन् ।

नेपालको संविधान, राष्ट्रिय र प्रदेशको दीर्घकालीन लक्ष्य, दिगो विकास लक्ष्य, पन्ध्रौं योजना र प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले राखेको लक्ष्य र अन्तर प्रदेश आवधिक योजनाका तीव्र आर्थिक विकासका लक्ष्यहरू समेतलाई मध्यनजर गर्दै परिच्छेद १ मा चित्रण गरिएको नाम्खाको विद्यमान मानचित्रलाई समृद्धिको मानचित्रमा रुपान्तरण गर्ने सोच तथा दीर्घकालीन परिमाणात्मक लक्ष्य र मार्गचित्र सहित नाम्खाको दीर्घकालीन सोच अगाडि सारिएको छ। पर्यटकीय आधारमा नै नेपालको, कर्णालीको, र नाम्खाको आमुल परिवर्तन गर्न सकिन्छ।

समग्रमा, सामाजिक न्यायमा आधारित र समाजवादउन्मुख समतामूलक समाज निर्माण गर्नेतर्फ दीर्घकालीन सोच लक्षित रहेको छ । पालिकाको दीर्घकालीन सोच तयार गर्दा संघ र प्रदेशको दीर्घकालीन सोच तथा राष्ट्रिय पन्ध्रौं योजना र प्रदेशको प्रथम योजनाको सोच, लक्ष्य र रणनीतिहरूसँग तादाम्यता सुनिश्चित गर्ने प्रयास गरिएको छ। दीर्घकालीन सोच निर्धारण गर्दा पर्यटनलाई केन्द्रविन्दुमा राखेर गर्नु पर्दछ | विना पर्यटन देशको विकास सम्भव छैन।

## २.२ राष्ट्रिय पन्ध्रौं योजनाको सोच, लक्ष्य र रणनीतिहरू

राष्ट्रिय योजना आयोगले तयार पारेको पन्ध्रौं योजनाले अगाडि सारेको राष्ट्रिय सोच, लक्ष्य र रणनीतिहरू देहाय अनुसार रहेका छन् ।

### २.२.१ राष्ट्रिय सोच

**"समृद्ध नेपाल, सुखी नेपाली"**

नेपाल एक समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिकहरू बसोबास गर्ने मुलुक हुनेछ ।

### २.२.२ राष्ट्रिय दीर्घकालीन लक्ष्य

**तालिका नं. १**

**समृद्धि र सुखको सूचक**

| समृद्धि | सुख |
|---|---|
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता | २.१ परिष्कृत तथा मर्यादित जीवन |
| | २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २.३ स्वस्थ्य र सन्तुलित पर्यावरण |
| १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २.४ सुशासन |
| १.४ उच्च र समतामूलक राष्ट्रिय आय | २.५ सबल लोकतन्त्र |
| | २.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

### २.२.३ राष्ट्रिय दीर्घकालीन रणनीति

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
- सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
- गरिबी निवारण र आर्थिक, सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
- प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने,
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

## २.३ कर्णाली प्रदेशको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"

उच्च आर्थिक वृद्धि, आधारभूत भौतिक सुविधा, सबैलाई सम्मानजनक रोजगारी सहित सुरक्षित र स्वच्छ वातावरणमा बसोवास गर्ने सुखी नागरिकहरूको प्रदेश ।

### २.३.१ प्रदेशको दीर्घकालीन लक्ष्य

सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित र दिगो विकास गर्दै तीव्र आर्थिक वृद्धि दर हासिल गरी समृद्ध कर्णाली र सुखारी कर्णालीबासीको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्ने दीर्घकालीन लक्ष्य रहेको छ । यसका लागि समृद्धि र सुखारीका देहाय बमोजिम लक्ष्यहरू निर्धारण गरिएको छ ।

**तालिका नं. २**

**प्रदेशको दीर्घकालीन लक्ष्य**

| समृद्धि | सुखारी |
|---|---|
| १. सम्भाव्य आर्थिक क्षेत्रको पहिचान र परिचालन | १. आधारभूत आवश्कता परिपूर्तिका लागि न्यायपूर्ण वितरण |
| २. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता | २. परिष्कृत तथा मर्यादित जीवन |
| ३. मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | ३. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ४. हरित अर्थतन्त्रमा आधारित उच्च र दिगो उत्पादन तथा उत्पादकत्त्व | ४. स्वस्थ र सन्तुलित पर्यावरण |
| ५. उच्च र समतामूलक प्रदेश आय | ५. सुशासन |
| | ६. सबल लोकतन्त्र |
| | ७. प्रदेश एकता, राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

### २.३.२ प्रदेशको दीर्घकालीन उद्देश्य

आधारभूत पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारमा पर्यटकीय विशेष उपलब्धि हासिल गर्दै तीव्र आर्थिक-सामाजिक विकास गर्ने ।

### २.३.३ प्रदेशको दीर्घकालीन रणनीति

नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा कर्नाली प्रदेशका आफ्नै मौलिक विशेषतासहित "**समृद्ध कर्णाली, सुखारी कर्णालीबासी**" बनाउने सोचलाई सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र र विकास साझेदारसँग लगानी र सहकार्यको मात्रा बढाएर पूरा गर्ने रणनीति अपनाइएको छ। यो दीर्घकालीन सोचलाई देहायबमोजिम तीन चरणमा पाँच वटा पञ्चवर्षीय योजना मार्फत् २५ वर्षमा पूरा गरिनेछ ।

**तालिका नं. ३**

**प्रदेशको दीर्घकालीन रणनीति**

| चरण | योजना | अवधि | प्रदेश गन्तव्य | राष्ट्रिय नारा |
|---|---|---|---|---|
| पहिलो | प्रथम पञ्चवर्षीय (२०७६/०७७-२०८०/०८१) | ५ वर्ष | शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार त्यसका लागि पूर्वाधार | समृद्धि र सुखको सिर्जना |
| दोस्रो | दोस्रो पञ्चवर्षीय (२०८१/०८२-२०८५/०८६) तेस्रो पञ्चवर्षीय (२०८६/०८७-२०९०/०९१) | १० वर्ष | विकासमा तीव्रता, समृद्धिमा अग्रता | समृद्धि र सुखको तीव्रता |
| तेस्रो | चौथो पञ्चवर्षीय (२०९१/०९२-२०९५/०९६) पाँचौ पञ्चवर्षीय (२०९६/०९७-२१००/००१) | १० वर्ष | समृद्ध कर्णाली, सुखारी कर्णालीबासी | समृद्धि र दिगोपना |

यसका लागि निम्नानुसारको रणनीति अपनाइने छः

१. दिगो विकासका लक्ष्यहरू हाँसिल गर्ने,
२. दिगो र भरपर्दो भौतिक पूर्वाधार विकास गर्ने,
३. गुणस्तरीय र सर्वसुलभ शिक्षा र स्वास्थ्य सेवा सुनिश्चित गर्ने,
४. हरित अर्थतन्त्रमा आधारित उत्पादन र उत्पादकत्व वृद्धि गर्न औद्योगिकीकरण गर्ने,
५. प्राकृतिक स्रोत, सम्पदाको पहिचान, संरक्षण र परिचालन गर्ने र
६. सार्वजनिक सेवाको सुदृढीकरण गर्ने ।

## २.४ नाम्खाको दीर्घकालीन सोच, लक्ष्य र रणनीति

यो पालिकाको दीर्घकालीन सोच, लक्ष्य र रणनीतिहरु देहाय बमोजिम निर्धारण गरिएका छन् ।

### २.४.१ नाम्खाको सोच

**"शिक्षित नाम्खा र स्वावलम्बी नाम्खाली"**

### २.४.२ नाम्खाको लक्ष्य

शिक्षामा लगानी, पर्या—पर्यटन र कृषि तथा पशुपालनमा सन्तुलित र दिगो विकास गर्दै तीव्र आर्थिक वृद्धि हासिल गरी नाम्खा गाउँपालिकाको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्ने लक्ष्य रहेको छ ।

**तालिका नं. ४**

**नाम्खाको दीर्घकालीन लक्ष्य**

| समृद्धि | सुखारी |
| --- | --- |
| १. सम्भाव्य आर्थिक क्षेत्रको पहिचान र परिचालन | १. आधारभूत आवश्कताको परिपूर्ति |
| २. आधुनिक पूर्वाधारमा आवद्धता | २. परिष्कृत तथा मर्यादित जीवन |
| ३. मानव पुँजीको निर्माण र उपयोग | ३. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ४. हरित अर्थतन्त्रको विकास | ४. स्वस्थ र सन्तुलित पर्यावरण |
| ५. समतामूलक गाउँको आय | ५. सुशासन |

### २.४.३ नाम्खाको रणनीति

**"शिक्षित नाम्खा र स्वाबलम्वी नाम्खाली"** बनाउने सोचलाई सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र र विकास साझारसँग लगानी र सहकार्यको मात्रा बढाएर पुरा गर्ने रणनीति अनाइएको छ।

**तालिका नं. ५**

**नाम्खाको दीर्घकालीन रणनीति**

| समयावधि | अवधि | संघ | प्रदेश | स्थानीय |
| --- | --- | --- | --- | --- |
| २०७९/०८०–२०८३/०८४ | ५ वर्ष | समृद्धि र सुखको सिर्जना | शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार त्यसका लागि पूर्वाधार | जलवायुमैत्री तथा उत्थानिशल पूर्वाधार निर्माण |
| २०८४/०८५–२०९५/०९६ | १० वर्ष | समृद्धि र सुखको तीव्रता | विकासमा तीव्रता, समृद्धिमा अग्रता | समृद्धिको आधार |
| २०९६/०९७–२१०५/००६ | १० वर्ष | समृद्धि र दिगोपना | समृद्ध कर्नाली, सुखारी कर्नालीबासी | शिक्षित र स्वावलम्वी |

## २.५ नाम्खा गाउँपालिकाको परिमाणात्मक लक्ष्य

यो पालिकाको प्रमुख परिमाणात्मक लक्ष्य एवम् सुचकहरू यस प्रकार तय गरिएका छन्:

## तालिका नं. ६

## पालिकाको परिमाणात्मक लक्ष्य

| क्र सं | सूचक / लक्ष्य | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०७५/०७६ | कर्णाली २०७५/०७६ | नाम्खा २०७८/०७९ | नेपाल २०८०/०८१ | कर्णाली २०८०/०८१ | नाम्खा २०८३/०८४ |
| क) | समष्टिगत गन्तव्य तथा सुचक | | | | | | | |
| १. | मानव विकास सुचकाङ्क | इण्डेक्स | ०.५७९ | ०.४२७ | ०.५३८ | ०.६२४ | ०.५८८ | ०.५९० |
| २. | औषत आयु | वर्ष | ६९.७ | ६७ | ६७ | ७६ | ७० | ७२ |
| ३. | गार्हस्थ्य प्रति व्यक्ति आम्दानी | युएस डलर | १०४७ | ६०६ | ९६४ | १५९५ | ११४७ | ११४७ |
| ४. | साक्षरता दर ( १५ वर्ष भन्दा माथि ) | प्रतिशत | ५८ | ६६ | ६३ | ९५ | ९० | ९८ |
| ५. | बेरोजगारी दर | प्रतिशत | ९.७ | ९.७ | ७.५ | ६ | ६ | ५ |
| ६. | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १८.७ | २८.९ | २८.९ | ९,५ | १८ | १५ |
| ७. | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ५१.२ | ३९.५ | ११.५ | २५ | २० |
| ८. | आर्थिक रुपले सक्रिय जनसंख्या | प्रतिशत | ६३ | ६४ | ६५.७३ | ६६ | ६७ | ६८ |
| ९. | विपदबाट हुने आर्थिक क्षति रकम | रु लाख | - | - | २० | १६ | १२ | १० |
| ख) | विषय क्षेत्रगत गन्तव्य तथा सुचक | | | | | | | |
| १. | खाद्यान्न बाली उत्पादन | हेक्टरमा | १०६८.५५ | ५४.७५ | ३.६७ | ४५०० | ६२० | ५.८६ |
| २. | काठको उत्पादन (लाखमा ) | घ मि | - | - | ६५० | ७०० | ७५० | ८०० |

| क्र सं | सूचक / लक्ष्य | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०७५/०७६ | कर्णाली २०७५/०७६ | नाम्खा २०७८/०७९ | नेपाल २०८०/०८१ | कर्णाली २०८०/०८१ | नाम्खा २०८३/०८४ |
| ३. | उद्योगबाट रोजगारी सिर्जना (सयमा ) | संख्या | - | - | ३८७ | ४०० | ४५० | ५०० |
| ४. | निर्यात आयात अनुपात | अनुपात | - | - | १०:९० | १५:८५ | २०:८० | २५:७५ |
| ५. | पर्यटक आवागमन ( वार्षिक ) | संख्या | - | - | ५,००० | ६,५०० | ९,५०० | १०,००० |
| ६. | पर्यटक क्षेत्रमा रोजगारी | संख्या | - | - | ६०० | ७०० | ८०० | ९०० |
| ७. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | ६७.५ | ९८ | १०० | ९० | १०० |
| ८. | विद्युत उत्पादन क्षमता | मे वा | १२५० | ८.२५ | ३१० कि वा | ५८२० | २०० | ५ |
| ९. | वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | ३३ | १५.५ | ५ | ५० | ३३ | १५ |
| १०. | सडक निर्माण लम्वाई | कि मि | ३१,३०० | ७५८.२ | २१५ | ३४,१०० | ३,३०१ | ३५२ |
| ११. | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ६५.९ | ४० | ६५ | ८० | ६५ | १०० |
| १२. | युवा साक्षरता दर ( १५ — २४ वर्ष ) | प्रतिशत | ९२ | ८२ | ६७ | ९९ | ९९ | ९५ |
| १३. | विद्यालय संख्या | संख्या | ३५०५५ | ३५२२ | १७ | ३५०५५ | ३५२२ | १७ |
| क) | आधारभुत तह | प्रतिशत | ९३ | ९३.२ | ९८ | ९९ | ९८ | ९९ |
| ख) | माध्यमिक तह | प्रतिशत | ४६ | ५९.४ | ६० | ६५ | ६५ | ६५ |
| १५. | प्राविधिक र व्यावसायिक शिक्षामा तालिक प्राप्त जनसंख्या | जना | १९७,७२८ | - | ३३८ | ३७४,८८३ | - | ६०० |

| क्र सं | सूचक / लक्ष्य | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०७५/०७६ | कर्णाली २०७५/०७६ | नाम्खा २०७८/०७९ | नेपाल २०८०/०८१ | कर्णाली २०८०/०८१ | नाम्खा २०८३/०८४ |
| १६. | आधारभुत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | ४८.२ | २२.५ | ७.७० | ८० | ५० | ३३.१७ |
| १७. | ५ वर्ष मुनिका बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा ) | जना | ३९ | ५८ | ० | २४ | ३५ | ० |
| १८. | तौल कम भएका बालबालिका (५ वर्ष मुनि ) | प्रतिशत | २७ | ३५.६ | ० | १५ | २० | ० |
| १९. | आधारभुतस्तरको खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ८९ | ८६.२ | ८७ | ९९ | ९५ | ९५ |
| २०. | सरसफाइ सुविधा उपलव्ध घरपरिवार | प्रतिशत | — | ७७.७ | ९५ | ९० | ८५ | ९९ |
| २१. | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | ८५.३ | ९४.४ | १०० | ८९ | ९६ | १०० |
| २२. | आधारभुत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | १७ | ५ | २८.८८ | ६० | ४८ | ४० |
| २३. | ३० मिनेटको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ४९ | २३.६ | २१ | ८० | ६० | ६० |

| क्र सं | सूचक / लक्ष्य | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०७५/०७६ | कर्णाली २०७५/०७६ | नाम्खा २०७८/०७९ | नेपाल २०८०/०८१ | कर्णाली २०८०/०८१ | नाम्खा २०८३/०८४ |
| २४. | ३० मिनेटको दुरीमा यातायात सेवामा पहुँच भएको परिवार | प्रतिशत | ८२ | — | ७० | ९५ | ७५ | ९५ |
| २५. | बैंक तथा वित्तीय संस्था | संख्या | — | १७८ | १:१४ | — | — | १:२८ |
| २६. | जमिनमा महिलाको स्वामित्व हुने परिवार | संख्या | | | ३३ | | | १५० |
| २७. | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पिडित महिला | प्रतिशत | २४.४ | १९.१ | १ | १३ | ९.५ | ० |
| २८. | विपतबाट मृत्यु हुने वार्षिक जनसंख्या | जना | - | - | ३ | - | - | १ |
| २९. | विपतको घटनाबाट प्रभावित हुने जनसंख्या (वार्षिक) | प्रतिशत | १७.१ | - | १ | ९.८ | - | ०.५ |
| ३० | प्रकोपबाट कृषि क्षेत्रमा भएको वार्षिक क्षति (रु हजारमा) | रकम | - | - | २०,००० | - | - | १०,००० |
| ३१ | प्रकोपबाट खानेपानी संरचनामा भएको क्षति (वार्षिक) | संख्या | - | - | १ | - | - | ० |
| ३२ | प्रकोपबाट भौतिक | वटा | - | - | १ | - | - | ० |

| क्र सं | सूचक / लक्ष्य | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०७५/०७६ | कर्णाली २०७५/०७६ | नाम्खा २०७८/०७९ | नेपाल २०८०/०८१ | कर्णाली २०८०/०८१ | नाम्खा २०८३/०८४ |
| | पूर्वाधारमा भएको क्षति (वार्षिक) | | | | | | | |

*(स्रोतः आ.व. २०७५/०७६ को केन्द्रीय तथ्याङ्क विभाग, आर्थिक सर्वेक्षण २०७५/०७६, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६, मानव विकास प्रतिवेदन २०१८, वहुआयामिक गरिबीको प्रतिवेदन २०१८, प्रथम पञ्चवर्षीय योजना कर्णाली प्रदेश, पन्ध्रौं योजना रा.यो.आ. र  नाम्खा गाउँपालिकाको कार्यालय)*

## २.६ नाम्खा विकासका प्रमुख सम्वाहकहरु

पालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य अनुसार आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका निम्न प्रमुख सम्बाहकहरू पहिचान गरिएका छन् । यी सम्वाहकहरू प्रदेशका आवधिक योजनाहरूमा प्रतिविम्वित हुनेछन् ।

- पर्या-पर्यटन तथा कला र संस्कृति,
- बौद्ध धर्म तथा गुम्बाहरु
- जलवायुमैत्रि कृषि प्रणाली अवलम्वन गरी खाध्य सुरक्षा, पर्यटन, उत्पादन र सेवा क्षेत्रको विकास,
- जल विद्युत उत्पादन,
- गुणस्तरीय र सुरक्षित दिगो सडक र पूर्वाधार, दिगो र उत्थानशील बसोवास र जलवायुमैत्री गांउ निर्माण
- कृषि पर्यटन उत्पादन र सेवा क्षेत्रको विकास,
- जल विद्युत उत्पादन,
- गुणस्तरीय र दिगो सडक पूर्वाधार
- बहुमूल्य जडीबुटीको प्रशोधन,
- विज्ञान प्रविधि र नवप्रवर्तन,
- अन्तराष्ट्रिय नाका
- सुख्खा बन्दरगाह
- व्यावसायिक शिक्षा, अतिथ्यता, पर्यटन, मानव पुँजी निर्माण,
- सुरक्षित र स्वस्थ गाउँघर,
- होटेल, होमस्टे, राफ्टिंग, पदमार्ग, पार्क निर्माण
- सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक साझेदारी ।

## २.७ जनकेन्द्रित विकास

विकासमा राज्य, निजी क्षेत्र, सहकारी र समुदायको परिपूरक भूमिका हुन्छ । असल शासन मार्फत राजनैतिक तथा प्रशासनिक नेतृत्वले समुदाय केन्द्रित विकासका लागि जनपरिचालन र सहकारिता मार्फत स्थानीय तहसम्म विकास पुर्‍याउनु पर्दछ । आन्तरिक र बाह्य लगानीलाई ब्यापक रूपमा परिचालन गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्नु आवश्यक हुन्छ ।

राज्यले निजी क्षेत्रलाई निश्चित अवधिसम्म कर छुट, विद्युत, जमिन र बाटो उपलब्ध गराई औद्योगिक पूर्वाधार निर्माण गर्नुका साथै सुरक्षा र प्रोत्साहन दिन्छ । यसबाट लगानीकर्ताको उचित नाफा सुरक्षित भई लगानीकर्ता आर्कषित हुन पुग्नेछन् । नाफा अनुसार निजी क्षेत्रले पनि विस्तारै करको दायित्व, स्थानीय रोजगारी, वातावरणीय तथा सामाजिक दायित्वहरू पुरा गर्नेछन् । सरकार, निजी क्षेत्र तथा समुदाय र सहकारी क्षेत्रले दिगो विकास लक्ष्य र समाजवाद, न्याय र समानताको उद्देश्यलाई केन्द्रमा राखी आयोजनाहरू सञ्चालित गर्नेछन् ।

कर्णाली प्रदेशले पूर्वाधार विकासलाई समग्र विकासको मूल आधारका रूपमा लिएको छ। पर्यटकीय नाम्खा पालिकाले पनि वितेको पाँच वर्ष र अहिलेको कार्यकाललाई पूर्वाधार विकासमा केन्द्रित हुनुपर्ने निष्कर्ष निकालेको छ । प्रदेश राजधानी सुर्खेत जोड्ने कर्नाली करिडोर, पालिका केन्द्र जोड्ने सडकहरु, बस्ती

विकास, विद्युतीय ऊर्जा प्रशारण लाइन, खानेपानी,  सूचना, सञ्चार, सिँचाइजस्ता भौतिक पूर्वाधार निर्माण हुने छन्।

जल, जमिन, जङ्गल, जडीबुटी र जनसमुदायको उपलब्धताका आधारमा उत्पादन सम्बन्धित आर्कषक क्षेत्रहरू पर्या—पर्यटन, पशुपालन, अर्गानिक कृषि, जडीबुटी प्रशोधन, व्यवसायिक शिक्षामा लगानीको वातावरण निर्माण भई आर्थिक वृद्धि तथा रोजगारी सिर्जना भएको हुनेछ। पूर्वाधारहरू मानिसका आवश्यकता र भूमिको संवेदनशीलता तथा जलवायु परिवर्तनको प्रभाव र त्यसले ल्याउने नकारात्मक असरलाई ध्यानमा राखी निर्माण हुनेछन् । जलवायुमैत्रि तथा उत्थानिशल पूर्वाधारमा आधारित विकासले उत्पादनका क्षेत्रमा लगानीको ढोका खोल्ने र तीव्र आर्थिक वृद्धि हाँसिल गर्न सकिनेछ। यसबाट नयाँ क्षेत्रमा लगानी, सहज आपूर्ती, व्यापार विस्तार, खाद्य सुरक्षा र रोजगारी सिर्जना हुन पुग्नेछ।

## २.८ जोखिम पक्ष अनुमान

राष्ट्रिय सोच र प्रदेशको सोचसँग आवधिक योजनालाई तादाम्यता मिलाएर पर्यटकीय नाम्खा गाउँपालिकाले आफ्नो विशेषता सहितको आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमामा एकरूपता कायम गरी कार्यान्वयन गर्न सकिने अनुमान गरिएको छ। नाम्खा गाउँपालिकाले जोखिम पक्षको आँकलन गर्दा भू-राजनैतिक अवस्थिति, जलवायु परिवर्तन, कोभिड-१९ को असर, लगानीको सुनिश्चितता र खर्च गर्ने क्षमता विकास, प्रभावकारी शासन व्यवस्था, उत्पादन तथा बजार व्यवस्थापन र यथेष्ठ पूर्वाधार विकास जस्ता क्षेत्रमा जोखिमका सम्भावना देखिएका छन्।

लामो समयदेखि भूकम्प नगएको यस क्षेत्रमा ठूलै भूकम्पीय जोखिम रहेको हुनाले विपद् जोखिम न्यूनीकरण सम्बन्धी पर्याप्त तयारी हुन नसकेमा मानवीय, भौतिक तथा आर्थिक क्षति व्यहोर्नु पर्ने अवस्था छ। कोभिड-१९ जस्ता विश्व महामारी, जलवायु परिवर्तनको प्रभाव, राष्ट्रिय र विश्व अर्थतन्त्रमा उतार चढावका सम्भावनालाई पनि नकार्न सकिदैन। उक्त जोखिमहरूको व्यवस्थापन गर्दा नीतिगत, सङ्गठनात्मक, व्यवस्थापकीय र वातावरणीय पक्षलाई विशेष ध्यान दिनुपर्ने देखिएको छ।

## २.९ योजनाका प्राथमिकताहरु

गाउँपालिकाको आवश्यकताका आधारमा यो प्रथम आवधिक योजनाको निम्न बमोजिमका प्राथमिकताहरु निर्धारण गरिएका छन् ।यी प्राथिमकताहरू कार्यान्वयन गर्ने त्रममा जलवायु परिवर्तनका मुद्दाहरूलाई बिशेष ध्यान दिईएको छ । भौतिक पूर्वाधार विकास (सडक, पर्यटन, सूचना तथा सञ्चार प्रविधि, ऊर्जा, खानेपानी, बस्ती विकास र सिँचाई) सामाजिक विकास (शिक्षा, आतिथ्यता, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा) हरित अर्थतन्त्रमा आधारित उत्पादन (पर्यटन, कृषि, जडीबुटी, उद्योग, खानी र वन पैदावार) सुशासन

# परिच्छेद ३
# भौतिक पूर्वाधार क्षेत्र

## ३.१ सडक तथा पुल

### १. पृष्ठभूमि

सडक तथा पुल यस पालिकाको भौतिक पूर्वाधार तर्फको पहिलो प्राथमिकतामा पर्दछ। जिल्ला भित्रको केही आन्तरिक सडक सञ्जाल भएतापनि देशको राष्ट्रिय सडक सञ्जालसँग जोडिन नसकेको एकमात्र हुम्ला जिल्लाको पनि पश्चिम उत्तरमा पर्ने पालिका भएकोले जिल्ला सदरमुकामसम्मको यातायात पहुँचका लागि पनि स्तरीय सडकको अभाव छ । यस पालिकाका कुल ६ वटा वडाहरु मध्ये अझै पनि दुई गाउँमा सडक पुग्न सकेको छैन भने भएका सडक पनि सबै मौसममा सवारी आवागमन हुन नसक्ने स्थितिका छन् । पालिकाका सबै गाउँहरुसम्म सडक यातायातको पहुँच विस्तार गर्न सडक र पुलको निर्माण गर्ने पालिकाको महत्वपूर्ण जिम्मेवारीमा पर्दछ । भौतिक पूर्वाधार निर्माण गर्दा पर्यटन विकासलाई मध्यनजर गर्नु पर्दछ।जलवायु परिवर्तनको असर, वातावरण तथा जलवायुले मानवको प्रतक्ष्य जीवन संग फरक पर्ने गरेको पाइन्छ ।

### २. समस्या तथा चुनौती

सडक सञ्जाल विस्तारका लागि पर्याप्त स्रोत, साधनका साथै दक्ष एवम् प्राविधिक जनशक्तिको अभाव रहनु, जटिल भू धरातलीय अवस्थाका कारण पालिकाका सबै वडा एवम् गाऊँ वस्तीहरुसम्म सडक विस्तारको कार्य कठिन हुनु, जलवायु परिवर्तनको असर, वातावरण तथा जलवायु वातावरण मैत्री एवम् सुरक्षित र भरपर्दो सडक निर्माण हुन नसक्दा समग्र सडक पूर्वाधारको गुणस्तर चित्त बुझ्दो नहुनु र मानवीय सुरक्षामा समेत जोखिम बढनु, पालिकाको समग्र सडक तथा पुलहरुको आवश्यकता र उपादेयता पहिचान सहितको गुरु योजना तयार भै नसकेकोले योजनाबद्ध रुपमा प्राथमिकताका आधारमा सडक तथा पुल निर्माणका आयोजनाहरु छनौट हुन नसक्नु, सडक तथा पुल निर्माण आयोजनामा संलग्न निर्माण व्यसायीहरूको दक्षता तथा क्षमता सन्तोष जनक नहुनु, उचित समन्वय बिना विभिन्न निकायहरूले आ-आफ्नै तवरबाट सडक विस्तार गर्नु, सडक निर्माणको लागि आवश्यक सामाग्रीहरूको उपलब्धता सहज र सुनिश्चितता नहुनु आदि प्रमुख समस्याहरु रहेका छन् भने । अवका निर्माण हुने सवै सडक तथा पुलहरु पर्यटकीय पूर्वाधार संगको मेल खाले खाल्को हुनु पर्दछ।

पालिकाका सबै वडा तथा गाऊँ वस्तीहरुसम्ममा सबै पालिकावासीहरुलाई वातावरणमैत्री, पर्यटकीय सडक सञ्जालबाट समेट्ने गरी आवश्यक पर्ने ठूलो मात्राको सडक तथा पुलहरुको निर्माणका लागि आवश्यक लगानी जुटाउनु प्रमुख चुनौतीको रुपमा रहेको छ । सडकलाई प्राविधिक एवम् वातावरणीय दृष्टिकोणले सुरक्षित, गुणस्तरीय र भरपर्दो तुल्याउनु, विस्तृत अध्ययन र सम्भाव्यताका आधारमा प्रामिकताका साथ

सडक निर्माण गर्नु, दक्ष जनशक्ति तथा सक्षम र भरपर्दो निर्माण व्यवसायीको छनौट गर्नु, सडक तथा पुल निर्माणका लागि आवश्यक गुणस्तरीय निर्माण सामाग्रीहरुको उपलव्धता पर्यटकीय सडक तथा पुल निर्माण क्षेत्रका प्रमुख चुनौतीहरु हुन् ।

## ३. संभावना तथा अवसर

पर्यटक स्तरीय सडक तथा पुल निर्माण तीन तह कै सरकारको प्राथमिकतामा पर्नु, यो पालिका उत्तर तर्फ चीनसँग अन्तरराष्ट्रिय सीमा जोडिएको पालिका भएको र कैलास मानसरोवर जाने प्रमुख नाका समेत भएकोले राष्ट्रिय सडक सञ्जाल विस्तारको ठूलो संभावना हुनु, पालिकामा सडक विस्तार एवम् पुल निर्माणका लागि जनस्तरबाट ठूलो माग हुनु, सडक तथा पुल निर्माण गर्दा स्थानीय स्तरमा रोजगारीको केही थप अवसरहरु सृजना हुन गई स्थानीय नागरिकहरुको आयमा वृद्धि हुने अवसर उपलव्ध हुनु, सडकको पहुँच विस्तारबाट आन्तरिक मागको आपूर्ति गर्न र स्थानीय उत्पादनलाई बाहिरको बजार उपलब्ध हुन गई पालिकाका नागरिकहरुको आर्थिक अवस्थामा सुधार आउन सक्ने हुनु, सडक तथा पुलको विस्तारबाट स्थानीय आवश्यकता अनुसारका अन्य विकासका पूर्वाधारहरुको विकास गर्न सहज हुन जाने हुनु संभावना तथा अवसरको रुपमा रहेका छन् ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

### ४.१ लक्ष्य

पालिका भित्र पर्यटक स्तरीय सडक तथा पुल निर्माण गरी विकासको आधार खडा गर्ने ।

### ४.२ उद्देश्य

१) पालिकाका नागरिकहरुको सडक यातायात सेवामा पहुँच अभिवृद्धि गर्नु ।

२) पालिकाको आपूर्ति व्यवस्थालाई सहज बनाउनु तथा स्थानीय उत्पादनहरुलाई बजार उपलव्ध गराउनु ।

३) पर्यटक स्तरीय सडक तथा पुल विस्तारको माध्यमबाट पालिकाको समग्र विकासलाई अभिवृध्दि गर्नु।

## ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सडक गुरुयोजना तयार गरी प्राथमिकताका आधारमा सडक तथा पुल निर्माण गरी पालिकाको आन्तरिक तथा बाह्य आवद्धता विस्तार गर्ने । | क) पालिकाका सबै वडाहरु तथा सबै गाऊँहरुलाई पालिकाको केन्द्रसँग जोडने गरी तथा जिल्ला सदरमुकाम एवम् प्रदेशको राजधानीसम्म पक्की सडक तथा पुलको निर्माण गरी आन्तरिक तथा बाह्य आवद्धता विस्तार गरिनेछ ।<br>ख) पालिकाको समग्र आर्थिक सामाजिक विकास र रणनीतिक महत्व राख्ने सडक तथा पुललाई प्राथमितामा राखि विशेष महत्वका साथ शिघ्र निर्माण गर्ने व्यवस्था गरिनेछ ।<br>ग) उत्तर तर्फको छिमेकी मुलुक चीन एवम् यस पालिकासँग सीमा जोडिएका अन्य पालिका तथा अन्य प्रदेश समेतलाई जोडने गरी सडक तथा पुल निर्माणमा जोड दिइनेछ।<br>घ) आयोजना बैंकको स्थापना गरी सो वमोजिम पालिकाको आन्तरिक स्रोतबाट निर्माण सम्भव देखिएका सडक तथा पुल निर्माण कार्य तत्कालै प्रारम्भ गरिनेछ तथा प्रदेश सरकार तथा नेपाल सरकारबाट निर्माण हुने सडक तथा पुल शिघ्र निर्माणका लागि जोड दिइनेछ ।<br>ङ) सडक निर्माण कार्य प्रारम्भ हुनु अघिनै जग्गा अधिग्रहण सडक क्षेत्राधिकार, रेखाँकन, वनक्षेत्र प्रयोगको स्वीकृती जस्ता पूर्व तयारीका कार्यहरुको विस्तृत कार्य योजना तयार गरी मात्र सडक निर्माण आयोजना कार्यान्वयन प्रारम्भ गर्ने व्यवस्था गरिनेछ । |
| २. सडक सञ्जाललाई गुणस्तरीय बनाउने । | क) पालिका भित्र हाल भएका सबै सडकहरु तथा पछि निर्माण हुने सडक समेतलाई सर्वयाम सञ्चालन हुन सक्ने गरी निर्माण गरिनेछ ।<br>ख) पहिरो तथा अन्य प्राकृतिक प्रकोपका कारण सिर्जना हुने सडक अवरोधलाई न्युनीकरण गर्ने व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| | ग) वातावरण, जलयायु मैत्री र प्रकोप सामना गर्न सक्ने आधुनिक प्रविधि एवम् वायो ईन्जिनियरिङ्ग जस्ता उपयुक्त प्रविधिको उपयोग मार्फत जलवायु अनुकूलित हुने गरी सडक निर्माण गरिनेछ र सडकका कारणले हुने भू-क्षय नियन्त्रण गर्ने व्यवस्था गरिनेछ । |
| ३. पर्यटकीय तथा आर्थिक केन्द्रहरु जोड्ने सडक निर्माणलाई प्राथमिकता दिने । | क) पालिका भित्रका पर्यटकीय महत्वका स्थानहरु एवम् आर्थिक केन्द्रहरूलाई जोड्ने सडक निर्माणलाई प्राथमिकता दिइनेछ ।<br>ख) अन्य पालिका तथा अन्य प्रदेश जोडने सडक निर्माणमा पनि पर्यटकीय तथा आर्थिक केन्द्रलाई जोड्ने खाल्का सडकलाई प्राथमिकता दिइनेछ । |
| ४. निर्माण सम्पन्न भई सञ्चालन भएका सडक तथा पुलहरुको सञ्चालन तथा मर्मत संभारको उचित प्रवन्ध गर्ने । | क) निर्माण सम्पन्न भई सञ्चालन भएका सडक तथा पुलहरुको सञ्चालन तथा मर्मत संभारको संस्थागत व्यवस्था गरिनेछ ।<br>ख) सडक तथा पुल मर्मत सम्भार कोष खडा गरी आवश्यक श्रोत जुटाउने कार्यलाई व्यवस्थित गरिनेछ ।<br>ग)पालिका भित्रका सडक तथा पुलहरुको आपतकालिन मर्मत संभारका लागि आवश्यक पर्ने उपकरण तथा निर्माण सामाग्रिहरुको तत्काल उपलव्ध हुने ब्यबस्था गरिनेछ। |

## ४.४ सडक तथा पुलका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | | |
| २ | हिल्सा–सिमकोट सडक | कि.मि | २०७८।७९ | ९० | बनेको | स्तरोन्नती | स्तरोन्नती | स्तरोन्नती | सम्पन्न | | १ अर्व ८० करोड | संघ | |
| १ | ह्याक्पा खोला, लेकधिगा सेजी लिमी लाप्चा सडक | कि.मि | २०७८।७९ | ८३ | बनेको | स्तरोन्नती | स्तरोन्नती | स्तरोन्नती | सम्पन्न | | १ अर्व ६६ करोड | संघ | |
| १ | ह्याक्पा खोलादेखि ह्याक्पा गाउँ सडक | कि.मि | २०७८।७९ | २ | बनेको | | | | | | ४ करोड | प्रदेश | |
| १ | ह्याक्पादेखि तांगिन सडक | कि.मि | २०७८।७९ | ६ | १ | २ | सम्पन्न | | | | १ करोड ५० लाख | प्रदेश | |
| १ | तार्कुखोलादेखि गारपारी सडक | कि.मि | २०७८।७९ | २ | ० | १ | सम्पन्न | | | | २ करोड | प्रदेश | |
| १ | थर्पुदेखि खगालगाउँ गुम्बा सडक | कि.मि | २०७८।७९ | ५ | १ | ४ | सम्पन्न | | | | १० करोड | प्रदेश | |
| १ | च्याछरा–च्यादुक सडक | कि.मि | २०७८।७९ | ४ | २ | २ | सम्पन्न | | | | ८ करोड | प्रदेश | |
| १ | केर्मी लिङ्क सडक | कि.मि | २०७८।७९ | २ | २ | सम्पन्न | | | | | ४ करोड | प्रदेश | |
| १ | सल्लीदेखि नावलथाङ सडक | कि.मि | २०७८।७९ | २५ | सम्पन्न | | | | | | ५० करोड | संघ | |
| १ | सल्ली–चाला सडक | कि.मि | २०७८।७९ | २५ | ० | शुरु | कार्यान्वयन | कार्यान्वयन | सम्पन्न | | ५० करोड | प्रदेश | |
| १ | याल्वाङ–याङ्गार सडक | कि.मि | २०७८।७९ | २ | २ | सम्पन्न | | | | | ४ करोड | पालिका | |
| १ | तुम्कोट–मुचु सडक | कि.मि | २०७८।७९ | ५ | ५ | सम्पन्न | | | | | १० करोड | प्रदेश | |
| २ | यारी जिङ–च्यागोइ गुम्बा–लंगोइ न्याम ह्याङ्सी सडक | कि.मि | २०७८।७९ | १२ | १२ | ६ | १० | १२ | सम्पन्न | | २४ करोड | प्रदेश | |
| २ | हिल्सा–किट सडक | कि.मि | २०७८।७९ | ५ | ५ | सम्पन्न | | | | | १० करोड | प्रदेश | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | हिल्सा—तिल—हल्जी—जांग सडक | कि.मि | २०७८।७९ | ५७ | ८ | २० | ४० | ५० | सम्पन्न | | १ अर्व | प्रदेश | |
| १ | जांग—टाक्ची सडक | कि.मि | २०७८।७९ | ७ | ७ | सम्पन्न | | | | | १४ करोड | प्रदेश | |
| १ | हेप्का खोला, तार्कुखोला, सल्लीखोला, याङ्गार खोला सडक पुल | कि.मि | २०७८।७९ | शुरु | कार्यान्वयन | कार्यान्वयन | सम्पन्न | | | | ६ करोड | संघ | |
| ३ | कर्णाली नदीमा खगालगाउँ सडक पुल | कि.मि | २०७८।७९ | शुरु | कार्यान्वयन | कार्यान्वयन | सम्पन्न | | | | ५ करोड | प्रदेश | |
| ३ | सल्ली—चाला, तार्कु खोला, घाँस खोला, नङ खोला, टाक्ची खोला, गेउ खोला, तिल खोला, हल्जी खोलामा सडक पुल | कि.मि | २०७८।७९ | शुरु | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | सम्पन्न | | १० करोड | संघ र प्रदेश | |

जम्मा अनुमानित लगानी १२ अर्व ५८ करोड ५० लाख

स्थानीय जलवायु परिवर्तनको परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

पालिकाको पर्यटन स्तरीय सडक तथा पुल निर्माण गुरुयोजना तयार भएको हुनेछ । पालिकाका सबै वडाहरु पर्यटकीय सडक सञ्जालमा आवद्ध भएका हुने छन् । पालिकामा आधा घण्टाको समय भित्र सडक यातायातको पहुँच पुगेको जनसङ्ख्या ८५ प्रतिशत पुगेको हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

**पर्यटन स्तरीय** सडक तथा पुल निर्माणका लागी आवश्यक पर्ने निर्माण उपकरण तथा निर्माण सामाग्रीहरुको अभावको समस्या पर्न सक्छ । यस्तै स्थानीय स्तरमा निर्माण हुने अपेक्षित रुपमा कम लागतका सडक निर्माणका लागि अनुभवि र दक्ष निर्माण व्यवसायीको अभाव पनि हुन सक्नेछ । उच्च पहाडी तथा हिमाली भूभाग भएको पालिका भएकोले सडक निर्माणका क्रममा भूक्षयका कारण प्राकृतिक विपत्तिको सामना गर्न पर्ने जोखिम पनि रहेकोछ ।

## ३.२ विद्युत तथा वैकल्पिक ऊर्जा

### १. पृष्ठभूमि

जलविद्युतको उत्पादन तथा विद्युत सेवाको उपयोगमा पालिका धेरै पछाडि रहेको छ । विकासको प्रमुख पूर्वाधार मध्येको विद्युत उत्पादन तथा वितरण व्यवस्था समेतको उचित प्रवन्ध मिलाई पालिकाका सबै नागरिकहरुको विद्युतमा शतप्रतिशत पहुँच पुर्याउन आवश्यक छ । पालिकाको गार्हस्थ्य उपयोग लगायत कृषि, उद्योग, यातायात क्षेत्रमा हुने मागलाई पुरा गर्न एवम् विद्युतमा आत्मनिर्भर भई निर्यात समेत गर्न पालिकाको जलविद्युत उत्पादन क्षमतालाई सदुपयोगका लागि ठूला विद्युत आयोजनाहरु सञ्चालनको पहल गर्न आवश्यक छ ।यसैगरी साना लगानीमा विद्युत उत्पादन हुने माइक्रो हाइड्रो तथा सौर्य ऊर्जामा पनि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको पनि लगानी बढाउन आवश्यक भएको छ । साथै पहाडि तथा हिमाली भूभागमा छरिएर रहेका ग्रामिण बस्तीहरूलाई विद्युतको पँहुच बढाउनका लागि वैकल्पिक तथा नवीकरणीय उर्जाको विकासलाई प्राथमिकता दिनु पर्ने भएको छ। जल विद्युत निर्माण क्षेत्रलाई पर्यटकीय गन्तब्यको रुपमा विकास गर्नु पर्दछ।

### २. समस्या तथा चुनौती

ठूला जलविद्युत आयोजनाहरू सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा लगानीको अभाव हुनु, पालिकाको समग्र सम्भावित जल विद्युत उत्पादन क्षमताको संभाव्यता अध्ययन हुन नसक्नु, वैकल्पिक ऊर्जाको पर्याप्त विकासका लागि दुर्गम ग्रामिण भेगमा स्थानीयस्तरमा प्रविधि तथा प्राविधिकहरुको सहज उपलव्धता नहनु, वृहत आयोजनाहरुका लागि जल विद्युतको आपुर्तिका लागि प्रसारण तथा वितरण लाईनको अभाव हुनु प्रमुख समस्याहरू हुन् ।

वृहत आयोजनाहरु सञ्चालनका लागि आवश्यक लगानी जुटाउनु, जल विद्युत वितरणका लागि प्रसारण लाइन निर्माण तथा विस्तार गर्नु, वैकल्पिक ऊर्जा प्रविधिको समेत उपयोग गरी पालिकाका सबै नागरिकहरुलाई विद्युत सुविधा उपलव्ध गराउनु, वैकल्पिक तथा नवीकरणीय ऊर्जालाई जलविद्युतको भरपर्दो विकल्पका रुपमा विकास गर्नु, यसलाई ग्रामिण भेकको खाना पकाउने परम्परागत उर्जाको श्रोत दाउरालाई प्रतिस्थापन गर्ने गरी विकास गर्नु तथा विद्युतको पहुँच बढाउन आवश्यक पर्ने ठूलो आर्थिक स्रोत साधनको व्यवस्था गर्नु प्रमुख चुनौतीहरू हुन् ।

### ३. संभावना तथा अवसर

पालिकामा यथेष्ठ जलविद्युत उत्पादनको संभावना रहनु, जलविद्युत उत्पादन नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारको पनि प्राथमिकतामा पर्नु, जलविद्युत उत्पादनको क्षेत्रमा लगानीको लागि स्वदेशी तथा विदेशी निजी क्षेत्रको अभिरुची रहनु, उत्पादित विद्युतका लागि आन्तरिक र वाह्य बजार उपलब्ध हुनु, पालिकाका नागरिकहरु पनि जलविद्युत आयोजनामा शेयर लगानी गर्न उत्सुक रहनु, वैकल्पिक तथा

नवीकरणीय ऊर्जा ग्रामिण भेकमा ऊर्जाको आपूर्तिका लागि सहज विकल्पका रुपमा रहनु प्रमुख संभावना तथा अवसरहरू हुन्। विभिन्न प्रकारका पर्यटकीय जलविद्युत योजना निर्माण भएका हुने छन् ।

# ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

## ४.१ लक्ष्य

पालिका भित्रै पर्याप्त विद्युतको उत्पादन गरी तीव्र आर्थिक विकास गर्ने ।

## ४.२ उद्देश्य

१) विद्युतको उत्पादन र वितरणबाट पालिकाका नागरिकहरुको विद्युतमा पहुँच विस्तार गर्नु ।

२) विद्युतको उत्पादनद्धारा कृषि, उद्योग र यातायात सेवा सहित समस्त आर्थिक क्षेत्रको विकासमा योगदान गर्नु ।

## ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १ जलविद्युत आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति नियम निर्माण गरी लगानी जुटाउन पहल गर्ने । | क) जलविद्युत आयोजनाहरूका लागि आवश्यक पर्ने नीति, नियमहरूको तर्जुमा गरिनेछ ।<br>ख) संभाव्य आयोजनाहरु प्राथमिकताका आधारमा अनुसार कार्यान्वयन गरिनेछ ।<br>ग) साना जल विद्युत आयोजनाहरु पालिका आफैले निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।<br>घ) जल विद्युत आयोजनाहरुमा लगानी जुटाउनका लागि पहल गरिनेछ । |
| २ वैकल्पिक ऊर्जाको विकासमा जोड दिने । | क) पालिकामा माइक्रोहाइड्रो तथा सौर्य ऊजाको विकासमा अनुदान वृद्धी समेत गरी लगानी बढाइनेछ।<br>ख) वैकल्पिक उर्जाको विकासका लागि यथेष्ठ कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ग) बैकल्पिक उर्जाका लागि राष्टिय तथा अन्तराष्ट्रिय संघ संस्थासंग सहकार्य गरिनेछ । |
| ३ जल विद्युतका लागि प्रसारण लाइनहरु निर्माण गर्ने । | क) उत्पादित जल विद्युतलाई आन्तरिक वितरण लाइनसँग जोड्न र राष्ट्रिय ग्रिडमा प्रवाह गराउन समेत नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारसँगको समन्वय तथा सहकार्यमा आन्तरिक प्रसारण लाइन निर्माण गरिनेछ । |

## ४.४ विद्युत तथा वैकल्पिक ऊर्जाका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | | |
| २ | तुम्कोट जल विद्युत आयोजना | ६५ मेगा वाट | ० | | अध्ययन | अध्ययन | पिपिपि | निर्माण | निर्माण | सम्पन्न | १६ अर्व २५ करोड | संघ | |
| २ | ह्याप्का खोला जल विद्युत | ५ मेगावाट | ० | | अध्ययन | अध्ययन | पिपिपि | निर्माण | निर्माण | सम्पन्न | १ अर्व २५ करोड | सघ र प्रदेशसँग को सहकार्य मा | |

अनुमानित लगानी १७ अर्व ५० करोड

## ५. अपेक्षित उपलब्धि

पालिकाको बिद्युतीय पहुँच प्राप्त परिवार ९५ प्रतिशत पुगेको हुने, प्रदेशमा जल विद्युत उत्पादनका लागि ठूला आयोजनाहरु सञ्चालन भएको हुने तथा आवश्यक विद्युत प्रसारण लाइनहरूको विस्तार भएको हुनेछ।

## ६. अनुमान तथा जोखिम पक्ष

विद्युत उत्पादनका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानी, निर्माण उपकरण तथा निर्माण सामाग्रीहरुको अभावको समस्या पर्न सक्ने देखिन्छ । उच्च पहाडी तथा हिमाली भूभाग तथा छरिएर रहेको वस्ती भएको पालिका भएकोले विद्युत वितरणको पनि समस्या रहने देखिन्छ भने उत्पादित विद्युत पूर्ण रुपमा खपत हुन नसक्ने जोखिम पनि रहेकोछ ।

## ४.३ सूचना तथा सञ्चार प्रविधि

### १.पृष्ठभूमि

दुर्गम र पिछडिएका गाउँ ठाँऊलाई पनि आधुनिक विश्वसँग जोडने पुलको काम सूचना तथा सञ्चार प्रविधि गरी आएको छ । यो अहिलेको युगको अपरिहार्य आवश्यकता हो । यसमा भै रहेको द्रुत विकासले यसलाई सवै क्षेत्रको प्रमुख आवश्यकताका रुपमा स्थापित गरेको छ । सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोगद्वारा

स्थानीय स्तर मै आधुनिक विज्ञान र प्रविधिको जानकारी हासिल गर्ने मात्र हैन यसको उपयोग गरी घर मै बसेर सार्वजनिक सेवाको उपभोग गर्न सकिने पनि भएको छ ।

तसर्थ सूचना तथा सञ्चार प्रविधिको यस पालिकामा पनि उपयुक्त विकासमा जोड दिनु पर्ने भएको छ । समग्र प्रदेशलाई डिजिटल प्रदेशका रुपमा विकास गर्दै जाने कर्णाली प्रदेश सरकारको नीति रहे जस्तै यो पालिकाले पनि डिजिटल पालिका बनाउने तर्फ उचित ध्यान दिनु पर्छ ।नाम्खाको सबै पर्यटकीय बस्तीमा नेटवर्क टावर निर्माण गर्नु पर्ने छ ।

## २. समस्या तथा चुनौती

पालिकामा सूचना तथा सञ्चार प्रविधिको यथेष्ट विकास हुन नसकेका कारण स्थानीय नागरिकहरुको आम सञ्चारका माध्यमहरुको पहुँचमा कमि हुनु, सार्वजनिक सेवाप्रवाहमा सूचना प्रविधिको उपयोग हुनु नसक्नु, पालिकामा यस क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्तिको अभाव हुनु, आम जनसमुदायमा सूचना प्रविधि सम्बन्धी ज्ञान तथा क्षमताको स्तर न्यून रहनु, पालिकामा सूचना तथा सञ्चार प्रविधिको विकासका लागि सरोकारवाला विच उचित समन्वयको कमि हुनु प्रमुख समस्या हुन्।

सूचना तथा सञ्चार प्रविधिको पहुँच पालिकाका सबै वडा तथा गाउँहरु सम्म विस्तार गर्नु, सूचना सञ्चार क्षेत्रमा विकसित नवीन प्रविधिको समयसापेक्ष रुपमा उपयोग गर्नका लागि पालिकाका सबै नागरिकहरुलाई सक्षम बनाउनु प्रमुख चुनौती हुन् ।सुचना प्रविधिबाट पर्यटकीय सूचनाको व्यापक प्रचारप्रसार गर्नु जरुरी छ।

## ३. संभावना तथा अवसर

नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारको पनि सूचना तथा सञ्चार प्रविधिको विकास प्राथमिकतामा रहनु, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा निजी क्षेत्रको लगानी बढदै जानु, यस क्षेत्रको प्रयोगमा आम नागरिकहरुको अभिरुची र उत्सुकता बढदै जानु, सूचना प्रविधिको प्रयोगले सेवा प्रवाह सहज र लागतमा कमी आउने हुनु आदि प्रमुख संभावना तथा अवसर हुन् ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

### ४.१ लक्ष्य

डिजिटल पालिका बनाउने ।

### ४.२ उद्देश्य

१) सूचना तथा सञ्चार प्रविधिको पहुँच र उपयोग विस्तार गर्नु

२) सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी प्रवाह हुने सेवालाई सुलभ, भरपर्दो र गुणस्तरिय बनाउनु।

३) निरन्तर पर्यटकीय सूचना प्रचार प्रसार गर्ने ।

## ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १= पालिकामा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्ने । | क) पालिकामा सूचना तथा सञ्चार क्षेत्रमा पहुँच विस्तार गर्नका लागि आवश्यक पर्ने पूर्वाधारहरुको विकास गरिनेछ ।<br>ख) सबै वडाहरु तथा सबै गाँउबस्तीहरुलाई सूचना तथा सञ्चार सञ्जालमा आवद्ध गरिनेछ । |
| २= सूचना तथा सञ्चार प्रविधिको उपयोग बढाउने । | क) सार्वजनिक निकायका सूचनाहरु विद्युतीय सञ्चारका माध्यमबाट नियमित रुपमा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।<br>ख) सार्वजनिक सेवाहरुलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रवाह गर्ने कार्यको थालनी गरिनेछ ।<br>ग) सूचना तथा सञ्चार प्रविधिको उपयोग पालिकामा कृषि, पर्यटन र उद्योग क्षेत्रको विकासका लागि पनि गरिनेछ ।<br>घ) सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षा तथा स्वास्थ्य सेवा क्षेत्रको गुणस्तर तथा पहुँच विस्तार गरिनेछ । |

## ४.४ सूचना तथा सञ्चार प्रविधिका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | | |
| १ | मुचु,लिमी,हिल्सामा टावर निर्माण | संख्या | बनेको | ३ | ३ | | | | | | ७५ लाख | संघ | |
| १ | केर्मीमा टवार निर्माण | संख्या | ० | १ | ० | ० | १ | | | | २५ लाख | संघ | |
| १ | वल्डिलिंगबाट इलिङ र नारामा टावर निर्माण | संख्या | बनेको | २ | १ | १ | | | | | ५० लाख | संघ | |
| २ | सिमकोट-याल्वाङ-हिल्सासम्म फाइवर विस्तार | किमि | ० | ३७ | सोच | निर्माण | कार्यन्वयन | कार्यान्वयन | सम्पन्न | | १ करोड | संघ | |
| ३ | सल्लीबाट लिमीसम्म फाइवर विस्तार | किमि | ० | ५२ | ० | ० | शुरु | निर्माण | सम्पन्न | | १ करोड | संघ | |

जम्मा अनुमानित लगानी ३ करोड ५० लाख

## ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा पालिकाका सबै वडाहरु तथा गाउँ वस्तीहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार भएको हुनेछ । पालिकाका सबै सार्वजनिक सेवाहरुका साथै आर्थिक एवम् सामाजिक क्षेत्रमा समेत सूचना तथा सञ्चार प्रविधिको उचित प्रयोगबाट यो पालिका डिजिटल पालिकाको रुपमा विकास भएको हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

सूचना तथा सञ्चार प्रविधिको विकासका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानी तथा उपकरणहरुको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै स्थानीय नागरिकहरुको शैक्षिकस्तरको कमि तथा आवश्यक डिजिटल उपकरणहरुमा पहुँचको कमिका कारण डिजिटल पालिकाको लक्ष्य हासिल नहुने जोखिम पनि रहेको छ ।

## ३.४ गाउँ बस्ती तथा सहरहरुको विकास

### १. पृष्ठभूमि

यस पालिकाको ठूलो क्षेत्रफलमा छरिएर रहेका पर्यटकीय गाउँहरु योजनाबद्ध रुपमा नभई पारम्पारिक रुपमा निर्माण भएका हुनाले यी गाउँबस्तीहरुको विकास र आधुनिकिकरण गर्नु पर्ने भएको छ । पालिकाका गाउँ बस्तीहरुलाई आधुनिक विशेषता र सुविधा सहितको योजनावद्ध ग्रामिण बस्तीहरुको रुपमा विकास गर्नका साथै पालिकाका संभाव्य स्थानहरुमा शहरहरुको समेत निर्माण गर्नु पर्ने छ । सुरक्षित, दिगो र उत्थानशील बसोवास र पूर्वाधार विकास गरी जलवायुमैत्री, आधुनिक सुविधायूक्त, व्यवस्थित एकिकृत ग्रामिण बस्तीहरुको विकास तथा आधुनिक तथा योजनावद्ध रुपमा सहरीकरण गर्न सकिए मात्र यहाँबाट हुने बसाइँसराईलाई रोक्न सकिने छ ।

### २. समस्या तथा चुनौती

पर्यटकीय नाम्खा गाउँपालिकाको ठूलो भूगोलमा छरिएर रहेका गाउँबस्तीहरुको विकासका साथै सार्वजनिक सेवा यी बस्तीहरुसम्म विस्तार गर्न ठूलो लागत लाग्ने हुनु प्रमुख समस्याको रुपमा रहेको छ। योजनाबद्ध रुपमा गाउँ, सहर तथा वस्तीहरूको विकास हुन नसक्नु, एकिकृत वस्ती विकासको अवधारणाको सुरुआत हुन नसक्नु, आधुनिक सुरक्षित आवासको ठूलो अभाव रहनु आदि प्रमुख समस्या हुन् ।

छरिएर रहेका ग्रामीण बस्तीहरुलाई विस्थापित गर्न सक्ने गरी र आन्तरिक बसाइँसराइको समस्यालाई सम्वोधन गर्न सक्ने गरी पालिकामा आधुनिक एकीकृत बस्ती विकास तथा सहरीकरण गर्नु, सबै नागरिकहरुका लागि आधुनिक सुविधा सम्पन्न आवासको व्यवस्था गर्नु चुनौतीका रुपमा रहेका छन् ।

### ३. संभावना तथा अवसर

एकिकृत एवम् आधुनिक बस्ती विकास तथा सहरिकरणका लागि तीनै तहका सरकारको ध्यान जानु, सुरक्षित एवम् आधुनिक आवास निर्माणमा नागरिकहरूको सचेतना बढ्दै जानु, एकीकृत ग्रामिण बस्ती विकास तथा आधुनिक सहरीकरणका लागि मागहरु बढदै जानु संभावना तथा अवसर हुन् ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना

### ४.१ लक्ष्य

नाम्खा गाउँपालिकामा सुरक्षित एवम् एकिकृत पर्यटकीय बस्ती विकास तथा आधुनिक सुविधा सम्पन्न सहरीकरण गर्ने ।

### ४.२ उद्देश्य

१) सुरक्षित पर्यटकीय  आवास र पर्याप्त सेवा सुविधा सहितको एकीकृत वस्ती विकास गर्नु ।

२) संभावित स्थानहरुमा पर्यटकीय आधुनिक सहर निर्माण गर्नु ।

## ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँहरुको आधुनिकीकरण तथा एकीकृत बस्ती विकास गर्ने । | क) अहिले रहेका गाउँहरुको आधुनिकीकरणका लागि विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।<br>ख) छरिएर रहेका तथा जोखिममा रहेका ग्रामिण बस्तीहरूलाई सेवा सुविधा सहितको एकीकृत बस्तीहरुको विकास गरी स्थानान्तरण गरिनेछन् । |
| २. सहरहरुको निर्माण गर्ने । | क) पालिकाको केन्द्र तथा संभाव्य र उपयुक्त स्थानहरमा आधुनिक सुविधा सम्पन्न स्मार्ट सहरहरुको विकास गरिनेछ । |
| ३. सुरक्षित आवासको व्यवस्था गर्ने । | क) अति विपन्न आवास विहिन तथा विपद्को उच्च जोखिममा रहेका परिवारहरुका लागि सुरक्षित र किफायती आवासको व्यवस्था गरिनेछ । |

## ४.४ गाउँ बस्ती तथा सहरहरुको विकासका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| २ | याल्वाङ शहर निर्माण | प्रतिशत | १० | ६० | २० | ३० | ४० | ५० | ६० | | ५० करोड | संघ र प्रदेश |
| १ | चालाको बस्ती स्थानान्तर तथा विकास | प्रतिशत | ० | १०० | ३० | ४५ | ६५ | ९० | १०० | | १० करोड | संघ र प्रदेश |
| १ | गारपारी सुरक्षित बस्ती विकास | प्रतिशत | ० | ० | १० | ३० | ४५ | ७० | १०० | | ३ करोड | संघ र प्रदेश |
| १ | मुचु एकीकृत बस्ती विकास | प्रतिशत | ० | १०० | ३० | ४५ | ६५ | ९० | १०० | | १० करोड | संघ र प्रदेश |
| १ | लेकधिगा एकीकृत बस्ती विकास | प्रतिशत | ० | १०० | ३० | ४५ | ६५ | ९० | १०० | | १० करोड | संघ र प्रदेश |
| २ | हिल्सा शहर विकास | प्रतिशत | ० | १०० | ३० | ४५ | ६५ | ९० | १०० | | २० करोड | संघ र प्रदेश |
| १ | यारी एकीकृत बस्ती विकास | प्रतिशत | ० | १०० | ३० | ४५ | ६५ | ९० | १०० | | १५ करोड | संघ र प्रदेश |

जम्मा अनुमानित लगानी १ अर्व १८ करोड

स्थानीय जलवायु परिवर्तनको परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

एकीकृत वस्ती विकास तथा संभाव्य स्थानहरुमा सहरहरुको विकासका लागि संभाव्यता अध्ययन गरी कार्यक्रमहरु सञ्चालन भएको हुनेछ । सुरक्षित आवास भवनहरूको निर्माण गरी आवास विहीनहरूलाई उपलव्ध गराइएको हुनेछ ।विभिन्न पर्यटकीय शहरहरु निर्माण भएका हुनेछन् ।

## ६. अनुमान तथा जोखिम पक्ष

सुरक्षित पर्यटकीय बस्ती विकास एवम् पालिका भित्र शहरहरुको निर्माणका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै एकिकृत बस्ती विकास गरिएता पनि स्थानीय नागरिकहरुले आफ्नो पुख्यौंली थलो छाडेर नयाँ बस्तीमा सर्न नमान्ने जोखिम पनि रहन सक्ने देखिन्छ ।

## ३.५ भौतिक पूर्वाधार क्षेत्रका नतिजा खाका

**प्रभाव**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| पालिकाको कुल ग्रार्हस्थ्य उत्पादनमा यातायात र सञ्चार क्षेत्रको योगदान | प्रतिशत | - | १.३ | १.३ | १.३ | १.३ | १.३ | के.त.वि./ प्र.त.का. |
| पालिकाको कुल ग्रार्हस्थ्य उत्पादनमा विद्युत ग्याँस पानीको योगदान | प्रतिशत | - | १.५ | १.८ | २.२ | २.४ | २.७ | के.त.वि./ प्र.त.का. |
| पालिकाको कुल ग्रार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान | प्रतिशत | - | १३.४ | १५.० | १७.२ | २०.४ | २३.५ | के.त.वि./ प्र.त.का. |

## सडक, पुल तथा यातायात

### असर

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ३० मिनेटको दुरीमा यातायात पहुँच पुगेको परिवार | प्रतिशत | २३ | २५ | ३५ | ५० | ७० | ८५ | गा.पा. |
| स्थानीय उत्पादनको निर्यात वृद्धि | रकम (अनुमानित) | २५ करोड | २८ करोड | ३० करोड | ३५ करोड | ४० करोड | ५० करोड | गा.पा. |

### प्रतिफल

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सडक यातायातले जोडिएको गाउँ | संख्या | १५ | १६ | १९ | २२ | २४ | २७ | गा.पा. |
| कुल सडक निर्माण | कि मि | ३१३ | ३५२ | ३६० | ३७० | ३८० | ३९० | गा.पा. |
| सडक पुल निर्माण | संख्या | २ | ३ | ४ | ५ | १ | १४ | गा.पा. |

## विद्युत तथा बैकल्पिक ऊर्जा

### असर

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | ८९ | ९० | ९१ | ९२ | ९५ | गा.पा. |
| जल विद्युत उत्पादन | कि वा | ३१५ | - | सोच | शुरु | निर्माण | ५ मेगावाट | गा.पा. |
| खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घर परिवार | प्रतिशत | ८५ | ८५ | ८० | ७६ | ७३ | ७० | गा.पा. |
| खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १५ | १७ | २० | २५ | ३० | ३५ | गा.पा. |

### प्रतिफल

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| लघु जल विद्युतका आयोजना | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | गा.पा. |
| वैकल्पिक ऊर्जा प्रयोग गर्ने घर परिवार | प्रतिशत | १५ | १६ | १७ | १८ | १९ | २० | गा.पा. |

## सूचना तथा सञ्चार प्रविधि

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| टेलिफोन (सबै प्रकारका) घनत्व | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ | १०० | गा.पा. |
| इण्टरनेट प्रयोगकर्ता | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० | ६५ | गा.पा. |
| रेडियोमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | १० | १५ | २० | ३० | ४० | ५० | गा.पा. |
| टेलिभिजनमा पहुँच प्राप्त घर परिवार | प्रतिशत | ४५ | ५० | ५५ | ६० | ६५ | ७० | गा.पा. |
| **प्रतिफल** | | | | | | | | |
| अप्टिकल फाइवर विस्तार | कि मि | ० | ० | ० | ० | ९० | ५० | संघ र प्रदेश |
| दूर सञ्चार टावर विस्तार | संख्या | ४ | ४ | ५ | ६ | ७ | ८ | संघ र प्रदेश |
| दूर सञ्चार सेवा प्रदायक कम्पनी | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | संघ र प्रदेश |

## गाउँ, वस्ती तथा शहरहरुको विकास

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सहरी क्षेत्रमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | ३० | ३० | ३३ | ३६ | ४० | ४२ | गा.पा. |
| आफ्नै स्वामित्वको आवासमा वसोवास गर्ने परिवार | प्रतिशत | ९४.४ | ९४.५ | ९४.८ | ९५ | ९५.५ | ९६ | गा.पा. |
| सुरक्षित बस्तीमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | ३३ | ३७ | ४३ | ४७ | ५५ | ६० | गा.पा. |
| **प्रतिफल** | | | | | | | | |
| एकिकृत वस्तीको निर्माण | संख्या | ० | ० | १ | २ | ३ | ६ | गा.पा. |
| नयाँ शहरी क्षेत्रको विकास | संख्या | २ | ० | ० | ० | १ | १ | गा.पा. |

# परिच्छेद ४
# सामाजिक क्षेत्र

## ४.१ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

स्वास्थ्य सेवालाई नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा राखेर सो अनुसारको जिम्मेवारी प्रदान गरेको छ । स्थानीयस्तर मै नागरिकहरुलाई आधुनिक स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था गर्ने पालिकाको महत्वपूर्ण दायित्व हो भने पोषण स्वास्थ्य सम्वन्धमा पनि पालिकामा रहेका सयस्याहरुका निराकरणका लागि पनि जागरुकताका साथै यथेष्ठ कार्यक्रमहरुको आवश्यकता रहेको छ । जलवायुजन्य प्रकोपबाट मानव स्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावलाई न्यूनिकरण गर्दै स्वस्थ्य जीवनयापनको वातावरण तयारको प्रयास जारी रहने छ। उपलब्ध स्रोत र साधनहरुको प्राथमिकताका आधारमा उचित उपयोग गरी नागरिकहरुको गुणस्तरिय र सर्वसुलभ स्वास्थ्य सेवा तथा पोषणमा पहुँच बृद्धि गर्न नेपाल सरकार तथा कर्णाली प्रदेश सरकार समेतसँगको सहकार्यमा आवश्यक थप कार्यक्रमहरु सञ्चालन गर्नका लागि पालिकाको प्रयास जारी रहने छ ।

बालबालिकाहरुलाई पूर्ण खोप उपलव्ध गराउने, मातृ तथा शिशु एवम् बाल मृत्यु दर घटाउने, झाडापखाला, श्वासप्रश्वास र अन्य संक्रामक रोगहरुको उचित उपचारको प्रवन्ध मिलाउने, बालबालिकाहरुको कुपोषण दर घटाउने, सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन तथा महामारी रोग नियन्त्रण र पूर्व तयारी एवम् स्वास्थ्य र पोषणका सम्वन्धमा आवश्यक जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरुको पनि यो पालिकामा आवश्यकता रहेको छ ।

### २. समस्या तथा चुनौती

स्वास्थ्य सेवा सर्बसुलभ रुपमा प्रवाह गर्नका लागि आवश्यक पर्ने अस्पताल तथा स्वास्थ्य संस्थाहरु तथा चिकित्सक लगायतका दक्ष जनशक्तिको अभाव, जलवायु परिवर्तनले श्रृजित नयाँ रोगहरू, पालिकामा आधुनिक चिकित्सा सेवा प्रवाहका लागि आवश्यक प्रवन्ध मिलाउन नेपाल सरकारका साथै प्रदेश सरकारबाट पनि पर्याप्त सहयोग प्राप्त हुन नसक्नु, नागरिक सचेतनाको अभाव, सामाजिक कुरिती, गलत अभ्यासहरु, अशिक्षा र गरिवी लगायतका कारणहरु यस पालिकाका स्वास्थ्य क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन् । यस्तै पालिकामा बालबालिकाहरुमा कुपोषण दर, मातृ तथा नवजात शिशु मृत्युदर र पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर तुलनात्मकरूपमा उच्च हुनु पनि समस्याका रुपमा रहेका छन्।

भौगोलिक विकटताका साथै बिपन्नताका वीच सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह र पहुँच बढाउनका लागि स्वास्थ्य संरचना र जनशक्तिको प्रयाप्त व्यवस्था गर्नु, गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निशुल्क रुपमा उपलब्ध गराउनु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

### ३. संभावना तथा अवसर

संविधानद्वारा मौलिक हकका रुपमा स्थापित स्वास्थ्य सेवा सबै नागरिकहरुलाई सुलभ रुपमा प्राप्त हुन सक्ने प्रबन्ध मिलाउने दायित्व र जिम्मेवारी नेपाल सरकार र प्रदेश सरकारको पनि भएकोले यसका लागि दुबै तहको सरकार प्रतिवद्ध रहेकाले स्वास्थ्य तथा पोषण क्षेत्रका लागि यस पालिकामा लगानी वृद्धि हुने संभावना रहनु, स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाद्य उत्पादन र जडिबुटीहरुको संरक्षण एवम् सम्वर्द्धन गरी प्रतिरोधात्मक र उपचारात्मक सेवामा उपयोग गर्न सकिने हुनु, स्वास्थ्य क्षेत्रमा सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यमा गैर सरकारी संस्थाहरुलाई समेत परिचालन गर्न सकिने हुनु, स्वास्थ्य बीमा कार्यक्रम प्रदेश भरी कार्यान्वयनमा आई सक्नु, प्रदेश सरकारले स्वास्थ्य क्षेत्रको विकासलाई उच्च प्राथमिकता तथा महत्व दिनु अवसरका रुपमा रहेका छन्।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

### ४.१ लक्ष्य

पालिकामा गुणस्तरिय स्वास्थ्य सेवाको सुलभ पहुँच वृद्धि गर्ने र पोषणका क्षेत्रमा सुधार ल्याउने ।

### ४.२ उद्देश्य

१) पालिकाका नागरिकहरूको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउनु ।
२ ) कुपोषणको समस्याको निराकरण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १ आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार र गुणस्तरमा वृद्धि गर्ने । | क) आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको लागि ग्रामिण आधारभूत स्वास्थ्य केन्द्र, प्रसुती केन्द्र लगायतका स्वास्थ्य संस्था पालिकाका प्रत्येक वडा स्तरसम्म विस्तार गरिनेछ ।<br>ख) संघ सरकारसँगको समन्वय र सहयोगमा पालिकामा १५ शैयाको अस्पताल स्थापना गरिनेछ।<br>ग) स्वास्थ्य चौकीहरुमा निःशुल्क पाइने औषधिका प्रकार र संख्या क्रमशः वृद्धि गरिनेछ ।<br>घ) सामाजिक सुरक्षा, स्वास्थ्य बीमाको प्रवर्द्धन, विस्तार गरी स्वास्थ्य सेवामा विपन्न वर्गको पहुँच अभिवृद्धि गरिनेछ ।<br>ङ) संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा विशेष सेवा सहितको घुम्ती स्वास्थ्य शिविर, आउटरिच क्लिनिक, टेलिमेडिसिन जस्ता सेवाहरूलाई पालिकामा पनि उपलब्ध हुने व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | च) संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा पालिकाका सबै स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्य जनशक्ति उपलव्ध हुने व्यवस्था गरिनेछ।<br>छ) जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम, विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम तथा विद्यालय नर्स कार्यक्रमलाई पालिकामा पनि विस्तार गरिनेछ ।<br>ज) पालिकाका विद्यालयहरूमा स्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई विस्तार गरिनेछ ।<br>झ) पालिकामा स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ । |
| २.बहुक्षेत्रीय समन्वय र साझेदारी मार्फत पोषण सेवालाई थप सुदृढ गर्ने। | क) पालिकामा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको सुनिश्चतताका लागि नियमित अनुगमन गरिनेछ।<br>ख) कुपोषित बालबालिकाहरुको पहिचानका लागि प्रभावकारी स्क्रिनिङ्ग र निराकरणका लागि उचित व्यवस्थापन गरिनेछ ।<br>ग) पालिकामा पोषण पुनर्स्थापना गृहहरुको स्थापना तथा संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।<br>घ) स्वास्थ्य र पोषणसम्बन्धी उपलव्ध सेवाहरूबारे समुदायस्तरसम्म सूचना प्रवाह हुने उचित व्यवस्था गरिनेछ । |

## ४.४ स्वास्थ्य तथा पोषणका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मे वारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | अस्पताल निर्माण | संख्या | ० | १ | शुरु | कार्यान्वयन | सम्पन्न | | | | ३० करोड | संघ र प्रदेश |
| १ | स्वास्थ्य केन्द्रहरुको स्थापना | संख्या | १२ | १३ | ० | १ | १३ | १३ | १३ | १५ | १ करोड | संघ र प्रदेश |
| १ | विद्यालय नर्श कार्यक्रम | संख्या | ० | १७ | ० | शुरु | १७ | १७ | १७ | १७ | १ करोड | संघ र प्रदेश |
| २ | बहु क्षेत्रीय पोषण कार्यक्रम | संख्या | १ | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | ५ करोड | संघ र प्रदेश |
| १ | प्रसुती केन्द्र | संख्या | १ | ६ | १ | २ | ३ | ४ | ६ | ६ | ६ करोड | संघ र प्रदेश |
| २ | सुत्केरी पोषण कार्यक्रम | संख्या | ० | ६ | १ | १ | १ | १ | २ | ६ | ६० लाख | संघ र प्रदेश |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | टेलिमेडिसिन सेवा | संख्या | ० | १ | | शुरु | कार्यान्वयन | सम्पन्न | | | १ करोड | संघ र प्रदेश |
| १ | घुम्ती स्वास्थ्य शिविर | संख्या | १ | ५ | १ | १ | १ | १ | १ | १ | २ करोड ५० लाख | संघ र प्रदेश |

जम्मा अनुमानित लगानी ४७ करोड १० लाख

## ५. अपेक्षित उपलब्धि

पालिकाका सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सहज रुपमा प्राप्त गरेका हुनेछन् । सबै वडाहरुमा स्वास्थ्य केन्द्रहरुको स्थापना भएको हुनेछ तथा पालिकाको केन्द्रमा एक अस्पतालको निर्माण भएको हुनेछ । पालिकाका नागरिकको अपेक्षित आयु बढेको हुनेछ।सबै बालबालिकाहरुले पूर्ण खोप प्राप्त गरेका हुनेछन् । नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर, पाँच बर्षमुनिका बालबालिकाहरुको पुड्कोपन तथा ख्याउटेपनको दर घटेको हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

निशुल्क स्वास्थ्य सेवा उपलव्ध गराउन आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै समय समयमा देखापर्ने संक्रामक रोगहरुको निदान तथा विपत्तिको व्यवस्थापन गर्न पालिका एक्लैको सामर्थले नभ्याउने जोखिम पनि रहेको छ ।

## ४.२ शिक्षा

## १. पृष्ठभूमि

शिक्षा समाज रुपान्तरणका लागि अति आवश्यकीय माध्यमको रुपमा रहेको छ । शिक्षा विना नागरिकहरुको जीवनस्तर उठ्न नसक्ने यथार्थता त छदैछ यो विना कुनै पनि विकासको प्रयासले सार्थकता पाउन सक्दैन । नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधान प्रदत्त यसै हकको परिपालनाका लागि तीनै तहको सरकारले शिक्षालाई उच्च प्राथमिकता दिएको छ । यसैले यो पालिकाले पनि नागरिकहरुको गुणस्तरीय शिक्षामा सहज पहुँचका लागि योजनावद्ध रुपले अघि बढने अठोट गरेको छ ।

पालिकामा हाल उपलव्ध शैक्षिक संस्थाहरुको संख्या र गुणस्तर पनि न्युन रहेको छ । तसर्थ यो पालिकाले शैक्षिक विकासका लागि ठूलो लगानी गर्न पर्ने देखिएको छ । पालिकामा प्रारम्भिक बाल विकास केन्द्र देखि क्याम्पसस्तर सम्म कै गुणस्तरीय शिक्षाको आवश्यकता रहेको छ । पर्यटन शिक्षा, गुम्बा शिक्षा, तथा पर्या पर्यटन शिक्षा उपलब्ध गराउनु पर्ने छ।

## २. समस्या तथा चुनौती

पालिकाको साक्षरता दर अझै पनि पूर्ण हुन नसक्नु, अझै पनि विद्यालय उमेर समूहका बालबालिकाहरूको उल्लेख्य संख्या विद्यालय बाहिर रहनु, विद्यालय छाडने र कक्षा दोहोऱ्याउने दरमा अपेक्षाकृत कमि आउन नसक्नु, सामुदायिक विद्यालयहरूमा पर्याप्त जनशक्ति, उपयुक्त भौतिक पुर्वाधार लगायत न्यूनम आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन गर्न नसक्नु, सार्वजनिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको औसत सिकाई उपलब्धी न्यून हुनु, प्राविधिक तथा व्यावसायिक एवम् उच्च शिक्षाको अवसर स्थानीयस्तर मै उपलव्ध हुन नसक्नु, शिक्षामा नवीनतम प्रविधिको उपयोग गर्ने पुर्वाधार र सीप युक्त जनशक्तिको अभाव हुनु मूल समस्याको रुपमा देखिएका छन् ।विज्ञापन तथा बजारीकरण शिक्षा जरुरी छ ।

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चिताका लागि विद्यालय भर्ना दर बढाउनु, विद्यालयहरुमा आवश्यकता अनुसारका योग्य शिक्षकहरुको व्यवस्था गरी शिक्षाको गुणस्तरीयता अभिवृद्धि गर्नु, शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउनु, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउनु, प्राविधिक एवम् व्यावसायिकका साथै उच्च शिक्षाको पनि प्रवन्ध पालिकामा मिलाउनु प्रमुख चुनौतीहरु हुन्।

## ३. संभावना तथा अवसर

तीन वटै तहका सरकारले शिक्षालाई उच्च प्राथमिकता दिनु, स्थानीय नागरिकहरुमा शैक्षिक जाकरुकता तथा जनसहभागिता बढदै जानु, स्थानीय शैक्षिक विकासका लागि पालिकालाई पर्याप्त कानूनी अधिकार प्राप्त हुनु, स्थानीय स्तरमा राजनीतिक तथा प्रशासनिक प्रतिवद्धता सुनिश्चित भई शिक्षा क्षेत्र विकासको वातावरण सृजना हुनु, शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सकिने हुनु तथा स्थानीय स्तरमा शैक्षिक विकासका पर्याप्त अवसरहरु उपलव्ध हुनु आदि प्रमुख संभावना तथा अवसरहरू हुन्। होटेल व्यवस्थापन, पाक शिक्षा, अतिथ्यता जस्ता सिपमुलक तालीम प्राप्त जनशक्ति उत्पादन हुन्छन ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना

### ४.१ लक्ष्य

शिक्षामा पहुँचका साथै गुणस्तर अभिवृद्धि गरी जीवनोपयोगि-शिक्षा मैत्री बनाउने ।

### ४.२ उद्देश्य

१) आधारभूत तथा माध्यमिक तहको शिक्षामा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु।
२) पालिका मै उच्च शिक्षाको अबसर उपलव्ध गराउनु ।
३) शिक्षालाई सीपमूलक, अतिथ्यतामुलक  र जीवनोपयोगी बनाउनु ।

## ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १ विद्यालय शिक्षामा बालबालिकाको पहुँच र गुणस्तर वृद्धि गर्ने। | क) सबै वडाहरुमा नमूना बालविकास केन्द्रहरू स्थापना गरिनेछन्।<br>ख) माध्यमिक तह सम्मको शिक्षामा सवै बालबालिकाहरूको सहज पहुँच पुऱ्याउन आवश्यक विद्यालयको स्थापना गरिनेछ।<br>ग) विद्यार्थी भर्ना अभियान सबै वडाहरुमा सञ्चालन गरिनेछ ।<br>घ) विद्यालय छाड्ने दर घटाउन विपन्न वर्गका बालबालिकाहरूलाई विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>ङ) परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरुलाई आवश्यक संरक्षण, सहयोग र प्रोत्साहन गरिनेछ।<br>च) विद्यालयको समग्र शैक्षिक सुधारका लागि सबै शिक्षकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>छ) विद्यालयहरुको भौतिक पुर्वाधार सुधारका कार्यक्रमहरू तय गरिनेछन्।<br>ज) जीवनोपयोगी सीपलाई विद्यालय शिक्षामा एकीकृत गरी समावेश गरिनेछ।<br>झ) शैक्षिक व्यवस्थापन, शिक्षण सिकाई र मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको समुचित प्रवन्ध गरिनेछ ।<br>ञ) शिक्षालाई अनुभव र व्यवहार संग जोडेर लैजान विद्यालय तह देखि नै अनुसन्धान र प्रयोगात्मक शिक्षामा जोड दिइनेछ। |
| २ शिक्षालाई समावेशी र सर्वशुलभ बनाउने । | क) अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा एवम् निशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछन्।<br>ख) आधारभूत तह (१-५) मा मातृभाषामा शिक्षा प्राप्त गर्ने वातावरणका लागि आवश्यक व्यवस्था मिलाईनेछ।<br>ग) पिछडिएको वर्ग र समुदायका वालवालिकाहरूको सिकाई उपलब्धी वृद्धि गर्न विशेष कक्षा सञ्चालन गर्न सहयोग गरिनेछ।<br>घ) भिन्न सिकाई आवश्यकता भएका, विपन्न, जोखिममा परेका तथा सीमान्तकृत समूहका बालबालिकाहरूको लागि आवासीय सुविधा सहितका विद्यालयहरू सञ्चालन गरिनेछन् ।<br>ङ) पालिकामा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरुको स्थापनाका लागि प्रदेश सरकारका साथै संघीय सरकारसँग समन्वय गरिनेछ । |

| | |
|---|---|
| ३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका अवसरमा वृद्धि गर्ने। | क) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने शिक्षालयको स्थापना र सञ्चालन गरिनेछ ।<br>ख) प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिममा विपन्न वर्गको पहुँच वृद्धि गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।<br>ग) प्राविधिक शिक्षालाई कृषि, उद्योग, पर्यटन, पुर्वाधार र रोजगारीका आवश्यकतालाई ध्यानमा राखेर सोहि अनुसार कार्यक्रम विस्तार र सञ्चालन गरिनेछ ।<br>घ) जलवायु परिवर्तनसंग सम्वन्धित अध्ययन, अनुसन्धान एवंम् प्रविधि विकास र प्रसारलाई प्रोत्साहन गरिनेछ । |

## ४.४ शिक्षा उपक्षेत्रका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मे वारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | नमुना वालविकास केन्द्रहरु स्थापना | संख्या | १० | १८ | २ | २ | २ | १ | १ | १८ | २५ लाख | संघ र प्रदेश |
| १ | शैक्षिक सुधार कार्यक्रम | संख्या | १ | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | १ करोड | संघ र प्रदेश |
| १ | मातृभाषा पाठ्यक्रम निर्माण | संख्या | ० | ३ | १ | २ | ३ | ३ | ३ | ३ | ५० लाख | संघ र प्रदेश |
| १ | आवासीय विद्यालय निर्माण | संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | ५ करोड | संघ र प्रदेश |
| ३ | प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | २ करोड ५० लाख | संघ र प्रदेश |
| २ | क्याम्पसको स्थापना | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | २ करोड | संघ र प्रदेश |

जम्मा अनुमानित लगानी ११ करोड २५ लाख

## ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा पालिकाको साक्षरता दर बढेको हुनेछ । पालिकामा थप विद्यालयहरुको स्थापनाका साथै उच्च शिक्षा प्रदान गर्ने क्याम्पस, प्राविधिक विद्यालय र व्यावसायिक तालिम केन्द्रको समेत स्थापना भएको हुनेछ । कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाहरूको सङ्ख्या, आधारभूत तह कक्षा (१—८) को खुद भर्नादर तथा माध्यमिक तह कक्षा (९—१२) को खुद भर्नादर समेत अपेक्षित रुपमा बढेको हुनेछ । विद्यालय छाडने दरमा कमि आएको हुनेछ । शिक्षाको गुणस्तरमा उल्लेख्य सुधार भएको हुनेछ । शिक्षामा पर्यटकीय गुण समावेस भएको हुने छ ।

## ६. अनुमान तथा जोखिम पक्ष

निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षा उपलव्ध गराउन आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै व्याप्त विपन्नताका कारण सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गरी पढाईमा लगाई राख्न नसकिने जोखिम रहेको छ ।

# ४.३ खानेपानी तथा सरसफाइ

## १. पृष्ठभूमि

स्वच्छ खानेपानी तथा सरसफाइ सेवा पालिकाका सबै गाउँका घरघरमा अझै पुग्न सकेको छैन। स्वच्छ खानेपानी तथा सरसफाइ सेवा जीवनको अनिवार्य आवश्यकता हो । तसर्थः यो सेवालाई प्राथमिकतामा राखेर पालिकाको कार्यक्रमहरु तय गर्नु पर्नेछ । खानेपानी योजना स्वच्छता मैत्री हुनु पर्ने छ ।
नेपालको संविधानमा स्वच्छ वातावरण, खानेपानी तथा सरसफाई सेवालाई मौलिकहकको रूपमा स्थापित गरिएको छ ।यसैले दिगो, भरपर्दो गुणस्तरीय खानेपानी तथा सरसफाइ सुविधा सबै नागरिकहरुलाई सर्वसुलभ रुपमा उपलव्ध गराउने जिम्मेवारी तीन तहकै सरकारहरुको रहेको छ।

## २. समस्या तथा चुनौती

खानेपानीका स्रोतहरूको उचित संरक्षण हुन नसक्नु तथा जलवायु परिवर्तनले मुहानहरू सुक्दै जानु, खानेपानीको माग र आवश्यकता बमोजिम सोको आपूर्ति हुन सक्ने गरी आयोजनाहरुको निर्माण हुन नसक्नु, भौगोलिक बनावट र टाढाटाढा बस्तीहरु छरिएर रहेका कारण पनि यो सुविधा उपलव्ध गराउन ठूलो लागत लाग्न जाने हुनुएवम् ग्रामिण वस्तीहरुमा ढल निकास सहित फोहोरहरुको उचित व्यवस्थापन हुन नसक्नु र यस सम्वन्धमा जनचेतनाको कमि हुनु समस्याका रुपमा रहेका छन् ।

बढदो खानेपानी सुविधाको मागलाई व्यवस्थापन गर्नु, बस्तीबाट धेरै टाढा रहेका खानेपानीका स्रोतहरुबाट आपूर्ति गर्नु, माग भै रहेका धेरै खाने पानीका आयोजनाहरु सीमित जनशक्ति तथा आर्थिक स्रोत साधनहरुबाट सञ्चालन गर्नु र फोहोरको उचित व्यवस्थापन गर्नु प्रमुख चुनौती हुन् ।

## ३. संभावना तथा अवसर

खानेपानी तथा सरसफाइका सम्वन्धमा समुदायको चेतना जागृत हुदै जानु, खानेपानी तथा सरसफाइमा अपेक्षित उपलव्धी हासिल हुदै जानु, नवीन प्रविधिको विकासले खानेपानी तथा सरसफाइको व्यवस्थापन सहज हुदै जानु, खानेपानी तथा सरसफाइ संघ, प्रदेश र स्थानीय तहको प्राथमिकतामा पर्नु र यसका लागि विकास साझेदारहरूको सहयोग उपलव्ध हुनु अवसरका रुपमा रहेका छन् ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजना

### ४.१ लक्ष्य

**पालिकाका सबै नागरिकहरुलाई स्वच्छ र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउने ।**

### ४.२ उद्देश्य

१) खानेपानी सेवा तत्काल उपलब्ध गराई दिगो रुपले प्रयोग हुने बनाउनु ।

२) फोहोरहरूको व्यवस्थापन तथा ढल निकासको उचित प्रवन्ध गरनु ।

### ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूत खानेपानी सेवाको विस्तार गर्ने । | क) सवै गाउँ बस्तीहरुमा आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराइनेछ ।<br>ख) खानेपानी सेवा विस्तारका लागि नयाँ प्रविधिको उपयोग गरिनेछ ।<br>ग) सञ्चालित आयोजनाहरू दिगो र भरपर्दो बनाउन उपभोक्ता समुहहरूलाई परिचालन गरिनेछ ।<br>घ) खानेपानी तथा सरसफाइ सेवाको पहुँच बाहिर रहेको जनसंख्या पहिचान गरी प्राथमिकताका साथ कार्यक्रम संचालन गरिनेछ।<br>ङ) जलवायु उत्थानशील परिस्थितिकीय प्रणालीको विकास गरी दिगो वातावरणीय सेवाहरुको सुनिश्चितता गरिनेछ । |
| २. खानेपानी सेवाको गुणस्तर वृद्धि गर्ने । | क) खानेपानी आयोजनाहरूमा पानी प्रशोधन प्रणालीको विकास गरिनेछ ।<br>ख) उपलव्ध खानेपानी सुविधाको गुणस्तर वृद्धि गर्दै लैजाने कार्यक्रमहरु सञ्चालन गरिनेछन् । |

| | |
|---|---|
| | ग) स्वच्छ खानेपानी प्रयोग गर्न खानेपानी ल्याप टेस्ट स्थापना गरिनेछ । |
| २. फोहोरहरुको उचित व्यवस्थापन र ढल निकासको समुचित प्रवन्ध मिलाउने । | क) ग्रामिण बस्तीहरुबाट निस्कने फोहोरमैलाहरूको उचित व्यवस्थापनका लागि समुदायसंग सहकार्य गरिनेछ ।<br>ख) पालिकामा पूर्ण सरसफाइलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ ।<br>ग) पालिकामा ढल निकासको उचित प्रवन्ध मिलाउने कार्यक्रम प्रारम्भ गरिनेछ ।<br>घ) बस्ती, वडा र पालिकास्तरिय डम्पिङ साईटको व्यवस्था गरिनेछ । |

## ४.४ खानेपानी तथा सरसफाइ उपक्षेत्रका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मे वारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | एक घर–एक धारा कार्यक्रम विस्तार | प्रतिशत | ८७ | १०० | ९० | ९३ | ९६ | ९९ | १०० | १०० | १० करोड | संघ र प्रदेश |
| १ | खानेपानी उपभोक्ता समूह निर्माण | संख्या | ३१ | ३५ | १ | १ | १ | १ | ३५ | ३५ | ५ लाख | संघ, प्रदेश र गापा |
| १ | पानी प्ररिक्षण ल्याव निर्माण | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | १० लाख | संघ र गापा |
| १ | तुम्कोट खानेपानी निर्माण | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | ६० लाख | संघ, प्रदेश र गापा |
| २ | याल्वाङ ढल निकास | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | १ करोड | संघ र प्रदेश |
| २ | मानव वस्तीका फोहोरहरुको व्यवस्थापन | संख्या | १ | २७ | २ | ६ | १२ | ५ | २ | २७ | ६० लाख | गा. पा. |

जम्मा अनुमानित लगानी १२ करोड ३५ लाख

स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा पालिकाका सबै नागरिकहरुलाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध भएको हुनेछ । खानेपानीलाई उच्च/मध्यम स्तरको बनाउने कार्यक्रम प्रारम्भ भएको हुनेछ । पालिकामा ढल निकास कार्यको प्रारम्भ हुनुका साथै फोहोरहरुको उचित व्यवस्थापनका लागि पूर्ण सरसफाई र डम्पिङ साईट निर्माणको कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।

## ६. अनुमान तथा जोखिम पक्ष

छरिएर रहेका र कठिन भौगोलिक अवस्थाकारण सबै गाउँहरुमा आधारभूत खानेपानी सेवा उपलव्ध गराउन तथा सेवाको गुणस्तर वृद्धिका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै सुक्दै गएका खानेपानीका स्रोतहरुका कारण यो सेवा दिगो र भरपर्दो बनाउन नसकिने जोखिम रहेको छ ।

# ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

## १. पृष्ठभूमि

पालिकाले महिला, बालबालिका तथा लक्षित वर्गका लागि वार्षिक बजेटहरुका कार्यक्रमहरु मार्फत केही कार्यहरु अघि बढाउने प्रयास गरेको छ तथापि आवधिक योजनामा पालिकाका यी वर्गहरु सम्वन्धी ठोस महिला तथा बालबालिका मैत्री बनाउन महिला तथा बालबालिका सम्बन्धि कार्यक्रम तथा आयोजनाहरूको तर्जुमा गर्नु पर्नेछ । आर्थिक तथा सामाजिक रूपान्तरणका लागि संविधानले प्रत्याभूती एवम् निर्दिष्ट गरे अनुसार लैङ्गिक समानता तथा महिला सशक्तीकरण, बालबालिकाहरुको हितमा एवम् जेष्ठ नागरिक र अपाङ्गहरुका लागि पनि केही कार्यक्रमहरु ल्याउन आवश्यक छ । सामाजिक सुरक्षा र सामाजिक न्यायका लागि राज्यले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धताहरूलाई कार्यान्वयनमा लैजान, विभेद, असमानता, वञ्चितिकरण अन्त्य गर्न र मानव बेचबिखन तथा ओसारपसार एवम् घरेलु हिंसा नियन्त्रण गर्नमा पालिकाको पनि उत्तिकै दायित्व र जिम्मेवारी रहने भएकोले पालिकाले तर्जुमा गर्न लागेको आवधिक योजनामा यी वर्गलाई पनि समेटन आवश्यक भएको हो ।कला संस्कृतिको विकासमा लक्षित बर्गको सहभागिताले गर्दा लक्षित वर्गको विकास हुन सक्छ |

## २. समस्या तथा चुनौती

समाजमा रहेको पितृसत्तात्मक सोच अझै कायम रहनु,लैङ्गिक हिंसा तथा गरिबीको प्रभाव महिलाहरूमा बढी पर्नु,अझै पनि धेरै बालबालिका तथा किशोरकिशोरीको गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा पोषणमा पहुँच कम हुनु, बालश्रम, मानव ओसार पसार, बालविवाह, बाल यौनदुर्व्यवहार, बलात्कार, लागु पदार्थको दुर्व्यसन जस्ता विकृति विसंगतिहरू विद्यमान रहनु, अनाथ, अभिभावक विहीन, द्वन्द्व प्रभावित बालबालिका तथा किशोर किशोरीको संरक्षण, हेरचाह र विकासका लागि पर्याप्त लक्षित कार्यक्रम नहुनु, जेष्ठ नागरिकहरुका लागि उपलब्ध सेवा र सुविधामा कमि हुनु, असक्त जेष्ठ नागरिकहरुका लागि  स्याहार केन्द्रहरुको अभाव हुनु, जेष्ठ नागरिकहरुको ज्ञान, सीप, अनुभवको प्रयोग र उचित सम्मान हुन नसक्नु, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामाग्रीहरु सहज रुपमा उपलव्धता हुन नसक्नु, जलवायु परिवतर्नको

असमान तथा उच्च असर, यी क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरू बीच प्रभावकारी समन्वयको कमी रहनु आदि प्रमुख समस्याहरु हुन् ।

महिलाहरुको सार्थक सहभागिता बढाउनु, महिला सशक्तीकरण एवम् हिंसा सम्वन्धमा कार्यरत सबै निकायहरूलाई प्रभावकारी रूपमा परिचालन गर्नु, समाजमा विद्यमान महिला सम्वन्धी गलत परम्परा र अभ्यासहरूको निराकरण गर्नु, महिलामाथि हुने हिंसा र विभेदको अन्त्य गर्नु, बालिका तथा किशोरी माथि हुने हिंसा, बाल विवाह, बालश्रम, बेचविखन एवम् परम्परागत हानिकारक प्रथा तथा प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नु, असहाय र असक्तजेष्ठ नागरिकहरुका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्नु, उनीहरूको ज्ञान, सीप र अनुभवको उपयोगगरी उनीहरुलाई उचित सम्मान दिने वातावरण बनाउनु, अपाङ्गता सम्बन्धी सहायक सामग्रीहरुको सहज उपलव्धताको व्यवस्था गर्नु चुनौतीपूर्ण रहेको छ ।

## ३. संभावना तथा अवसर

महिला सशक्तीकरण एवम् हिंसा सम्वन्धमा यस पालिकामा पनि सामाजिक जागरण तथा चेतना स्तरमा अभिबृध्दि हुनु, गैरसरकारी संस्था तथा सामुदायिक क्षेत्रबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुको हितको क्षेत्रमा क्रियाशीलता बढ्दै जानु संभावना तथा अवसरका रुपमा रहेका छन् । लक्षित बर्गको जीविकोपार्जनले पर्यटन विकासमा टेवा पुग्ने छ ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना

### ४.१ लक्ष्य

- लैङ्गिक विभेद, हिंसा र शोषणको अन्त्य गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुको हित सुनिश्चित गर्ने ।
- पालिका भित्रको युवाहरुलाई हरेक खेलप्रति व्यवसायी बन्न र यस प्रति आकार्षित गर्दै खेलकूद क्षेत्रको विकासमा कृयाशिल गराउने ।

### ४.२ उद्देश्य

१) महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गर्नु ।

### ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पालिकामा लैङ्गिक विभेद, सबै प्रकारका हिंसा र शोषणको अन्त्यको सुनिश्चित गर्ने । | क) महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा बिभेद् र बहिष्करणको रोकथाम एवम् नियन्त्रणका लागि सचेतना सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ख) पालिकामा महिला हकहित र अधिकार सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन गरिनेछ ।<br>ग) बाल विवाह, बहुविवाह र लैङ्गिक तथा घरेलु हिंसाका कारण पर्नजाने सामाजिक, आर्थिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकास सम्वन्धी |

| | |
|---|---|
| | नकारात्मक असर र कानुनी प्रावधानवारे सामाजिक जागरण अभियान सञ्चालन गरिनेछ ।<br><br>घ) लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई संस्थागत गरिनेछ । |
| २. सबै प्रकारको बालश्रमको निषेध र न्यूनिकरण गर्ने। | क) पालिकामा सबै प्रकारका बालश्रम विरुद्धका अभियानहरू सञ्चालन गरिनेछन् । |
| ३. ज्येष्ठ नागरिकको उचित संरक्षण गर्ने । | क) ज्येष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहारको अन्त्यका लागि उनीहरूको अधिकारको संरक्षण गरिनेछ ।.<br>ख) ज्येष्ठ नागरिकप्रति सम्मान अभिवृद्धि गर्न समुदाय स्तरसम्म सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ग) ज्येष्ठ नागरिकको विशेष ज्ञान, अनुभव तथा सिपको विविध क्षेत्रमा सदुपयोग गरिनेछ । |
| ४. अपाङ्गता भएका व्यक्तिहरूको लागि विविध अवसर प्राप्त हुने वातावरण सिर्जना गर्ने । | क) अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा तथा स्वास्थ्य सेवाहरूको व्यवस्थापन गर्न परोपकारी सामाजिक संघ संस्थाहरूको सहभागितालाई प्रोत्साहन गरिनेछ ।<br>ख) अपाङ्गताको प्रकृतिअनुसार सीपमूलक र व्यावसायिक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने प्रयास गरिनेछ ।<br>ग) अपाङ्गता भएका व्यक्तिहरुलाई नियमित अपाङ्गता परिचय पत्र वितरण गरिनेछ । |

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्गका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | नारी सचेतना कार्यक्रम | संख्या | १ | २४ | ५ | १० | १५ | २० | २४ | २४ | १ करोड | संघ,प्रदेश र गापा |
| १ | वालवालिकामा लगानी कार्यक्रम | संख्या | १ | २४ | ५ | १० | १५ | २० | २४ | २४ | ६ करोड | संघ,प्रदेश र गापा |
| १ | ज्येष्ठ नागरिक सम्मान र सुरक्षा कार्यक्रम | संख्या | १ | २४ | ५ | १० | १५ | २० | २४ | २४ | ७ करोड | संघ,प्रदेश र गापा |
| १ | बाल क्लवहरु स्थापना | संख्या | १ | २४ | ५ | १० | १५ | २० | २४ | २४ | ३० लाख | संघ,प्रदेश र गापा |

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | बालमैत्री गाउँपालिका घोषणाका लागि विभिन्न कार्यक्रम सन्चालन गरिने छ । | | ० | ६ | १ | १ | १ | १ | १ | १ | १ करोड | संघ,प्रदेश,दातृ निकायहरु र गापा |

जम्मा अनुमानित लगानी १४ करोड ३० लाख

स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

पालिकामा सबै प्रकारका हिंसाका घटनाहरुमा कमी आएको हुने, महिलाहरुको क्षमता विकासका लागि यथेष्ठ कार्यक्रमहरु सञ्चालन भएको हुनेछ । बालश्रमको न्यूनिकरण भएको हुने, बालबालिका तथा किशोरकिशोरीहरुको उचित संरक्षण र सम्वर्द्धन भएको हुनेछ ।बालमैत्री गाउँपालिका घोषणा हुने, जेष्ठ नागरिकको सामाजिक प्रतिष्ठामा वृद्धि हुनका साथै उहाँहरुको ज्ञान, सीप र अनुभवको उचित उपयोग भएको हुनेछ । पालिकाका अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी तथा स्वरोजगारीमा पहुँच स्थापित भएको हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

पालिकाका सबै वर्गका लागि यथेष्ठ कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै अज्ञानता, सदियौं देखि चल्दै आएको सामाजिक परम्परा र विपन्नताका कारण सञ्चालित कार्यक्रमहरु सफल नहुने जोखिम रहेको छ ।

# ४.५ युवा तथा खेलकुद

## १. पृष्ठभूमि

पालिकाको समग्र विकासका लागि यहाँका युवाहरुको पर्यटन विकासमा सकृयता र सहभागिता नितान्त जरुरी रहेको छ । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण विकास निर्माणमा यो वर्गको महत्व अन्त्यन्त धेरै रहेको हुन्छ । युवाहरूको ज्ञान, सिप, सिर्जनशीलता र उद्दमशीलताको पालिकाको विकासका लागि समुचित उपयोग गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने छ भने युवाहरुका लागि पालिका भित्रै पर्याप्त स्वरोजगारीका अवसरहरू सृजना गर्नु पर्ने भएको छ । यस्तै राष्ट्रिय तथा

अन्तरराष्ट्रियस्तरका खेलाडीहरु उत्पादन हुन सक्ने गरी पालिकामा  पर्यटन स्तरीय खेलकुदका कार्यक्रमहरु पनि यथेष्ठ मात्रामा सञ्चालन गर्नु पर्ने भएको छ ।

## २ समस्या तथा चुनौती

युवा वेरोजगारीको समस्या बढदै जानु,  युवाहरुको बढदो देश भित्रका सहरी क्षेत्र तथा विदेश पलायन, कृषि तथा स्वरोजगारीमा युवाहरुको सहभागिता अपेक्षा गरे अनुरुप बढन नसक्नु, पालिकामा खेलकुदका आवश्यक पूर्वाधार तथा प्रशिक्षकहरुको पर्याप्त व्वस्था हुन नसक्नु प्रमुख समस्याका रुपमा रहेका छन् । युवाहरुको बढदो देश भित्रका सहरी क्षेत्र तथा विदेश पलायन हुने प्रवृतिलाई रोक्नु, सामाजिक र आर्थिक विकासका कार्यहरुमा युवाहरुको सहभागिता बढाउनु, युवाहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु पालिका भित्रै सञ्चालन गर्नु र पालिकामा पर्याप्त खेलकुदका पूर्वाधारहरुको विकास गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

## ३ संभावना तथा अवसर

पालिकाका युवा जनशक्तिलाई सीप र उद्यमशील युक्त वनाई जनसांख्यिक लाभ हासिल गर्ने प्रर्याप्त संभावना रहनु, संघ तथा प्रदेश सरकारबाट पनि युवा लक्षित एवम् खेलकुदका कार्यक्रमहरु सञ्चालन हुनु संभावना तथा अवसरहरु हुन् । यस्तै पालिका भित्रै युवा स्वरोजगारका अवसरहरु सृजना गर्न सकिने यथेष्ठ संभावना तथा अवसरहरु पनि रहेका छन् ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना

### ४.१ लक्ष्य

पालिकाका युवाहरुलाई खेल पर्यटन तथा रोजगारी मार्फत सबै क्षेत्रमा सक्षम र आत्मनिर्भर बनाउने ।

### ४.२ उद्देश्य

१) युवाहरुको क्षमताको विकास गर्दै पालिकाको आर्थिक सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ,

२) युवाहरुलाई खेलकुदका क्षेत्रमा सर्वोत्कृष्ट प्रदर्शन गर्न सक्षम बनाउनु,

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवालाई दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने । | क) युवाहरुका लागि प्राविधिक शिक्षाका साथै क्षमता विकासका कार्यक्रम सञ्चालन गरी उद्यमशीलतामा अभिवृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ख) उत्कृष्ठ कार्य गरी योगदान दिने युवाहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br><br>ग) पालिकाभित्र नै पर्याप्त स्वरोजगारीका अवसरहरु सिर्जना गरी युवा वेरोजगारका समस्याहरुलाई क्रमिक रुपमा समाधान गरिनेछ ।<br><br>घ) परम्परागत पेशालाई प्रर्वद्धन र आधुनिकीकरण गर्दै त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन र सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ ।<br><br>ङ) युवाहरूलाई सामुदायिक विकासका कार्यहरूमा सहभागी गराइनेछ । |
| २. पालिकामा खेलकुदका पूर्वाधारहरुको विकास गर्ने । | क) पालिकामा आवश्यक खेलकुदका पूर्वाधारहरुको विकास गरिनेछ ।<br>ग) युवाहरुलाई व्यासायिक खेलकूदमा लाग्न प्रोत्साहन गरिनेछ ।<br>घ) पालिकास्तरमा विभिन्न खेलकुदका प्रतियोगिताहरुको आयोजना गरिनेछ ।<br>ङ) विद्यालयबाटै खेलकूद प्रति आर्कषित बनाउन बार्षिक रुपमा अध्यक्ष कप खेलकूद प्रतियोगिता सञ्चालन गरिने छ । |

## ४.४ युवा तथा खेलकुदका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | युवा क्षमता विकास कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | ५ करोड | संघ, प्रदेश र गापा |
| १ | युवालाई प्रोत्साहन र सम्मान | संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | ५ करोड | संघ, प्रदेश र गापा |
| २ | लेकधिगा हाइअल्टिच्युट खेल मैदान निर्माण | संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | १० करोड | संघ, प्रदेश र गापा |
| १ | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | ३० करोड | संघ, प्रदेश र गापा |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बार्षिक रुपमा अध्यक्ष कप सन्चालन गर्ने । | संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | २५ लाख | गा पा |

जम्मा अनुमानित लगानी ५० करोड

## ५. अपेक्षित उपलब्धि

पालिकाका युवाहरुको क्षमता अभिवृद्धि भई स्वरोजगार र उद्यमशीलतामा वृद्धि भएको हुनेछ । पालिकामा युवा स्वरोजगारीका अवसरहरुको सृजना भएको हुनेछ । पालिकामा खेलकुद पूर्वाधारहरुको विकास भएको हुनेछ ।पर्यटकीय नाम्खामा खेल पर्यटनको विकास भएको
हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

पालिकामा युवा परिचालनका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै युवा पलायनता कारण सञ्चालित कार्यक्रमहरु सफल नहुने जोखिम रहेको छ ।

## ४.६ सामाजिक क्षेत्रका नतिजा खाका

**प्रभाव**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| मानव विकास सूचकाङ्क | इण्डेक्स | ०.४३० | ०.४४२ | ०.५४५ | ०.५५० | ०.५६० | ०.५९० | के.त.वि. / प्र.त.का. |
| लैङ्गिक विकास सूचकाङ्क | इण्डेक्स | ०.८८६ | ०.९०४ | ०.९१० | ०.९१७ | ०.९२३ | ०.९३० | के.त.वि. / प्र.त.का. |
| अपेक्षित आयु (जन्म हुदाँको) | वर्ष | ६७ | ६७.६ | ६८.२ | ६८.८ | ६९.४ | ७२ | के.त.वि. / प्र.त.का. |
| बेरोजगारी दर | प्रतिशत | १०.६ | ९.० | ८.५ | ८.० | ७.० | ५ | के.त.वि. / प्र.त.का. |
| बहुआयामिक गरिवीको दर | प्रतिशत | ३९ | ३५ | ३० | २५ | २३ | २० | के.त.वि. / प्र.त.का. |

| स्वास्थ्य तथा पोषण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
| बाल मृत्यु दर ५ वर्ष मुनिका (प्रतिहजार जीवित जन्ममा) | जना | ० | ० | ० | ० | ० | ० | गा.पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ३ | २ | १ | १ | ० | ० | गा.पा. |
| ३० मिनेटको दूरीमा स्वास्थ्य सेवामा पहुँच भएको परिवार | प्रतिशत | २१ | २५ | ३० | ४० | ५० | ६० | गा.पा. |
| स्वास्थ्य बीमामा आवद्ध जनसंख्या | प्रतिशत | ० | ३५ | ४० | ५० | ५५ | ६० | गा.पा. |
| नवजात शिशु मृत्यु दर (प्रतिहजार जीवित जन्ममा) | जना | ० | ० | ० | ० | ० | ० | गा.पा. |
| स्वास्थ्य संस्था मार्फत प्रसुति सेवा लिने महिला | प्रतिशत | ७१ | ७५ | १०० | १०० | १०० | १०० | गा.पा. |
| दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी भएका महिला | प्रतिशत | २१ | २५ | ५० | ७५ | ८५ | ९५ | गा.पा. |
| प्रोटोकल अनुसार चार पटकसम्म गर्भवती जाँच गराउने महिला | प्रतिशत | ५६ | ६५ | ७० | ७५ | ८० | ९० | गा.पा. |
| प्रोटोकल अनुसार आमा बच्चाको जन्मपछि तीन पटक सेवा प्राप्त गर्ने महिला | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ९० | गा.पा. |
| भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | ९१ | ९४ | ९७ | ९८ | ९९ | १०० | गा.पा. |
| तोकिए वमोजिमका सबै खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | ७८ | ८१ | ९० | ९२ | ९४ | ९५ | गा.पा. |

**प्रतिफल**

| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक स्वास्थ्य इकाइ | संख्या | ४ | ६ | ६ | ६ | ६ | ६ | गा.पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी | संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | गा.पा. |
| अस्पताल | संख्या | ० | ० | ० | ० | ० | १ | संघ, प्रदेश र गापा |
| प्रसुती केन्द्र | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | गा.पा. |

**शिक्षा**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| साक्षरता दर | प्रतिशत | ६८ | ७१.० | ७६.४ | ८२.१ | ८८.३ | ९० | गा.पा. |
| युवा साक्षरता दर (१५-२४ वर्ष ) | प्रतिशत | ८२ | ८५.१ | ८८.४ | ९१.८ | ९५.३ | ९९ | गा.पा. |
| बाल विकास केन्द्रको भर्ना दर | प्रतिशत | ७१ | ७५ | ८० | ८५ | ९० | ९९ | गा.पा. |
| आधारभूत तह (१-८ ) मा खुद भर्ना दर | प्रतिशत | ९८ | ९८.३ | ९८.५ | ९८.६ | ९८.८ | ९९ | गा.पा. |
| माध्यमिक तह (९-१२ ) मा खुद भर्ना दर | प्रतिशत | ६० | ६०.५ | ६१.६ | ६२.७ | ६३.८ | ६५ | गा.पा. |
| आधारभूत तह (१-८ ) मा कक्षा छाड्ने दर | प्रतिशत | ४.५ | २.९ | १.९ | १.२ | ०.८ | ० | गा.पा. |
| माध्यमिक तह (९-१२ ) मा कक्षा छाड्ने दर | प्रतिशत | २७ | २० | १५ | १० | ५ | ० | गा.पा. |
| **प्रतिफल** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
| बाल विकास केन्द्र | संख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | गा.पा. |
| आधारभूत विद्यालय | संख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | गा.पा. |
| माध्यमिक विद्यालय | संख्या | १ | १ | १ | १ | १ | १ | गा.पा. |
| क्याम्पस | संख्या | ० | ० | ० | १ | १ | १ | गा.पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (१–८) | अनुपात | २७ | २६ | २५ | २४ | २३ | २० | गा.पा. |
| शिक्षक विद्यार्थी अनुपात माध्यमिक तह (९–१२) | अनुपात | २५ | २४ | २३ | २२ | २१ | २० | गा.पा. |
| पेशागत तालिम प्राप्त शिक्षक आधारभूत तह (१–८) | संख्या | १५ | १८ | २१ | ३५ | ३७ | ४२ | गा.पा. |
| पेशागत तालिम प्राप्त शिक्षक माध्यमिक तह (९–१२) | संख्या | ० | १ | ३ | ३ | ४ | ६ | गा.पा. |
| माध्यमिक तहमा छात्रवृत्ति पाउने विद्यार्थी | संख्या | ० | ५ | १० | १५ | २० | २२ | गा.पा. |
| उच्च शिक्षामा छात्रवृत्ति पाउने विद्यार्थी | संख्या | ० | ४ | ५ | ६ | ६ | ६ | गा.पा. |
| इण्टरनेट सुविधा पुगेका विद्यालय | संख्या | १ | १० | १२ | १४ | १६ | १८ | गा.पा. |
| **खानेपानी तथा सरसफाइ** | | | | | | | | |
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
| आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ८९ | ९० | ९१ | ९२ | ९३ | ९५ | गा.पा. |
| सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ६० | ६५ | ६७ | ७० | ७२ | ७५ | गा.पा. |
| **प्रतिफल** | | | | | | | | |
| खानेपानी आयोजनाहरुको निर्माण | संख्या | ३१ | ३२ | ३३ | ३४ | ३५ | ३६ | गा.पा. |
| सुधारिएको शौचालय निर्माण | संख्या | ८०० | ८०७ | ८२० | ८४४ | ८४४ | ८४४ | गा.पा. |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | | | | | | | | |

| असर | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
| जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | १ | १ | ० | ० | ० | ० | गा.पा. |
| घरेलु हिंसा पिडित महिला | प्रतिशत | ६ | ५ | ४ | ३ | २ | १ | गा.पा. |
| महिला साक्षरता दर | प्रतिशत | ५८ | ६० | ६७ | ७५ | ८५ | ९५ | गा.पा. |
| बाल हिंसाका घटना | संख्या | ० | ० | ० | ० | ० | ० | गा.पा. |
| बाल विवाह NMICS | प्रतिशत | ० | २ | ० | ० | ० | ० | गा.पा. |
| बाल श्रम | संख्या | ० | ० | ० | ० | ० | ० | गा.पा. |
| किशोरकिशोरी हिंसा | संख्या | ० | ० | ० | ० | ० | ० | गा.पा. |
| लागु पदार्थ दुर्व्यसनी भएका किशोरकिशोरी | संख्या | ० | ० | ० | ० | ० | ० | गा.पा. |
| जेष्ठ नागरिक लक्षित कार्यक्रम | संख्या | १ | १ | ६ | ६ | ६ | ६ | गा.पा. |
| सरकारी सुविधा उपभोग गर्ने अपाङ्गता भएका व्यक्ति | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | गा.पा. |
| अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | गा.पा. |
| **प्रतिफल** | | | | | | | | |
| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
| महिला सिप विकास तालिम | संख्या | ४६ | ७० | ७५ | ८० | ९० | १०० | गा.पा. |
| महिला उद्यमीहरु | संख्या | ५२ | ५२ | ६० | ७० | ८० | ९० | गा.पा. |
| बाल विकास केन्द्र | संख्या | १५ | २ | १७ | १७ | १७ | १७ | गा.पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| किशोरकिशोरी लक्षित कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | गा.पा. |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | ० | ० | १ | ६ | ६ | ६ | गा.पा. |
| अपाङ्गता भएकाहरुका लागि सेवा केन्द्र | संख्या | ० | ० | ० | १ | १ | १ | गा.पा. |

**युवा तथा खेलकुद**

**असर**

| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | **२०७९।०८०** | **२०८०।०८१** | **२०८१।०८२** | **२००८२।०८३** | **२०८३।०८४** | **सूचनाको श्रोत** |
|---|---|---|---|---|---|---|---|---|
| युवा अर्ध–बेरोजगारी दर | प्रतिशत | ५० | ५० | ४५ | ४० | ३५ | ३० | गा.पा. |
| युवा साक्षरता दर | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९७ | ९९ | गा.पा. |
| स्वरोजगार कर्जा प्राप्त गरी व्यसाय सञ्चालन गर्ने युवा | संख्या | ७६ | १०० | १५० | २०० | २५० | ३०० | गा.पा. |
| खेल प्रतियोगिता | संख्या | १ | १ | १ | १ | १ | १ | गा.पा. |
| खेल प्रशिक्षक भएको विद्यालय | संख्या | १ | १ | १० | १३ | १५ | १७ | गा.पा. |

**प्रतिफल**

| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | **२०७९।०८०** | **२०८०।०८१** | **२०८१।०८२** | **२००८२।०८३** | **२०८३।०८४** | **सूचनाको श्रोत** |
|---|---|---|---|---|---|---|---|---|
| रोजगार वा स्वरोजगार प्राप्त युवा | संख्या | ४२३ | ४७६ | ७२१ | ९३३ | ११३८ | १४३५ | गा.पा. |
| सिप विकास तालिम प्राप्त युवा | संख्या | २५८ | २७६ | ३२१ | ४४६ | ५३२ | ६४१ | गा.पा. |
| युवा उद्यमीहरु | संख्या | ५८ | १३१ | २०८ | ३१२ | ४२२ | ५२५ | गा.पा. |
| खेल मैदान | संख्या | २ | २ | २ | ३ | ३ | ३ | गा.पा. |
| खेल प्रशिक्षक | संख्या | २ | २ | ३ | ४ | ५ | ६ | गा.पा. |

# परिच्छेद ५
# आर्थिक क्षेत्र

## ५.१ कृषि तथा पशुपन्छी पालन

### १. पृष्ठभूमि

पालिकाको आर्थिक समृद्धिको प्रमुख आधार कृषि तथा पशुपन्छी पालन र व्यापर नै हो । उच्च पहाडी तथा हिमाली भूभागमा हुने विशेष खाल्का प्राङ्गारिक कृषि उत्पादन एवम् पशुपन्छी पालनको प्रचुर संभावना रहेको छ । पालिकाको निर्वाहमूखी कृषि उत्पादन तथा पशुपन्छी पालनलाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाउन संघ तथा प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रमका साथसाथै पालिकाले पनि विशेष कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ । यसबाट पालिका भित्रै स्वरोजगारीका पर्याप्त अवसर सृजना हुन जानुका साथै पालिकाको आर्थिक उन्नतिमा पनि ठोस योगदान पुग्न जानेछ । यस्तै सञ्चालित कार्यक्रममा महिला एवम् गरिवीको रेखामुनी रहेका लक्षित समुदायको पहुँच बढाई खाद्य सुरक्षाको सुनिश्चिता पनि सँगसँगै बढाउदै जाने र कृषि र पशु विकासले गर्दा आर्थिक विकासका अवसरहरु पनि प्राप्त हुनेछन् ।

### २. समस्या तथा चुनौती

कृषि तथा पशुपन्छी पालनका लागि गर्नु पर्ने लगानीका लागि आवश्यक स्रोत साधनको अभाव, सिँचाइ, सडक, कृषि बजार, बीउ बैंक, शीत भण्डार, गोदाम घर, विद्युत तथा यन्त्र उपकरण आदि आवश्यक भौतिक पुर्वाधारहरुको अभाव, कृषि तथा पशुपन्छी पालन परम्परागत मात्र भई आधुनिकिकरण हुन नसक्नु, माटोको उर्वराशक्ति दिनानुदिन ह्रास हुँदै जानु, जलवायु परिवर्तनका समस्याहरू, बजारको पहुचँ न्युन हुनु, युवाहरुको पलायनका कारण जनशक्तिको अभाव हुनु, छाडा गाईवस्तुले गर्दा कृषि उद्पादन र यसको विकास गर्न नसक्नु नै प्रमुख समस्याको रुपमा रहेका छन्।

पालिका स्तरीय कृषि उत्पादन सामग्रीहरूको सहज उपलव्धता, कृषि तथा पशुपन्छी पालनमा व्यावसायिकता अभिवृद्धि गर्नु, उत्पादित वस्तुको बजार पहुँच बढाउनु, कृषि अनुदानको सदुपयोग, सहुलियत र सहज रुपमा कृषि ऋृण उपलव्ध गराउनु, शिक्षित युवालाई कृषि पेशामा आकर्षित गर्नु, दक्ष प्राविधिक जनशक्तिको सहज आपूर्तिको व्यवस्था मिलाउनु, पर्याप्त सिँचाइको प्रवन्ध मिलाउनु, कृषि जैविक विविधताको संरक्षण गर्नु र माटोको उर्वराशक्ति जोगाउनु तथा भिरालो जमिनमा कृषि उत्पादन गर्नु चुनौतीहरु हुन् ।

### ३. संभावना तथा अवसर

पालिका भित्र प्राङ्गारिक रुपमा उच्च मूल्यका कृषि उपजहरू उत्पादन गर्न सकिने अवस्था विद्यमान रहनु, जैविक विविधता उपलब्ध हुनु, कृषि क्षेत्रको उत्थानका लागि संघ र प्रदेश सरकारबाट पनि कार्यक्रम सञ्चालनमा रहनु, गैरसरकारी संस्थाहरुले कृषि क्षेत्रको विकासमा रुचि देखाउनु, सहकारी र महिलाहरुको

सामूहिकरुपमा कृषिमा सहभागिता बढ्दै जानु, कृषिमा व्यवसायिकता तथा उद्यमशीलता विकास गर्न कृषकहरूको रुचि बढ्दै जानु संभावना तथा अवसरहरु हुन् ।

# ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना

## ४.१ लक्ष्य

प्राङ्गारिक एवम् व्यवसायिक रुपमा कृषि उत्पादन र पशुपन्छी पालन एवं उत्पादन लिकाको खाद्य सुरक्षा, रोजगारी र समृद्धिमा योगदान पुऱ्याउने ।

## ४.२ उद्देश्य

१) कृषि तथा पशुपन्छिजन्य उत्पादन बृद्धि गरी खाद्य सुरक्षा सुनिश्चित गर्नु ।
२) प्राङ्गारिक तथा जलवायु मैत्रि कृषि तथा पशुपन्छिजन्य उत्पादनमा व्यवसायिकता प्रवर्द्धन गरी पालिकाको समृद्धिमा योगदान दिनु ।
३) युवा रोजगारका लागि कृषि तथा पशुपालनको व्यवसायमा अभिप्रेरित गर्ने ।

## ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पालिकाको कृषि उत्पादनमा वृद्धि गर्ने । | क) पालिकामा हुने रैथाने प्रजातिका प्राङ्गारिक अन्नबाली, तरकारी तथा फलफूल उत्पादनको वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ख) गुणस्तरीय विउ विजन लगायतका कृषि उत्पादन सामाग्रिहरुको सहज उपलव्धता सुनिश्चित गरिनेछ ।<br>ग) युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।<br>घ) कृषि उत्पादनलाई प्रोत्साहित गर्नका लागि कृषि अनुदानलाई उत्पादनसँग जोडिनेछ ।<br>ङ) स्थानीय कृषि उत्पादनलाई बजार सम्म पुर्याउन लाग्ने ढुवानी खर्चमा केही अनुदानको व्यवस्था गरिनेछ ।<br>च) पालिकामा कृषि प्राविधिकहरुको उपलव्धतालाई सुनिश्चित गरिनेछ ।<br>छ) पारम्पारिक सिँचाइ प्रणालीलाई सुधार गरी सिंचित क्षेत्र विस्तार गरिनेछ ।<br>ज) जलवायुमैत्रि कृषि प्रणाली अवलम्वन गरी खाध्य सुरक्षा, पोषण तथा जीविकोपार्जनमा सुधार गरिनेछ ।<br>झ) अर्गानीक बालीको उत्पादन तथा प्रवर्द्धन गर्ने । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. पशुपन्छि जन्य उत्पादनमा वृद्धि गर्ने । | क) स्थानीय जातका चौरी, जुमा, गाई, भेडा तथा च्यांग्रा अन्य चौपायहरुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>ख) दुध, घिउ, चिज, मासु, जस्ता पशुपन्छिजन्य उत्पादन एवम् महको उत्पादन बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ग) पशु प्राविधिक तथा आवश्यक औषधिहरु स्थानीय रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।<br>घ) पालिकामा पशु विमा कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. कृषिमा व्यावसायिकरण गर्ने । | क) पालिकामा कृषि उत्पादन वृद्धिका लागि कृषिमा व्यावसायिकरण गर्ने नीति अवलम्वन गरिने छ ।<br>ख) पालिकामा कृषि फार्म, स्रोत केन्द्र, प्रयोगशालाहरुको व्यवस्था गरिनेछ ।<br>ग) कृषि उत्पादन वृद्धिका लागि स्थानीय स्रोत व्यक्तिको व्यवस्था गरिनुका साथै निजहरुको क्षमता वृद्धिका लागि गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>घ) कृषि उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण प्रक्रियामा विशेष प्राविधिक र आर्थिक सहयोग समन्वय र सहजीकरण गरिनेछ।<br>ङ) पालिकामा कृषक समूह, कृषि सहकारी संस्था तथा कृषि उद्यमीहरुको सहकार्यमा कृषि उत्पादन प्रशोधन तथा कृषि बजार र संकलन केन्द्रको निर्माण गरिनेछ ।<br>च) पालिका भित्र भौगोलिक सम्भाव्यता तथा तुलनात्मक लाभका आधारमा स्थानीय रैथाने बाली तथा वस्तुहरुको पकेट तथा ब्लक निर्माण गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>छ) उच्च मूल्य तथा नवीनतम् प्रविधियुक्त फार्महरुको स्थापना गर्न प्रोत्साहन र सहयोग गरिनेछ ।<br>ज) कृषि पेशालाई मर्यादित तथा सम्मानित बनाउन उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।<br>झ) पालिकामा कृषि पर्यटनका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ ।<br>ञ) पालिकामा सामुहिक खेती अवधारणा अनुसार कृषि कार्य गर्न प्रोत्साहित गरिनेछ । |

## ४.४ कृषि तथा पशुपन्छी पालनका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | | |
| २ | रैथाने वाली तथापशुपन्छी प्रवर्द्धन कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | १ | ५ | १ करोड | संघ र प्रदेश | |
| १ | सिंचित क्षेत्र विस्तार कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | १ | ५ | ५० करोड | संघ र प्रदेश | |
| १ | पशुपन्छी विमा कार्यक्रम | संख्या | ६२१ | ७३५ | ८४४ | १६८८ | ३३७६ | ६७५२ | १३५०४ | १३५०४ | ५ करोड | संघ र प्रदेश | |
| २ | कृषि फार्म, स्रोत केन्द्र तथा प्रयोगशाला निर्माण | संख्या | १४ | १०० | २० | ४० | ६० | ८० | १०० | १०० | ५ करोड | संघ र प्रदेश | |
| २ | कृषिउत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा सहजीकरण | संख्या | १ | ४ | ० | १ | १ | १ | १ | ४ | १ करोड | संघ र प्रदेश | |
| २ | कृषि बजार तथा संकलन केन्द्र निर्माण | संख्या | १ | ६ | २ | ३ | ४ | ५ | ६ | ६ | १ करोड २० लाख | संघ र प्रदेश | |
| २ | पकेट तथा व्लकमा व्यवसायिक खेती | संख्या | ३ | ६ | १ | २ | २ | १ | ६ | ६ | ५ करोड | संघ र प्रदेश | |
| २ | आधुनिकप्रविधि हस्तान्तरण कार्यक्रम | संख्या | १ | ७ | १ | २ | २ | १ | १ | ७ | १ करोड २० लाख | संघ र प्रदेश | |
| २ | कोल्ड स्टोर निर्माण | संख्या | ० | १ | ० | ० | १ | १ | १ | १ | १ करोड | संघ र प्रदेश | |
| १ | अन्न बैंकको स्थापना तथा सञ्चालन | संख्या | ० | ३ | ० | ० | १ | २ | ३ | ३ | ६० लाख | संघ र प्रदेश | |

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | | |
| १ | दुग्ध वस्तुवाट बनेका चीजहरुको उत्पादन तथा कोसेली घर स्थापना | संख्या | ० | १ | | | | | | १ | ८० लाख | | |
| १ | कोल्डस्टोरको स्थापना | ० | १ | | | | | | १ | १ | | १ करोड | |

जम्मा अनुमानित लगानी २१ करोड ५० लाख

स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

योजनाको अन्तसम्ममा पालिकाको कृषि तथा पशुपन्छि उत्पादन वृद्धि हुनका साथै कृषिको व्यावसायिकरण भएको हुनेछ । पालिकामा कृषि बजार र संकलन केन्द्रको निर्माण भएको हुनेछ । कृषिमा पर्यटकीय गुण मिलेको हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

पालिकामा कृषि तथा पशुपन्छी पालनका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै स्थानीय श्रम शक्तिको अभावका कारण सञ्चालित कार्यक्रमहरु सफल नहुने जोखिम रहेको छ ।

## ५.२ सिँचाइ

### १. पृष्ठभूमि

पालिकामा आधुनिक सिँचाइ प्रणालीहरुको विकास नभई सकेको हुँदा केही मात्रामा पारम्पारिक सिँचाइ प्रणाली भएतापनि अधिकांश खेतीपाती अझैपनि आकाशेपानीमा भरपर्नु पर्ने अवस्था विद्यमान रहेको छ । पालिकामा अन्नबाली उत्पादन हुने वडाका क्षेत्रहरुमा सिँचाइ प्रणालीको विकास गर्न सकिए पालिका अन्न उत्पादनमा आत्मनिर्भर हुन सक्ने छ । यस्तै गरी पालिकामा हुने उच्च हिमाली क्षेत्रमा मात्र उत्पादन हुने खालका अन्न बालीहरुको उत्पादन बढाई बाहिरी बजारमा पठाइ आर्थिक लाभ लिन सकिने अवस्था पनि सृजना गर्न सकिने छ । तसर्थ पालिकाको परम्परागत सिँचाइ प्रणालीको मर्मत-संभार तथा उपलव्ध पानीको स्रोतको उच्चतम उपयोग गरी नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको पर्यटकीय दृष्टिकोणले विस्तार गर्ने प्रयास गर्नु पर्नेछ ।

## २. समस्या तथा चुनौती

पालिकामा मौजुद परम्परागत सिँचाइ प्रणाली उचित मर्मत संभारको अभावमा जीर्ण हुँदै जानु, पालिकामा आधुनिक सिँचाइ आयोजनाहरू सञ्चालन हुन नसक्नु, स्थानीय उपभोक्ताहरुको सिँचाइ प्रणालीको व्यवस्थापन गर्ने क्षमता कम हुनु, नियमित मर्मत सम्भार नुहुन, स्थानीय रुपमा उपलव्ध सिँचाइका स्रोतहरूको आधुनिक प्रविधिको प्रयोगद्वारा उच्चतम उपयोग हुन नसक्नु प्रमुख समस्याहरू हुन् ।

परम्परागत रुपमा सञ्चानमा रहेका सिँचाइ प्रणालीलाई दिगो र भरपर्दो बनाउनु एवम् यसको व्यवस्थापनका लागि स्थानीय जल उपभोक्ता समितिहरुको परिचालन गर्नु, सिँचाइ सुविधा पुग्न बाँकी कृषियोग्य भूमिमा सिँचाइ प्रणालीको विकास गरी सिँचाइ सुविधा उपलव्ध गराउनु, सिँचाइमा आधुनिक प्रविधिहरूको पर्यटकीय उपयोग गर्नु प्रमुख चुनौतीहरू हुन् ।

### ३. संभावना तथा अवसर

पालिकामा आधुनिक सिँचाइ प्रणालीको विकासका लागि पानीको स्रोत उपलव्ध हुनु, पालिकामा सिँचाइ सम्वन्धी गुरुयोजना बनाई कार्यक्रमहरु सञ्चालन गर्ने प्रकृयाको थालनी हुनु, परम्परागत सिँचाइ प्रणालीहरुको उपयोग बढदै जानु,  सिँचाइ तीनै तहका सरकारहरुको प्राथमिकताको क्षेत्रमा पर्नु संभावना तथा अवसरहरू हुन् ।सिंचाई क्षेत्र पर्यटकीय क्षेत्र भएका हुने छन् |

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

### ४.१ लक्ष्य

पालिकाका सबै खेतीयोग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा उपलव्ध गराउने ।

## ४.२ उद्देश्य

१) पालिकाको कृषि उत्पादनमा वृद्धिका लागि आधुनिक सिँचाइ प्रणालीको विकास गर्नु ।

२) परम्परागत रुपमा चलिआएको सिँचाइ प्रणालीहरुको उचित मर्मत सम्भार गर्नु ।

## ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सिँचाई विकास गुरुयोजना तयार गरी आधुनिक सिँचाइ प्रणालीको विकास गर्ने । | क) पालिकाको सिँचाइ विकास सम्वन्धी गुरुयोजना तयार गरिनेछ ।<br>ख) पालिकामा आधुनिक सिँचाइ प्रणालीको विकासका लागि संघीय एवम् प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।<br>ग) तत्काल विकास गर्न सकिने सिँचाइ प्रणालीहरुका लागि संभाव्यता अध्ययन गरी निर्माण प्रकृयालाई अघि बढाइनेछ । |
| २. परम्परागत रुपमा सञ्चालित सिँचाइ प्रणालीहरुको दिगो व्यवस्थापन सुनिश्चित गर्ने । | क) परम्परागत रुपमा सञ्चालनमा रहेका सिँचाइ प्रणालीहरुको दिगो व्यवस्थापनका लागि स्थानीय उपभोक्ताहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ ।<br>ख) परम्परागत रुपमा सञ्चालनमा रहेका स्थानीय सिँचाइ प्रणालीहरुलाई उचित मर्मत सम्भारको प्रवन्ध गरी भरपर्दो बनाउदै जाने कार्यक्रमहरू सञ्चालन गरिनेछन् । |

### ४.४ सिँचाइका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | सिँचाइ विकास गुरुयोजना निर्माण | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | १० लाख | संघ, प्रदेश र गापा |
| १ | दिगो सिँचाइ व्यवस्थापन कार्यक्रम | | १२ | २४ | १४ | १६ | १९ | २२ | २४ | २४ | २ करोड | संघ, प्रदेश र गापा |
| २ | परम्परागत सिँचाइको मर्मत तथा सम्भार | संख्या | १० | ८ | ९ | १० | १० | १० | १० | १० | २ करोड | गापा |
| १ | नयाँ सिँचाइ प्रणालीको निर्माण | संख्या | २ | ७ | २ | २ | १ | १ | १ | ७ | ७ करोड | संघ, प्रदेश र गापा |

जम्मा अनुमानित लगानी ११ करोड १० लाख

स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

पालिकाको सिँचाइ गुरु योजना तयार भएको हुने तथा नयाँ सिँचाइ प्रणालीहरुको विकास भई सिँचाई सुविधामा वृद्धि भएको हुने छ तथा पालिकाको कृषि उत्पादकत्वमा उल्लेख्य रुपमा वृद्धि भएको हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

पालिकामा नयाँ सिँचाइ प्रणाली विकासका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै स्थानीय पानीको स्रोतको अभावका र नियमित मर्मत सम्भारको कमीका कारण सञ्चालित सिँचाइ आयोजनाहरु दिगो र भरपर्दो हुन नसक्ने जोखिम रहेको छ ।

# ५.३ पर्यटन, सँस्कृति तथा सम्पदा

## १. पृष्ठभूमि

उच्च पहाडी एवम् हिमाली भूभागमा समेटिएको यस पालिकामा पर्यटन क्षेत्रको विकासबाट प्रसस्त आर्थिक उपार्जन गर्न सकिने पर्याप्त संभावनाहरु छन् । पालिका कैलाश मानसरोवर जाने प्रमुख नाका भएको, पालिकामा प्रमुख पर्यटकीय गन्तव्य मध्येको लिमी उपत्यका रहेको र धेरै प्राचीन बौद्ध सँस्कृति र सम्पदाहरु रहेकाका कारण पनि यहाँ पर्टकीय संभावनाहरु बढन गएको हो ।स्थानीय विकासका सबै योजनाहरु पर्यटन मैत्री — पर्यटकीय गुण समावेशी भएका हुनु पर्ने छ | यस्तै मनोरम हिमाली भुपरिदृष्य र ठूलो क्षेत्रफलमा फैलिएको पालिका भएकोले यहाँको पर्यटकीय विकासमा थप योगदान दिन सक्छ । धार्मिक तथा सांस्कृतिक पर्यटन, मनोरञ्जनात्मक पर्यटन, तालतलैया, झरना कृषि पर्यटन, पर्या-पर्यटन, पदयात्रा तथा साहसिक पर्यटन क्षेत्र समेतको यस पालिकामा थुप्रै सम्भावनाहरु रहेका छन् । यसर्थः पर्यटन, सँस्कृति र सम्पदालाई यस पालिकामा रोजगारी सृजनाका साथै पालिकाको आर्थिक विकासको प्रमुख आधारहरु मध्येका रुपमा पहिचान गरिएको छ । नाम्खाको कृषि, पर्या, तथा धार्मिक सांस्कृतिक पर्यटन नै अबको विकासको मुख्य मोडेल हुनु पर्दछ | यसका लागी सबैको जनसहभागिताबाट यथास्वरूप सहयोग लिनु पर्दछ | सरकार र जनताको सहभागिता सुनिस्चित हुनु पर्दछ | बिद्यालय, सहकारी, गैह सरकारी संघसस्था, गुम्वा आदि सबै विकासका साझेदारलाई पर्यटन विकासमा परिचालन गर्नु पर्दछ | त्यसैले यस उपक्षेत्रको विकासका लागि योजनावद्ध रुपमा ठोस कार्यक्रम बनाई शिघ्र कार्यान्वयन गर्न पर्ने भएको छ ।

## २. समस्या तथा चुनौती

पालिकामा पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरुको अभाव हुनु तथा तालिम प्राप्त जनशक्तिको अभाव रहनु, पालिकाका पर्यटकीय गन्तव्यहरुको पर्याप्त पहिचान र विकास गरी देश, विदेशमा प्रचार प्रसार हुन नसक्नु, पालिकाका साँस्कृतिक सम्पदाहरुको उचित संरक्षण र सम्वर्द्धन हुन नसक्नु प्रमुख समस्याहरु हुन् ।

पालिकाको पर्यटन विकासका लागि पर्याप्त आर्थिक स्रोतको व्यवस्था गर्नु, साँस्कृतिक सम्पदाहरुको उचित संरक्षण र सम्वर्द्धन गर्नु, पर्यटकीय गन्तव्यहरुका लागि आवश्यक पूर्वाधार निर्माण गर्नु, तालिम प्राप्त जनशक्ति उत्पादन गरी पर्यटन प्रवर्द्धनमा परिचालन मार्फत पर्याप्त रोजगारी श्रृजना गर्नु, पालिकामा पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, पालिकाका पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गरी पालिकामा आन्तरिक तथा वाह्य पर्यटकहरुको आवागमन बढाउनु र पर्यटकहरूको स्वास्थ्य तथा व्यक्तिगत सुरक्षाका लागि उचित प्रवन्ध मिलाउनु प्रमुख चुनौतीहरु हुन् । यस पालिकाका सबै घरधुरीलाई होम स्टेको रुपमा विकास गर्न सकिन्छ यद्देपि यसका लागि आर्थिक सामाजिक चुनौतीहरुलाई अवसरको रुपमा परिणत गर्न जरुरी छ ।

## ३. संभावना तथा अवसर

पालिकामा साँस्कृतिक, शाहसिक, कृषि एवम् पर्या-पर्यटनको प्रचुर संभावना रहनु, पर्यटन पालिकामा रोजगारी सृजना र आर्थिक विकासको सशक्त आधारका रुपमा रहन सक्ने हुनु, पालिकामा थुप्रै धार्मिक, साँस्कृतिक सम्पदाहरु विद्यमान रहनु, कैलास मानसरोवर जाने प्रमुख नाका पालिकामा रहनु, पर्यटकीय विकास तीनै तहका सरकारको प्राथमिकतामा पर्नु  यस क्षेत्रका प्रमुख संभावना तथा अवसरहरु हुन् । पालिकाको धर्म, संस्कृति, कृषि, सरसफाई तथा स्वच्छता सुनुस्चितााता गर्ने कार्यबाट जनता प्रतक्ष्य लाभावान्वित हुने छन् ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना

### ४.१ लक्ष्य

पर्यटन पूर्वाधारको विकास र साँस्कृतिक सम्पदाहरुको संरक्षण गरी पर्यटनको माध्यमबाट पालिकाको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने ।

### ४.२ उद्देश्य

१) पालिकालाई आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विकास र प्रवर्द्धन गर्नु ।

२) पालिकाका साँस्कृतिक सम्पदाहरुको उचित सम्वर्द्धन र संरक्षण गर्नु ।

३) बुद्धिस्ट पर्यटकीय गन्तब्य निर्माण गर्नु ।

४) कृषि तथा पर्या पर्यटन क्षेत्र निर्माण गर्नु ।

५) पर्यटकिय स्थानको प्रचार प्रसार गर्नु ।

### ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पालिकाको पर्यटन गुरुयोजना बनाउने । | क) पालिकाको पर्यटन विकासका लागि पर्यटकीय गुरुयोजना बनाई लागु गरिनेछ । |
| २. पर्यटन पूर्वाधार विकास र प्रवर्द्धन गर्ने । | क) पालिकाको बहुआयामिक पर्यटन विकासको लागि संघ र प्रदेश सरकार सँगको समन्वय र सहकार्यमा आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>ख) पालिकामा स्तरीय होटल तथा होमस्टे सञ्चालनका लागि प्रोत्साहन प्रदान गरिनेछ ।<br>ग) धार्मिक, मनोरञ्जनात्मक, कृषि, पर्या, साहसिक पर्यटनको प्रवर्द्धनको लागि प्रचार प्रसारको व्यवस्था गरिनेछ ।<br>घ) कैलाश मानसरोवर जानका लागि आउने पर्यटकहरुलाई पालिकामा बस्ने र घुम्ने उचित प्रवन्ध गरिनेछ ।<br>ङ) पालिकाका स्थानीय युवाहरुलाई पर्यटन सम्वन्धी तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।<br>च) पर्यटन क्षेत्रलाई जलवायुमैत्री बनाउदै महत्वपुर्ण प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदाहरुको संरक्षण र विकास गरिनेछ । |
| ३. साँस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने। | क_ पालिकामा रहेका धार्मिक, साँस्कृतिक सम्पदाहरुको उचित सम्वर्द्धन र संरक्षण गरिनेछ ।<br>ख_ पालिकामा साँकृतिक संग्रहालयको स्थापना गरिनेछ । |

### ४.४ पर्यटन, सँस्कृति तथा सम्पदाका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | संख्या | १ | ६ | ६ | ६ | ६ | ६ | ६ | ३० | ५० करोड | संघ प्रदेश र गापा |
| १ | हिल्सा, याल्वाङ्ग, लिमी र केर्मीमा स्तरीय होटल स्थापना | संख्या | ० | ४ | ० | ० | ० | २ | २ | ४ | ५० करोड | निजी क्षेत्र |

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | होम स्टे सञ्चालन | संख्या | १०० | ७०० | १०० | १०० | १०० | २०० | २०० | ७०० | ३ करोड ५० लाख | निजी क्षेत्र |
| १ | केर्मी र लिमीको तातो पानी व्यवस्थापन | संख्या | ० | २ | ० | ० | १ | १ | ० | २ | ६० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |
| १ | पर्यटन प्रवद्धनका लागि प्रचार प्रसार | संख्या | ० | ५ | १ | १ | १ | १ | १ | ५ | ५० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |
| १ | कैलाश मानरोवर यात्री विशेष कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | ५० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |
| १ | कैलाश मानरोवर दृष्यावलोकन केन्द्र निर्माण लुलुङ्ग | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | ५० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |
| १ | सैपाल हिमाल पद मार्गको स्तरोन्नति | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | ५० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |
| १ | लिमि उपत्यका र रानीसैनलाई पर्यटकीय गन्तव्य निर्माण | संख्या | ० | २ | | १ | १ | | | २ | १ करोड | संघ र प्रदेशसँगको सहकार्यमा |
| १ | पर्यटन प्रवर्द्धन तालीम | संख्या | ० | ५ | १ | १ | १ | १ | १ | ५ | २५ लाख | संघ र प्रदेशसँगको सहकार्यमा |
| २ | याल्वाङ्ग, हल्जी र तुम्कोट लगायतका गुम्वा तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण | संख्या | ० | ६ | ० | ० | २ | २ | २ | ६ | १ करोड ५० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| २ | भोट साँस्कृतिक संग्रहालयको निर्माण | संख्या | ० | १ | ० | ० | ० | ० | १ | १ | १ करोड | संघ र प्रदेशसँगको सहकार्यमा |

जम्मा अनुमानित लगानी १ अर्व ९ करोड ८५ लाख

स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

पालिकामा पर्यटन पूर्वाधारहरुको विकास र प्रवर्द्धन भई आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा वृद्धि भएको हुनेछ । पालिकामा होमस्टेहरुको विकास भएको हुनेछ र साँस्कृतिक सम्पदाहरुको उचित संरक्षण भएको हुनेछ । बुद्धिस्ट पर्यटकीय गन्तब्य साथै कृषि तथा पर्या पर्यटन क्षेत्र निर्माण भएको हुनेछ | शिक्षक, विद्यार्थी बिद्यालय तथा अभिवाक सबै सरसफाई तथा स्वच्छ वातावारण निर्माणमा प्रतक्ष्य संलग्न रहेका हुने छन् | सबै पर्यटकीय क्रियाकलापलाई एकीकृतरुपले संचालन गर्न "नाम्खा पर्यटन विकास समिति" निर्माण गरिएको हुने छ | केर्मी, याल्बांग, तुम्कोट, मुचु, यारी, हिल्सा, तथा लिमि उपत्यका पर्यटकीय क्षेत्रको रुपमा विकसित भएको हुने छ | पर्यटकीय पदमार्ग मार्फत ग्रेट हिमालयन ट्रेलसंग कर्णाली कोरिडोर जोडिने छ |

## ६. अनुमान तथा जोखिम पक्ष

पालिकाको पर्यटन विकास र सँस्कृति तथा सम्पदा संरक्षणका आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै स्थानीय जनसहभागिताको अभावका कारण पर्यटन क्षेत्रबाट हुने आम्दानी पालिकामा नरहने जोखिम रहेको छ । बिद्यालय तथा सहकारी संस्थालाई नाम्खाको पर्यटन विकासमा परिचालन गर्न विशेस ज्ञान आवस्यक पर्दछ |

# ५.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति

## १. पृष्ठभूमि

उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति पालिकाको आत्मनिर्भरता र समृद्धिका लागि नभई नहुने आवश्यकताहरु हुन् । पालिकालाई आर्थिक रुपमा सक्षम बनाउन स्थानीय कच्चा पदार्थमा आधारित साना एवम् मझौला उद्योगहरुको आवश्यकता यहाँ रहेको छ भने स्थानीय जनसमुदाय तथा बाहिरबाट आउने पर्यटकहरुको आवश्यकता परिपूर्तिका लागि पनि पालिकामा व्यवसाय, व्यापार तथा आपूर्ति व्यवस्था पनि

सहज र सुलभ हुन आवश्यक छ । यस्तै पालिकाको अर्थतन्त्रको दिगो विकासका लागि पनि यो क्षेत्रको विकास जरुरी छ । उद्दोग सन्चालनका लागि नयाँ संभाव्यताको अध्ययन गरी उद्दोगको सन्चालन गर्न सकिन्छ ।

हालसम्म पालिकामा यस क्षेत्र तर्फ खास विकास हुन सकेको छैन । तसर्थः यस तर्फ पनि पालिकाको योजना तर्जुमा गर्दा विशेष ध्यान जानु पर्ने भएको छ । यहाँ पाइने स्थानीय कच्चा पदार्थ धतेलो, जस्ता बनस्पतिको तेल उत्पादन गरेर विक्री वितरण गर्न सकिन्छ | उवा कागुनोको चिनो, आलु, प्याकेजिङ गरेर काठमाडौं लगायत अन्य शहरी क्षेत्रमा सप्लाई गर्न सकिन्छ | आधुनिक पशुपालन, होम स्टे, होटेल व्यवसाय, राफ्टिन्ग व्यवसाय गर्न सकिन्छ | युवालाई उत्पादन तथा बजारीकरणको तालीम उपलब्ध गराउन आवस्यक देखिन्छ | पर्यटन व्यवासयलाई प्रमुख रुपमा अगाडी बढाउनु पर्दछ |

## २. समस्या तथा चुनौती

हालसम्म पालिका सडक यातायातबाट देशको अन्य भूभागसँग जोडिन नसकेका कारण यहाँ औद्योगिक विकास, अन्य व्यवसाय, व्यापार तथा आपूर्तिको अवस्था कमजोर रहन जानु । पालिकामा उद्योगहरु स्थापनाका लागि पर्याप्त लगानी हुन नसक्नु, पालिकाका स्थानीय वासिन्दाहरु कृषि तथा पशुपालन व्यवसायमा मात्र निर्भर रहनु पर्ने अवस्था रहनु, पालिकाको व्यापार तथा आपूर्ति बाहिरी बजारमा निर्भर रहनु, औद्योगिक पूर्वाधारको कमि हुनु आदि प्रमुख समस्याका रुपमा रहेका छन् ।

पालिकामा उत्पादनमूलक उद्योग स्थापनाका लागि लगानी भित्र्याउनु, उद्योग, व्यवसाय र व्यापारका लागि सहुलियत व्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, पालिका भित्र औद्योगिक ग्राम तथा क्षेत्रहरुको विकास तथा सञ्चालन गर्नु, युवाहरुलाई उद्योग, व्यवसाय तथा व्यापार तर्फ आकर्षित गर्नु र सडक यातायातको अभावमा पालिकाको आपूर्ति व्यवस्थालाई सहज र सुलभ बनाउनु चुनौतीपूर्ण रहेका छन् ।

## ३. संभावना तथा अवसरहरू

पालिका उत्तर तर्फ चीनको सीमासँग जोडिएकोले यहाँ साना एवम् घरेलु उद्यमहरु सञ्चालन गर्न, व्यापार व्यवसाय गर्नका साथै स्थानीय आवश्यकताका लागि आपूर्ति व्यवस्था मिलाउन सकिने हुनु, स्थानीय कृषि, जडिवुटी तथा वन पैदावारमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्न सकिने हुनु, कैलाश मानसरोवर जाने यात्रीहरु यही पालिकाको बाटो भएर जान पर्ने भएकोले यहाँ व्यापार व्यवसाय चल्न सकने हुनु यसका संभावना तथा अवसरहर हुन् ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना

### ४.१ लक्ष्य

पालिकाको आर्थिक सबलिकरणका लागि उद्योग, व्यवसाय तथा व्यापार सञ्चालन गरी आपूर्ति व्यवस्थालाई सहज बनाउने।

### ४.२ उद्देश्य

१) पालिकामा स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगहरु स्थापना गर्नु ।

२) कृषि, जडीवुटी उत्पादन र प्रशोधन तथा पर्यटनमा आधारित व्यवसाय र व्यापार बढाउनु।

३) आपूर्ति व्यवस्थालाई सहज बनाउनु।

४) पर्यटन उद्योगलाई प्राथमिकता दिनु ।

### ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. उद्योगहरुको स्थापना गर्ने । | (क) पालिकामा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापनाका लागि प्रोत्साहित गरिनेछ।<br>(ख) औद्योगिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारीको लागि आवश्यक समन्वय गरिनेछ ।<br>(ग)स्थानीय कच्चा पदार्थ र सीपमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनाका लागि औद्योगिक ग्राम स्थापना गरिनेछ।<br>(घ) कृषि, जडिवुटी र पर्यटनमा आधारित उद्योगको विकासमा सहजता कायम हुने गरी पूर्वाधारको विकास र आवश्यक प्रोत्साहन गरिनेछ।<br>(ङ)पालिकामा स्थापना हुने उद्योगहरुलाई आवश्यक सहुलियत प्रदान गर्ने नीति अवलम्वन गरिनेछ । |
| २. व्यापार, व्यवसायका लागि अनुकुल वातावरण तयार गर्ने । | (क) पालिकामा आवश्यक व्यापार, व्यवसाय सञ्चालनका लागि अनुकुल वातावरण तयार गरिनेछ।<br>(ख) स्थानीय उत्पादनमा आधारित व्यापार व्यवसाय सञ्चालनका लागि प्राथमिकताका आधारमा तोकिएको करछुटको सहुलियत प्रदान गरिनेछ।<br>(ग) स्थानीय उत्पादनहरुलाई वाहिर निकासी गर्दा सहुलियत प्रदान गरिनेछ। |

| | |
|---|---|
| ३. सहज आपूर्तिको व्यवस्था मिलाउने । | (क) पालिकामा बाहिरबाट ल्याउनु पर्ने खाद्यान्न लगायतका अत्यावश्यक बस्तुहरुको सहज आपूर्तिको व्यवस्था गरिनेछ ।<br>(ख) पालिकामा कृषि उत्पादन बढाई आन्तरिक आपूर्तिको व्यवस्था मिलाइनेछ ।<br>(ग) संघ तथा प्रदेश सरकारसँगको समन्वयमा उत्तरी सीमा नाकाबाट आवश्यक बस्तुहरुको सहज आपूर्ति हुने व्यवस्था गरिनेछ। |

### ४.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्तिका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | नाम्खा औधोगिक ग्राम विकास | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | ३० करोड | संघ र प्रदेश |
| १ | खमु, चुली जुस तथा अचार उद्योग स्थापना | संख्या | ० | ३० | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० लाख | निजी क्षेत्र |
| १ | याल्वाङ्ग खमु, चुली तेल उत्पादन कम्पनी निर्माण | संख्या | ० | १ | ० | ० | १ | १ | १ | १ | १ करोड | निजी क्षेत्र |
| २ | रानीसैन खर्क होटल स्थापना | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | २५ लाख | निजी क्षेत्र |
| १ | हिमाली धुप उद्योग स्थापना | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | १ करोड | निजी क्षेत्र |
| १ | केर्मी घैटो उद्योग स्थापना | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | ५० लाख | निजी क्षेत्र |
| ३ | उद्यम कोशेली घर निर्माण | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | ५० लाख | संघ र प्रदेश |
| ३ | उद्यमशील प्रोत्साहन कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | ५० लाख | संघ र प्रदेश |
| ३ | शे फुल अर्गानिक चिया बगैचा कार्यक्रम | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | १ करोड | निजी क्षेत्र |
| १ | जाँग मार्वल उद्योग स्थापना | संख्या | ० | १ | ० | ० | १ | १ | १ | १ | ५० करोड | निजी क्षेत्र |

जम्मा अनुमानित लगानी ८५ करोड ५ लाख

## ५. अपेक्षित उपलब्धि

पालिकामा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना भएका हुने छन् । स्थानीय आवश्यकता परिपूर्ति हुने गरी पर्याप्त व्यवसाय तथा व्यापार सञ्चालन भएको हुनेछ । पालिकाको खाद्यान्न लगायत अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्था सहज भएको हुनेछ । नाम्खा पर्यटन उद्योग बाणिज्य संघ स्थापना हुने छ ।

**६. अनुमान तथा जोखिम पक्ष**

पालिकाको उद्योग, व्यवसाय, व्यापार तथा आपूर्तिका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै स्थानीय उत्पादनको अभावका कारण उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति सहज नहुने जोखिम रहेको छ ।

## ५.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा

### १. पृष्ठभूमि

नेपालको संविधानले सबै नागरिकलाई रोजगारी र श्रमको मौलिक हक प्रदान गरेकोछ तथापि स्थानीय स्तरमा रोजगारीको पर्याप्त अवसरको कमिका कारण युवाहरु उपयुक्त रोजगारीको खोजीमा बाहिर पलायन हुनु पर्ने अवस्था यस पालिकामा पनि विद्यमान रहेकोछ । पालिकामा कृषि र पशुपानको स्वरोजगारी बाहेक गैर कृषि क्षेत्रको औपचारिक रोजगारीका अवसरहरु खासै उपलब्ध हुन सकेको छैन् । स्थानीयस्तरमा पर्याप्त उत्पादनशील र मर्यादित रोजगारीका अवसरको सिर्जना गरी बेरोजगार र अनुत्पादक क्षेत्रमा रहेका युवा श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा स्थानान्तरण गर्दै पूर्ण रोजगारयुक्त पालिका बनाउन पर्नेछ ।
सामाजिक सुरक्षाका सम्वन्धमा पनि पालिकामा राष्ट्रिय मापदण्ड अनुसारका सामाजिक सुरक्षा भत्ता वितरण हुनु बाहेक स्थानीय आवश्यकता अनुसारका थप सामाजिक सुरक्षाका कार्यक्रमहरु लागु हुन सकेका छैनन् । विदेश जाने युवालाई पर्यटन व्यवसायमा संलग्न गराउनु पर्दछ | नेपालको रुपान्तरण स्थानीय पर्यटन व्यवासयबाट मात्र सम्भब छ | यसैले श्रम, रोजगारी तथा सामाजिक सुरक्षाका क्षेत्रमा पनि पर्यटनको माध्यमबाट यस पालिकामा धेरै गर्न बाँकी छ ।

### २. समस्या तथा चुनौती

पालिकामा उत्पादनशील औपचारिक क्षेत्रको पर्याप्त रोजगारीका अवसरहरू सृजना हुन नसक्नु, कमजोर विकासका पूर्वाधार तथा आर्थिक सबलताको कमिका कारण पालिकामा उपलव्ध रोजगारी सिर्जनाका सम्भावनाहरूको उपयोग गर्न नसकिनु, स्थानीय युवाहरुलाई श्रमबजारको माग बमोजिमको आवश्यक सीपयुक्त बनाई मर्यादित रोजगारीका लागि सक्षम बनाउन नसकिनु, स्थानीयस्तरमा उद्यमशीलता विकासका लागि उपयुक्त वातावरण बन्न नसक्नु, पालिका भित्र उद्योग तथा अन्य व्यवसायको पर्याप्त विकास हुन नसक्नु तथा स्थानीय आवश्यकता अनुसारका थप सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन हुन नसक्नु प्रमुख समस्या हुन् ।
पालिका भित्र आन्तरिक क्षमता बढाई उर्जाशील युवा श्रमशक्तिलाई पालिका भित्रै मर्यादित रोजगारीका अवसरहरु प्रदान गर्ने, युवाहरुलाई उपलब्ध श्रमबजारका आवश्यकता अनुरुप सीप, प्रविधि र

उद्यमशीलतायुक्त बनाउने, रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा बृध्दि गर्ने, बालश्रम लगायत अस्वीकार्य श्रम अभ्यासहरूको अन्त गर्ने र पालिकामा थप सामाजिक सुरक्षाका कार्यक्रमहरु लागु गर्ने र सोका लागि लगानी जुटाउने जस्ता चुनौतीहरू रहेका छन् ।

## ३. संभावना तथा अवसर

पालिकामा आवश्यक भौतिक पूर्वाधारहरुको विकास हुन सके स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना एवम् कृषि, वन, पर्यटनको माध्यमबाट थुप्रै रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने संभावना तथा अवसरहरु उपलव्ध छन् । पालिकामा क्रमिक रुपमा भौतिक पूर्वाधारहरूको निर्माण हुँदै जानु, सामाजिक सुरक्षाका कार्यक्रमलाई विस्तार गर्दै लैजान संघीय सरकार र प्रदेश सरकार पनि प्रतिवद्ध रहनु यस क्षेत्रका संभावना तथा अवसरहरू हुन् ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजना

### ४.१ लक्ष्य

पालिकामा मर्यादित रोजगारीका थप अवसरहरुको सृजना गर्ने र सबै लक्षित समुहलाई सामाजिक सुरक्षा प्रदान गर्ने ।

### ४.२ उद्देश्य

१) पालिकामा मर्यादित र उत्पादनशील  पर्यटकीय रोजगारीका अवसर बृध्दि गर्नु ।
२) सामाजिक सुरक्षालाई स्थानीय आवश्यकता अनुसारको बनाउनु ।

## ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. श्रमशक्तिलाई सिपयुक्त बनाउने र थप रोजगारीका अवसरहरुको सृजना गर्ने । | क) श्रम बजारका सम्भाव्यताहरूको अध्ययन गरी सो अनुरुप युवाहरुलाई दक्ष बनाउन तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।<br>ख) पालिकामा कृषि, पशुपालन, जडिवुटी तथा पर्यटन क्षेत्रको प्रवर्द्धन गरी थप रोजगारीका अवसरहरुको सिर्जना गरिनेछ ।<br>ग) स्थानीय कच्चा पदार्थ, सीप र श्रममा आधारित उद्योग स्थापनालाई प्रोत्साहित गरी थप रोजगारी सिर्जना गर्ने व्यवस्था मिलाइने छ ।<br>घ) रोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, सहकारी लगायत साझेदार संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाईनेछ ।<br>ङ) पालिका भित्र रोजगार प्रदान गर्ने उद्योग व्यवसायलाई रोजगारीका आधारमा आवश्यक सुविधा र सहुलियत प्रदान गरिनेछ ।<br>च) पालिकामा बालश्रमको अवस्थाबारे अध्ययन एवम् पहिचान गरी बालश्रम उन्मूलनका व्यवस्था मिलाईनेछ ।<br>छ) वैदेशिक रोजगारीबाट फर्केकाहरुको ज्ञान र सीप अनुसार व्यवसाय गर्न वित्तिय पहुँच सहितका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>ज) पालिकामा रोजगार सम्वन्धी सूचना प्रवाह तथा परामर्श प्रदान गर्न संघ तथा प्रदेश सरकार सँगको सहकार्यमा रोजगार सूचना केन्द्रको स्थापना गरिनेछ । |
| २. सामाजिक सुरक्षा सेवाको प्रभावकारी कार्यान्वयन र विस्तार गर्ने । | क) हाल संघीय सरकारको कार्यक्रम अनुसार प्रदान हुदै आएको सामाजिक सुरक्षा भत्ताको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ ।<br>ख) पालिकामा रहेका सबै लक्षित वर्गको भलाईका लागि थप सामाजिक सुरक्षा कार्यक्रमहरुको पहिचान गरी विस्तार गरिनेछ। |

## ४.४ श्रम, रोजगार तथा सामाजिक सुरक्षाका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | युवा स्वरोजगार तालीम | संख्या | ० | १५०० | १०० | २०० | ३०० | ४०० | ५०० | | ६० लाख | संघ, प्रदेश र गापा |
| १ | रोजगार सिर्जना साझेदार कार्यक्रम | संख्या | ० | ६ | २ | ३ | ४ | ५ | ६ | | ५० लाख | संघ, प्रदेश र गापा |

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| २ | उद्योग व्यसाय सुविधा र सहुलियत कार्यक्रम | संख्या | ० | १ | ० | १ | १ | १ | १ | | ५ करोड | संघ, प्रदेश र गापा |
| २ | ज्ञान र सीपअनुसार व्यवसाय प्रोत्साहन कार्यक्रम | संख्या | ० | १ | ० | १ | १ | १ | १ | | ६० लाख | संघ, प्रदेश र गापा |
| १ | रोजगार सूचना केन्द्र स्थापना | संख्या | ० | १ | ० | १ | १ | १ | १ | | २५ लाख | संघ, प्रदेश र गापा |

जम्मा अनुमानित लगानी ६ करोड ९५ लाख

## ५. अपेक्षित उपलब्धि

पालिकाको श्रम शक्तिलाई सिपयुक्त बनाउन आवश्यक तालिमका कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् । पालिकामा थप पर्यटकीय रोजगारीका अवसरहरुको सृजना भएको हुनेछ ।सामाजिक सुरक्षा कार्यक्रमको विस्तार र प्रभाकारीता वृद्धि भएको हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

पालिकामा श्रम, रोजगारी तथा सामाजिक सरक्षा कार्यक्रम विस्तारका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै पूर्वाधार तथा बजारको अभावका कारण सञ्चालित कार्यक्रमहरु सफल नहुने जोखिम रहेको छ ।

## ५.६ आर्थिक क्षेत्रका नतिजा खाका

**प्रभाव**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| वार्षिक औषत आर्थिक वृद्धि दर | प्रतिशत | ३ | ४ | ५ | ६ | ७ | ९ | के.त.वि. प्र.त.का. |
| कृषि क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ४ | ५ | ६ | ७ | ८ | १० | के.त.वि. प्र.त.का. |
| उद्योग क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ३ | ४ | ५ | ६ | ७ | ८ | के.त.वि. प्र.त.का. |
| सेवा क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ४ | ५ | ६ | ७ | ८ | १० | के.त.वि. प्र.त.का. |
| प्रति व्यक्ति आय | अमेरिकी डलर | ९११ | ९६४ | ९८० | १००० | १०६० | ११४७ | के.त.वि. प्र.त.का. |
| बेरोजगारी दर | प्रतिशत | ९ | ९ | ८.५ | ८ | ७ | ५ | गा.पा. |
| निरपेक्ष गरिबीको रेखामुनी रहेको परिवार | प्रतिशत | २१ | २० | १८ | १७ | १६ | १५ | के.त.वि. प्र.त.का. |

**कृषि तथा पशुपन्छी**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| प्रमुख अन्न बालीहरुको उत्पादन | मे.टन | ३५० | ३५५ | ३६० | ३६५ | ३७० | ३८० | गा.पा. |
| प्रमुख नगदे बालीहरुको उत्पादन | मे.टन | ४ | ५ | ५ | ६ | ७ | ९ | गा.पा. |
| प्रमुख तरकारीहरुको उत्पादन | मे.टन | ६ | ७ | ८ | ९ | १० | १० | गा.पा. |
| प्रमुख दलहनहरुको उत्पादन | मे.टन | ४ | ५ | ५ | ६ | ६ | ७ | गा.पा. |
| सिमिको उत्पादन | मे.टन | ३ | ३ | ४ | ४ | ४ | ५ | गा.पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्याउको उत्पादन | मे.टन | १३२ | १३३ | १३४ | १३५ | १३६ | १३७ | गा.पा. |
| अन्य फलफूलहरुको उत्पादन | मे.टन | ३६५ | ३६६ | ३६७ | ३६८ | ३६९ | ३७० | गा.पा. |

**प्रतिफल**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| मकै उत्पादन | मे. टन | ००.११ | ००.१२ | ००.१३ | ००.१३ | ००.१४ | ००.१४ | गा.पा. |
| कोदो उत्पादन | मे. टन | ०.२० | ०.२१ | ०.२२ | ०.२३ | ०.२४ | ०.२५ | गा.पा. |
| फापर उत्पादन | मे. टन | २५९ | २६० | २६१ | २६२ | २६३ | २६४ | गा.पा. |
| जौको उत्पादन | मे. टन | १९८ | १९९ | २०० | २०१ | २०२ | २०३ | गा.पा. |
| आलुको उत्पादन | मे. टन | १५७ | १५८ | १५९ | १६० | १६१ | १६२ | गा.पा. |
| स्याउ उत्पादन | मे. टन | १५० | १५१ | १५२ | १५३ | १५४ | १५५ | गा.पा. |
| उन्नत जातको विउ उत्पादन | मे. टन | ०.०२ | ०.०२ | ०.०२ | ०.०३ | ०.०४ | ०.०५ | गा.पा. |
| स्थानीय जातको विउ उत्पादन | मे. टन | ०.०५ | ०.०६ | ०.०७ | ०.०८ | ०.०९ | ०.०९ | गा.पा. |
| व्यावसयिक कृषि फर्म | संख्या | ३२ | ३५ | ४० | ४५ | ५० | ५५ | गा.पा. |
| मासुजन्य पशु उत्पादन | वटा | ० | ० | ८२७ | ११५४ | १६३६ | २००० | गा.पा. |
| दुध उत्पादन | लिटर | ३१५०० | ३२००० | ३२५०० | ३३००० | ३३५०० | ३४१००० | गा.पा. |
| अण्डा उत्पादन गर्ने पन्छि | गोटा | ० | ० | ५ | १० | २० | ३० | गा.पा. |
| मह उत्पादन | मे.टन | १.५ | १.६ | १.९ | २.५ | २.९ | ३.१ | गा.पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पशु प्रजनन केन्द्र | संख्या | ० | ० | ० | ० | ० | ० | गा.पा. |
| डेरी तथा दुग्ध संकलन केन्द्र | संख्या | १ | १ | १ | १ | २ | ६ | गा.पा. |
| दुग्ध प्रशोधन केन्द्र | संख्या | ० | ० | ० | ० | ० | १ | गा.पा. |
| गाई पालन | संख्या | २६०० | २६३० | २६५० | २७०० | ३००० | ३५०० | गा.पा. |
| भेडा पालन | संख्या | ५०० | ५४० | ६०० | ७०० | ८०० | ८९० | गा.पा. |
| चौरी पालन | संख्या | ४१८० | ४३८० | ४६८० | ५१८० | ५६८० | ६९९० | गा.पा. |
| च्यांग्रा पालन | संख्या | ० | ० | ५०० | ६०० | ७०० | ८०० | गा.पा. |
| घोडा पालन | संख्या | २५३ | २५६ | २६३ | २७० | २८६ | ३०० | गा.पा. |
| पशु खोप सेवा | संख्या | ३८०० | ४८०० | ५८०० | ६८०० | ७८०० | ८००० | गा.पा. |
| व्यावसायिक पशु पन्छी फर्म | संख्या | २५ | २५ | २६ | २७ | २९ | ३० | गा.पा. |

| सिँचाइ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
| सिँचाइ सुविधा पुगेको कृषि योग्य भूमि | प्रतिशत | २१ | २५ | ३० | ३५ | ४० | ५० | गा.पा. |
| वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | १९ | २१ | २३ | २५ | २७ | ३० | गा.पा. |
| **प्रतिफल** | | | | | | | | |
| साना सिँचाइ आयोजना निर्माण | संख्या | ५ | ७ | ८ | ९ | १० | ११ | गा.पा. |
| सिँचाइ कुलो निर्माण | कि मि | १९ | २१ | २३ | २५ | २७ | २९ | गा.पा. |
| सिँचाइ पोखरी | संख्या | ० | १ | १ | २ | २ | ६ | गा.पा. |
| **पर्यटन, सँस्कृति तथा सम्पदा** | | | | | | | | |
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संरक्षण गरिएका लोपोन्मुख भाषाहरु | संख्या | ० | १ | १ | १ | १ | १ | गा.पा. |
| संरक्षण गरिएका लोपोन्मुख कला, संस्कृतिहरु | संख्या | १ | १ | १ | १ | १ | १ | गा.पा. |
| भाषा, कला, साहित्य र संस्कृति प्रवर्द्धनका कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | गा.पा. |
| **प्रतिफल** | | | | | | | | |
| | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
| पर्यटकीय केन्द्रहरुको विकास र विस्तार कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | गा.पा. |
| पर्यटकीय मार्गको विस्तार | कि मि | २३ | २५ | २७ | २९ | ३२ | ३५ | गा.पा. |
| पर्यटकीयस्तरका होटलहरु | संख्या | १५५ | १६० | १६५ | १७० | १८५ | २०० | गा.पा. |
| होमस्टे | संख्या | १०० | १५० | २०० | २५० | ३०० | ३५० | गा.पा. |
| पर्यटक आवागमन | संख्या प्रतिवर्ष | १००० | ११०० | १२०० | १३०० | १४०० | १५०० | गा.पा. |
| साँस्कृतिक संग्राहालय | संख्या | ० | ० | १ | १ | १ | १ | गा.पा. |
| संरक्षण गरिएका सम्पदा | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | गा.पा. |

**उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति**

**असर**

| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक उत्पादनको वृद्धि दर | प्रतिशत | २.७ | ३.५ | ३.६ | ४.१ | ४.५ | ५.१ | गा.पा. |
| आयात प्रतिष्ठापन दर | प्रतिशत | २६ | २८ | ३० | ३५ | ४० | ५० | गा.पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| निर्यात वृद्धि दर | प्रतिशत | ४४.४३ | ४५.६० | ४८.६८ | ५०.४० | ५२.६० | ५५ | गा.पा. |
| **प्रतिफल** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | **२०७९।०८०** | **२०८०।०८१** | **२०८१।०८२** | **२००८२।०८३** | **२०८३।०८४** | **सूचनाको श्रोत** |
| मझौला उद्योगहरु | संख्या | ३३ | ३४ | ३५ | ३६ | ३७ | ३८ | गा.पा. |
| साना तथा घरेलु उद्योगहरु | संख्या | १२९ | १३२ | १४० | १५० | १६० | १७० | गा.पा. |
| खाद्य सञ्चय डिपो | संख्या | १ | १ | १ | १ | १ | १ | गा.पा. |
| जनभकारी | संख्या | ७९० | ८०० | ८१० | ८२० | ८३० | ८४० | गा.पा. |
| औद्योगिक ग्राम | संख्या | २ | २ | २ | २ | २ | ३ | गा.पा. |
| **श्रम, रोजगारी तथा सामाजिक सुरक्षा** | | | | | | | | |
| **असर** | | | | | | | | |
| रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | गा.पा. |
| श्रम उत्पादकत्व | रु हजारमा | २१५ | २२० | २२५ | २३० | २३५ | २४१.३ | गा.पा. |
| युवा वेरोजगारी | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | गा.पा. |
| **प्रतिफल** | | | | | | | | |
| प्रति वर्ष स्वरोजगार सृजना | संख्या | ५०० | ६०० | ७०० | ८०० | ९०० | १००० | गा.पा. |

# परिच्छेद ६

# वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन क्षेत्र

## ६.१ वन, जडिवुटी तथा जैविक विविधता

### १. पृष्ठभूमि

ठूलो क्षेत्रफलमा फैलिएको र थोरै जनसंख्या भएको पालिका भएकोले यहाँ वन तथा जैविक विविधता रहेको छ भने उच्च हिमाली क्षेत्रमा पर्ने हुँदा यहाँ महत्वपूर्ण तथा बहुमूल्य जडिवुटीहरु पनि प्रसस्त मात्रामा पाइन्छ । पालिकाको यो महत्वपूर्ण प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी सदुपयोग गर्न यस सम्वन्धी प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्न सकिएमा यसबाट पालिकाको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुग्न सक्छ । वन, जडिवुटी तथा जैविक विविधताको दिगो व्यवस्थापन गर्न सकिए हरित अर्थतन्त्र निर्माण र पर्यापर्यटनको विस्तारबाट थप रोजगारीका अवसरहरूको सिर्जना हुन गई पालिकालाई प्रत्यक्ष लाभ पुग्न जाने छ ।

### २. समस्या तथा चुनौती

वन, जडिवुटी तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापनमा जनचेतनाको कमी एवम् संरक्षण, प्रवर्द्धन र व्यवस्थापनका लागि दक्ष जनशक्तिको कमि हुनु, वन क्षेत्रको अतिक्रमण हुनु, जलवायु परिवर्तन, अन्तर तह र निकायबीच समन्वयमा कमी, वन पैदावारको चोरी निकासी यस क्षेत्रका प्रमुख समस्या हुन् । यस्ता प्राकृतिक स्रोत साधनलाई पर्यटकीय उत्पादनको रुपमा रुपान्तरण गर्न नसक्नु प्रमुख चुनौती हो ।

पालिकास्तरमा वन, जडिवुटी तथा जैविक विविधताको संरक्षण एवम् प्रवर्द्धनका लागि संरचना तयार पारी कार्यान्वयनमा ल्याउनु, वन क्षेत्रबाट हुने लाभ तथा सेवालाई न्यायोचित बाँडफाँड गर्दै स्थानीय वासिन्दाहरुको आवश्यकताहरूको व्यवस्थापन गर्नु, वन क्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुर्याउनु, वन चोरी फँडानी तथा अतिक्रमण र डढेलो नियन्त्रण गर्नु, पहिरो जस्ता विपद् जोखिम न्यूनीकरण गर्नु, वन पैदावार एवम् जडिवुटीमा आधारित उद्यमशीलता विकास गरी थप रोजगारीका अवसरहरु सृजना गर्नु यस क्षेत्रका चुनौती हुन् ।

### ३. संभावना तथा अवसर

वन, जडिवुटी तथा जैविक विविधताको संरक्षण र विकासका लागि संघ र प्रदेश सरकार सहित विकासका साझेदारहरुको विशेष सरोकार रहनु, स्थानीय नागरिकहरुको चेतना विस्तार बढ्दै जानु, पर्या पर्यटनको क्रमश विकास हुदै जानु, सामुदायिक वनमा स्थानीय समूहको उल्लेखनीय सहभागिता हुनु, स्थानीय वनमा

जडीवुटी तथा काष्ठ वन पैदावारको प्रचुरता हुनु, प्राकृतिक रमणीय वातावरण तथा जैविक विविधताका कारण यहाँ पर्यापर्यटनको अपार सम्भावना हुनु यस क्षेत्रका संभावना तथा अवसरहरु हुन्। यो अवसर बन पैदावारलाई पर्यटकीय बस्तुको रुपमा रुपान्तरण गर्ने महत्वपूर्ण अवसर हो ।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

### ४.१ लक्ष्य

वन, जडिवुटी तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी पालिकाको समृद्धिमा योगदान पुऱ्याउने।

### ४.२ उद्देश्य

१) पालिकाको वन तथा जैविक विविधताको पर्यटकीय संरक्षण र प्रवर्द्धन गर्नु ।

२) बहुमूल्य जडिबुटी र वन पैदावारको पर्यटकीय विकासद्वारा स्थानीयको आयस्तरमा अभिबृद्धि गर्नु ।

### ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वन र जैविक विविधताको संरक्षणबाट लाभ प्राप्त गर्ने । | क) पालिकामा भएका वन र जैविक विविधताको संरक्षणका लागि संघ एवम् प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।<br>ख) पालिकामा वृक्षारोपणको नियमित कार्यक्रम सञ्चालन गरी वन क्षेत्र विस्तार गर्दै लगिनेछ ।<br>ग) उपलव्ध वन तथा जैविक विविधताको उपयोग गरी पालिकामा पर्यापर्यटनको विकासको आवश्यक प्रवन्ध मिलाइनेछ ।<br>घ) जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको विकास गरी दिगो वातावरणीय सेवाहरुको सुनिश्चितता गरिनेछ ।<br>ङ) चोरी फडानीको नियन्त्रण गर्ने कार्यक्रम सन्चालन गर्ने । |
| २. वहुमुल्य जडिवुटी र वन पैदावारको प्रवर्द्धनद्वारा आर्थिक लाभ प्राप्त गर्ने । | क) वहुमूल्य जडिवुटीहरुको संरक्षण र उत्पादन बढाउने सम्वन्धमा आवश्यक कार्य गरी अतिरिक्त लाभ हासिल गरिनेछ ।<br>ख) निजी तथा सार्वजानिक जग्गामा जडिबुटी खेतीका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>ग) प्राकृतिक अवस्थामा रहेका जडिबुटीहरूलाई खेती गर्नका लागि आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>घ) पालिका भित्र जडिवुटी तथा वन पैदावारमा आधारित घरेलु तथा साना उद्योग सञ्चालनका लागि प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ङ) जडिबुटी एवम् गैरकाष्ठ वन पैदावारको सर्वेक्षण, प्रवर्द्धन, उत्पादन, संकलन, प्रशोधनका लागि ठोस कार्य योजना बनाई लागु गरिनेछ । |

## ४.४ वन, जडिवुटी तथा जैविक विविधताका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | | |
| १ | वृक्षारोपण कार्यक्रम | संख्या | १ | ६ | १ | १ | १ | १ | २ | ६ | ६० लाख | पालिका | |
| २ | बहुमुल्य जडीबुटी खेती कार्यक्रम | संख्या | ० | २ | ० | १ | १ | १ | २ | २ | ५० लाख | निजी क्षेत्र | |
| १ | वन तथा जडिवुटीजन्य साना तथा घरेलु उद्योग सञ्चालन | संख्या | ० | ६ | १ | १ | १ | १ | २ | ६ | ५० लाख | निजी क्षेत्र | |
| १ | वन पैदावरको सर्वेक्षाण | संख्या | ० | १ | ० | ० | १ | १ | १ | १ | ३० लाख | पालिका | |
| १ | पर्या पर्यटनको विकास | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | ५० लाख | पालिका | |

जम्मा अनुमानित लगानी २ करोड ४० लाख

स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरि तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

पालिकाको वन क्षेत्रको विस्तार र उचित संरक्षणको व्यवस्था भएको हुनेछ । बहुमूल्य जडिवुटीहरुको उत्पादनमा वृद्धि भएको हुनेछ । जैविक विविधताको संरक्षण भएको हुनुका साथै पर्यापर्यटनको सम्वर्द्धन भएको हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

पालिकाको वन, जडिवुटी तथा जैविक विविधताको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक दक्ष जनशक्ति, प्रविधि लगायतका स्रोत साधनहरुको अभावको समस्या पर्न सक्नेछ । उचित समन्वय र सहभागिताको कमिका कारण यस सम्वन्धमा ल्याइएका कार्यक्रम सफल नहुने जोखिम पनि रहेकोछ ।

## ६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### १. पृष्ठभूमि

उच्च पहाडी तथा हिमाली भूभाग भएकोले पालिका भूसंरक्षणका दृष्टिकोणबाट धेरै जोखिम युक्त क्षेत्रमा पर्दछ । यस्तै पालिकाको उत्तरी क्षेत्रमा अन्तरराष्ट्रिय सीमा र नाका समेत पर्ने भएकोले यहाँको भू संरक्षणका लागि दीर्घकालिन योजनाका आधारमा विशेष कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्न सर्वपक्षीय सहभागिता र समन्वयको आवश्यकता रहेको छ । खास गरी मानवीय वस्ती भएका गाँउहरुलाई पहिरोको जोखिमबाट बचाउन भूसंरक्षणलाई प्राथमिकताका आधारमा जनसहभागिताका साथ कार्यक्रमहरु तत्काल सञ्चालन गर्नु पर्ने भएको छ । यस्तै वातावरणमा ह्रास र जलवायु परिवर्तनका कारण यहाँका जलाधारहरुको व्यस्थापनमा पनि उच्च सतर्कताको आवश्यकता रहेको छ । भूसंरक्षण क्षेत्रलाई पर्यटकीय पार्क तथा बगैचा बनाउन सकिने छ ।

### २. समस्या तथा चुनौती

ग्रामिण सडकहरूको अव्यवस्थित निर्माण समेतका कारणले अघिकांश पहाडी भूभाग रहेको क्षेत्रमा पैरोका कारण भुक्षयका घटनाहरूमा बृध्दि हुनु, नदीमा फोहर फाल्ने, जलवायु परिवर्तन र विषादीबाट माछा मार्ने कार्यले नदीको स्वास्थ्यमा असर गर्नु, भूक्षय तथा जलाधारहरूको संरक्षणका लागि समन्वित र व्यवस्थित प्रयास हुन नसक्नु प्रमुख समस्याका रुपमा रहेको छ ।

भू तथा जलाधारहरूको संरक्षणको महत्वका बारेमा सबै स्थानीय नागरिकहरूमा सचेतना फैलाउने र यसमा उनीहरुलाई सकृय सहभागी गराउने, पहिरो जस्ता विपद् जोखिमको न्यूनीकरण गरी सबै मानवीय वस्तीहरुलाई सुरक्षित बनाउनु संघ र प्रदेश सरकार सँग कार्यक्रमहरू सञ्चालनका लागि समन्वय कायम गर्नु चुनौतीपूर्ण रहेका छन् ।

## ३. संभावना तथा अवसर

जैविक विविधता, धरातलीय विविधता तथा पारिस्थितिकीय विविधताको उचित सदुपयोग गर्दै पालिकाको विशाल भूमिको उचित संरक्षण र व्यवस्थापनबाट पालिकाको आर्थिक विकासमा ठोस योगदान पुग्न सक्ने प्रचुर संभावना तथा अवसरहरू रहेका छन्।

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

### ४.१ लक्ष्य

भू संरक्षण एवम् जलाधारहरुको व्यवस्थापनलाई पालिकाको समृद्धिको आधार बनाउने ।

### ४.२ उद्देश्य

१) पालिकाको भूक्षेत्रको उचित संरक्षण गर्नु ।

२) जलाधार क्षेत्रहरूको एकिकृत पर्यटकीय रुपले व्यवस्थापन गर्नु ।

### ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पालिकाको भू क्षेत्रको संरक्षणका लागि प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्ने । | क) पालिकाको सबै भू क्षेत्रको संरक्षणका लागि संघ र प्रदेश सरकारसमेत सँगको सहकार्यमा विशेष कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।<br>ख) भू संरक्षणका लागि स्थानीय नागरिकहरुलाई जाकरुक र सकृय बनाइनेछ ।<br>ग) मानवीय वस्ती रहेको क्षेत्रमा प्राथमिकताका आधारमा पहिरोको जोखिम कम गर्न भूसंरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छन् ।<br>घ) वन तथा चरण क्षेत्रको संरक्षणका लागि आवश्यक उपायहरुको अवलम्वन गरिनेछ ।<br>ङ) सडक लगायतका विकास निर्माण कार्यबाट उत्पन्न हुने भूक्षयको समस्या समाधानका प्रभावकारी उपायहरुको अनिवार्य रुपमा अवलम्वन गर्नु पर्ने व्यवस्था गरिनेछ ।<br>च) भिराला जमिनहरू, पहिरोले प्रभाव पारेका स्थानहरू र नदीका किनारहरूमा वृक्षारोपण गरी सुरक्षित र संरक्षित गरिनेछ ।<br>छ) जलवायुजन्य प्रकोपहरुबाट व्यक्तिको जीवन तथा सम्पति, स्वास्थ, जीविकोपार्जन, भौतिक पूर्वाधार र सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको न्यूनिकरण गरिनेछ । |
| २. जलाधारहरुको उचित व्यवस्थापन गर्ने । | क) स्थानीय समुदाय र सबै सरोकारवालाहरूको सहभागीता र सहकार्यमा पालिकाका सबै जलाधार क्षेत्रको पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरिनेछ । |

| | |
|---|---|
| | ख) वर्गीकरणको आधारमा व्यवस्थापन योजना निर्माण र कार्यान्वयन गरिनेछ ।<br>ग) जलाधारहरूको एकीकृत व्यवस्थापन गर्दै बाढी, पहिरो, भूक्षय रोकथाम गरिनेछन् ।<br>घ) समुदायहरूको सहभागितामा महत्वपूर्ण जलाधारक्षेत्रहरूको नियमित निगरानी र सूचना सङ्कलन गरिनेछ ।<br>ङ) मानवीय वस्ती नजिकका जलाधार क्षेत्रको व्यवस्थापनलाई विशेष प्राथमिकता दिइनेछ।<br>च) जलाधार क्षेत्रको बहुउपयोग, प्रविधिहरू र सदुउपयोग बारे जनसमुदायमा जागरूकता फैलाइनेछ ।<br>छ) समुदायमा रहेका बाँझा जमिनहरूमा रूख तथा झाडीहरूको बृक्षारोपण गरी जलाधार र मुहानहरूको पुनरूत्थान गरिनेछ । |

## ४.४ भू संरक्षण तथा जलाधार व्यवस्थापनका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | भू–संरक्षाण विशेष कार्यक्रम | संख्या | १ | ६ | १ | १ | १ | १ | २ | ६ | ६ करोड | संघ र प्रदेशसँगको सहकार्यमा |
| २ | जलाधार क्षेत्रको पहिचान | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | ५ लाख | पालिका |
| २ | महत्वपूर्ण जलाधार क्षेत्रको नियमित निगरानी र सूचना संकलन | संख्या | ० | १ | ० | १ | १ | १ | १ | १ | ५ लाख | पालिका |
| २ | जलाधार क्षेत्रबारे सचेतना कार्यक्रम | संख्या | | ६ | १ | १ | १ | १ | १ | ६ | ३० लाख | पालिका |
| २ | जलाधार र मुहानहरुको | संख्या | | १ | | १ | | | | १ | १५ लाख | पालिका |

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| | पुनरुत्थान कार्यक्रम | | | | | | | | | | | |

जम्मा अनुमानित लगानी ६ करोड ५५ लाख

स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

पालिकाको भू क्षेत्रको संरक्षणको उचित प्रवन्ध भएको हुनेछ । पालिकामा भू क्षयको समस्याको समाधान भएको हुनेछ र  पालिकाका जलाधार क्षेत्रको पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरी उचित व्यवस्थापन भएको हुनेछ ।

## ६. अनुमान तथा जोखिम पक्ष

पालिकाको ठूलो भूभागको भू संरक्षणका लागि आवश्यक ठूलो स्रोत, साधन तथा प्रविधिको कमिको समस्या पर्न जाने देखिन्छ । जनचेतनाको कमि र अन्तर सरकारी समन्वयको अभावमा सञ्चालित संरक्षण र व्यवस्थापनका कार्यक्रमहरु सफल हुन नसक्ने जोखिम पनि रहेकोछ ।

## ६.३ वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन

### १. पृष्ठभूमि

स्थानीय वातावरणको सुधार तथा संरक्षण एवम् गाउँ वस्तीका फोहोरमैलाको उचित व्यवस्थापन पालिकाले नै गर्नु पर्नेछ । जलवायु परिवर्तन र समग्र वातावरणमा ह्रास विश्वव्यापी समस्या हो तथापि त्यसबाट स्थानीय वातावरणमा पर्ने असरहरुको न्यूनिकरणका लागि स्थानीय स्तरमा हुनु पर्ने पहल र जागरुकताका लागि पनि पालिकास्तरमा पनि वातावरण संरक्षणका कार्यक्रमहरुको आवश्यकता महसुस गरिएको छ । खास गरी वन जङ्गल तथा रुख विरुवाहरुको संरक्षण र जैविक विविधताको प्रवर्द्धनबाट मात्र पनि वातावरण संरक्षणमा पालिकाको योगदान रहन सक्छ । यसबाट स्थानीय स्तरमा बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपहरुको नियन्त्रणमा ठोस योगदान पुग्न जानेछ ।पर्यटन व्यवासयको प्रमुख शत्रु फोहोर हो | स्वच्छ वातावरण कायम गर्नु नै पर्यटन विकासको आधार निर्माण गर्नु हो | फोहोरलाई मोहोर बनाउने अर्थात फोहोरलाई रिसाइकल, रियुज, र रिफाइन गर्नु पर्दछ | डम्पिङ्ग साइट निर्माण गर्नु हुँदैन | फोहोर व्यवस्थापन गर्न स्थानीय बिद्यालय, विद्यार्थी, तथा जनतालाई प्रभावकारी र प्रतिस्प्रधात्मक तरिकाले परिचालन गर्नु पर्दछ | फोहोरमैलाका सम्वन्धमा पनि पालिकाले कार्यक्रमहरु तर्जुमा गरी समय मै उचित प्रवन्ध मिलाउन सके यसबाट स्थानीय वातावरण सुधारमा पनि सकारात्मक प्रभाव पर्न जानेछ।

## २. समस्या तथा चुनौती

वातावरण तथा जलवायु परिवर्तनका विश्वव्यापि समस्याका असरहरु स्थानीयस्तरमा पनि देखिदै जानु, पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम हुन नसक्नु, फोहोरमैलाका कारण वायु, नदीनाला प्रदुषित हुँदै जानु, वातावरण विनास र जलवायु परिवर्तनका बहुआयामिक असर बारे जनचेतनामा कमी हुनु सम्बन्धित सरोकारवालाहरुको समन्वयमा कमि रहनु प्रमुख समस्या हुन्।

वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने, प्राकृतिक कारणले तथा मानवीय क्रियाकलापबाट हुने वातावरणीय ह्रास तथा प्रदुषण नियन्त्रण गर्ने, फोहोरमैलाको उचित व्यवस्थापन गर्ने, पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्ने र वातावरण संरक्षणका लागि सबै पालिकावासीलाई जागरुक र सक्षम बनाउने चुनौतीहरु छन् ।

## ३. संभावना तथा अवसर

वातावरण संरक्षणका सम्वन्धमा राष्ट्रिय-अन्तरराष्ट्रिय समन्वय र सहकार्यमा वृद्धि हुदै जानु, पालिका भित्रको वातावरण प्रदुषणयुक्त र ह्रास भइ नसकेकाले संरक्षणका कामहरु पनि सापेक्षित रुपमा सहज हुनु, वातावरण संरक्षण सम्बन्धी तथा स्वच्छ वातावरणको महत्वका बारेमा जनचेतनामा बृद्धि हुदै जानु, स्थानीय जैविक विविधता र प्राकृतिक वातावरण संरक्षणबाट यहाँको पर्यटन विकासमा योगदान पुग्ने सम्भावना रहनु संभावना तथा अवसरको रुपमा रहेका छन् ।सम्पूर्ण फोहोर मैला मोहोरको रुपमा परिणत भएका हुने छन् |

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

### ४.१ लक्ष्य

पालिकाको वातावरण संरक्षण तथा फोहोरमैलाको उचित व्यवस्थापन गर्ने ।

### ४.२ उद्देश्य

१) स्थानीय वातावरण संरक्षणका लागि पर्यटन मैत्री कार्यक्रम सञ्चालन गर्नु ।

२) पालिकाको फोहोरमैलाको उचित व्यवस्थापन (रिफाइन, रियुज, रिसाइकल) गर्नु।

### ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वातावरण संरक्षणका लागि हरियालीको प्रवर्द्धन गर्ने । | क) पालिकामा वन क्षेत्रको संरक्षणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।<br>ख) पालिकाका खाली जग्गाहरुमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।<br>ग)पहिरोको जोखिम रहेका वस्ती तथा सडक किनाराहरुमा पनि वृक्षारोपण गरी संरक्षण गरिनेछ । |
| २. पूर्वाधार विकासबाट वातावरणमा पर्ने असरको न्यूनिकरण गर्ने । | क) सडक लगायतका विकासका पूर्वाधारहरुको निर्माण गर्दा हरियाली क्षेत्रमा कम असर पर्ने गरी र वातावरण क्षति नहुने गरी निर्माण गरिनेछ ।<br>ख) पालिकाका मौजुदा सडकहरुबाट परेको पहिरोको जोखिमको न्यूनिकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. फोहोरमैलाको उचित व्यवस्थापन गर्ने । | क) गाउँ वस्तीहरुबाट निस्कने फोहोरहरुको व्यवस्थानको व्यवस्था गरिनेछ ।<br>ख) संकलन गरिएका जैविक फोहोरहरुबाट प्राङ्गारिक मल बनाउने व्यवस्था गरिनेछ ।<br>ग) पालिकामा फोहोरमैला व्यवस्थापन प्लान्ट स्थापना गरिनेछ ।<br>घ) पालिकाका सबै घरमा शौचालयको अनिवार्य व्यवस्था गरिनेछ।<br>ङ) पालिकालाई खुला दिशा मुक्त क्षेत्र घोषणा गरिनेछ ।<br>च) पालिकामा ढल निकासको प्रवन्ध गरिनेछ । |

### ४.४ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | हरियाली परवर्द्धन कार्यक्रम | संख्या | १ | ६ | १ | १ | १ | १ | २ | ६ | ६० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |
| १ | जोखिम बस्ती तथा सडक किनारमा | संख्या | १ | ६ | १ | १ | १ | १ | २ | ६ | ३० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| | वृक्षारोपण कार्यक्रम | | | | | | | | | | | |
| १ | पहिरो न्यूनीकरण कार्यक्रम | संख्या | २ | ६ | १ | १ | १ | १ | २ | ६ | ९० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |
| २ | फोहर व्यवस्थापन कार्यक्रम | संख्या | १ | ६ | १ | १ | १ | १ | २ | ६ | ६० लाख | संघ र प्रदेशसँगको सहकार्यमा |
| २ | फोहर व्यवस्थापन प्लान्ट निर्माण कार्यक्रम | संख्या | ० | १ | | | | १ | | १ | १ करोड | संघ र प्रदेशसँगको सहकार्यमा |
| २ | ढल निकास कार्यक्रम | संख्या | २ | ६ | १ | १ | १ | १ | २ | ६ | ६ करोड | संघ र प्रदेशसँगको सहकार्यमा |

जम्मा अनुमानित लगानी ९ करोड ४० लाख

### ५. अपेक्षित उपलब्धि

पालिकामा वातावरण संरक्षणका लागि हरियाली क्षेत्रको प्रवर्द्धन गरिएको हुनेछ । वृक्षारोपण गरी हरियाली क्षेत्र बिस्तार गरिएको हुनेछ । पालिकामा फोहोरको बैज्ञानिक व्यवस्थापन भएको हुनेछ ।

### ६. अनुमान तथा जोखिम पक्ष

वातावरण संरक्षणका लागि आवश्यक सर्वपक्षीय समन्वयको अभाव हुन सक्नेछ भने फोहोर व्यवस्थापनका लागि आवश्यक सकृय जनसहभागिताको प्राप्त हुन नसक्ने जोखिम रहेकोछ ।

## ६.४ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन

### १. पृष्ठभूमि

विपद् जोखिमको न्यूनिकरण र घटना पश्चातको तत्काल गर्नु पर्ने उद्धार तथा राहतका लागि समेत पूर्व तयारीको आवश्यकता छ । आकस्मिक वा अप्रत्याशितरुपमा हुने विपद्का घटनाहरु जुनसुकै वेला घटन सक्ने भएकोले यसको व्यवस्थापनका लागि स्थानीय रुपमा सजगता र सचेतनाका साथै पर्याप्त कार्यक्रमहरुको आवश्यकता रहेकोछ । राष्ट्रिय सडक सञ्जालसँग जोडिन नसकेको अवस्थाका कारण पालिकाले विपद्को संभाव्य घटनाका लागि आन्तरिक रुपमा पूर्ण तयारी गर्न पर्ने भएको छ । जलवायु परिवर्तन तथा मानवीय कृयाकलापका कारण प्रकृतिमा पर्न गएको असरका कारण उत्पन्न हुने विपद्का घटनाहरुको न्यूनीकरणका लागि योजनावद्ध रुपमा पूर्व तयारीका कार्यहरु गर्न सकिए यस्ता घटना हुँदा हुने मानवीय, आर्थिक तथा

भौतिक क्षति घटाउन सकिन्छ। तसर्थ यस सम्वन्धमा समय मै उचित पहलको आवश्यकता महसुस भएको छ । वहुपक्षीय समन्वयमा पालिकामा विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, विपद् कोष स्थापना र सञ्चालन जस्ता कुराहरुलाई महत्वका साथ अघि बढाउन आवश्यक छ । प्राकृतिक विपद जोखिम न्यूनीकरणका योजनाहरु पर्यटन मैत्री हुन्छ, अथवा हुनु पर्दछ |

## २. समस्या तथा चुनौती

विपद् जोखिम न्यूनीकरण एवम् पूर्व तयारीका लागि पालिकामा यथेष्ठ कार्यक्रम सञ्चालन हुन नसक्नुका कारण पालिका उच्च जोखिममा रहनु, जलवायु परिवर्तन जोखिमका बारेमा पर्याप्त सूचना र ज्ञानको कमी हुनु, विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबीच आवश्यक तादाम्यताको कमी हुनु, वन लगायतका प्राकृतिक स्रोतहरुको अव्यवस्थित एवम् अत्याधिक दोहन हुनु, सबै विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्पष्ट कार्य योजना र पर्याप्त लगानीको कमी हुनु, सरोकारवालाहरु बीचको कार्यमा सामाञ्जस्यता र समन्वयको कमी हुनु, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सूचकमा आधारित सूचना व्यवस्थापन प्रणालीको अभाव हुनु र आपतकालीन अवस्थाका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोवस्ती तथा राहत सामाग्रीको यथेष्ठ रुपमा भण्डारण हुन नसक्नु प्रमुख समस्याका रुपमा रहेका छन्।

विकास आयोजनाहरुको छनौट प्रकृया देखि नै आयोजना कार्यान्वयन तथा व्यवस्थापनका प्रत्येक चरणमा वातावरणमैत्री पद्धतिलाई अंगिकार गरी विपद् जोखिम मूल्याङ्कनलाई समाविष्ट गराउनु, जोखिममा आधारित योजना तथा निर्णय प्रकृया अवलम्बन गराउनु, विपद् जोखिम न्यूनीकरणका लागि पर्याप्त लगानी जुटाउनु, अव्यवस्थित एवम् जोखिममा रहेका गाउँबस्तीहरुलाई सुरक्षित स्थानमा सार्नु, संघ, स्थानीय तह र सरोकारवालाहरुबीचको आपसी समन्वय र सहकार्य सुदृढ गर्नु मुख्य चुनौतीहरु हुन् ।बिपतमा होस् गुमाउनु हुँदैन राम्रो व्यवस्थापन नै पर्यटन विकासको अधार बन्न सक्दछ |

## ३. संभावना तथा अवसर

प्रदेशस्तरमा पनि विपद् व्यवस्थापन सम्बन्धी ऐन निर्माण हुनु र विपद् व्यवस्थापन कार्य योजना तयार भएको हुनु, जोखिम न्यूनीकरणमा निजी क्षेत्र तथा समुदायको जागरुकता र सचेतना अभिवृद्धि हुनु, यसमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रको पनि समन्वय र सहकार्यका लागि सक्रियता रहनु यस क्षेत्रका प्रमुख संभावना तथा अवसरहरु हुन् । जोखिमको अर्को पाटो अवसर हो | दोश्रो विश्वयुद्धमा ध्वस्त भएका हिरोशिमा नागासाकी पनि पर्यटकीय क्षेत्र हुन |

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

### ४.१ लक्ष्य

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका कार्यहरु गरी यसबाट हुने क्षतिको न्यूनिकरण गर्ने ।

### ४.२ उद्देश्य

१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई पर्यटन मैत्रीरुपमा सम्पन्न गर्नु ।

२) पहिरोको बैज्ञानिक गर्नु पर्ने ।

### ४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् जोखिम न्यूनिकरणका कार्यहरु सञ्चालन गर्ने। | क) विपद् जोखिम न्युनीकरणका लागि जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु गरिनेछ ।<br>ख) पालिकामा बहु प्रकोपको जोखिम आँकलनको लागि अन्तरनिकाय समन्वय गरिनेछ।<br>ग) प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गरिनेछ ।<br>घ) विपद् जोखिम न्यूनिकरणका लागि भूकम्प, पहिरो जस्ता प्राकृतिक प्रकोपहरुको प्रतिरोध गर्ने क्षमता विकास सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>ङ) महामारीजन्य रोगहरुको प्रकोप नियन्त्रका लागि समुदायमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>च) नयाँ भवन, बस्ती, पूर्वाधार निर्माण तथा विकासका कार्य गर्दा जलवायु अनुकूलित र विपद् प्रतिरोधि प्रविधि तथा मापदण्ड लागू गरिनेछ ।<br>छ) जोखिममा रहेका समुदाय र क्षेत्रहरूका लागि प्रतिकार्य गर्ने क्षमता अभिबृध्दिका कार्यक्रम सञ्चालन गरिनेछ र उच्च जोखिममा रहेका वस्तीहरुको पहिचान गरी सुरक्षित बनाउने वा स्थानान्तरण गर्ने प्रकृया प्रारम्भ गरिनेछ ।<br>ज) जलवायुजन्य प्रकोपहरुबाट ब्यक्तिको जीवन तथा सम्पति, स्वास्थ्य, जीविकोपार्जन, भौतिक पूर्वाधार र सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको न्यूनिकरण गरिनेछ । |
| २. विपद् व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने । | क) विपद् जोखिम तथा न्यूनिकारणको व्यवस्थापनका विभिन्न प्रक्रियामा सबै सरोकारवालाहरुको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता वृद्धि गरी समावेशिताको सुनिश्चिता गरिनेछ । |

| | |
|---|---|
| | ख) सरोकारवालाहरूको सहभागिता र समन्वयमा पालिकाको विपद् जोखिम व्यवस्थापन तथा पूर्व तयारी सम्बन्धी नीति तथा कार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>ग) जोखिम क्षेत्रहरूको भूउपयोग योजना तयार गरी जल तथा जलाधार संरक्षण, डढलो र अग्नी समन, नदी नियन्त्रण र पहिरो नियन्त्रण जस्ता निरोधात्मक उपायहरू अवलम्वन गरिनेछ ।<br>ठ) पालिकाका आवश्यक स्थानहरूमा राहत तथा उद्धारका अत्यावश्यक सामग्रीहरूको भण्डारण गर्नका लागि जनभकारी स्थापना गरिनेछ ।<br>ड) विपदको समयमा आश्रय लिन सकिने गरी सुरक्षित खुला स्थानहरू, सामुदायिक भवन, सडक र आश्रयस्थलहरूको पहिचान तथा व्यवस्था गरिनेछ ।<br>ढ) विपद् व्यवस्थापन विषयलाई विद्यालयको पाठ्यक्रममा समावेश गरिनेछ ।<br>ख) संघ र प्रदेश सरकारसँगको सहकार्यमा आधुनिक प्रविधि तथा औजारहरूको प्रयोग गरी जोखिम क्षेत्रहरूको पूर्वानुमान र पूर्व सूचना प्रणालीको विकास गरिनेछ ।<br>छ) सामुदायस्तरमा विपद् व्यवस्थापन कार्य योजना तथा पारिवारिक विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरी समुदायलाई सक्षम बनाइनेछ ।<br>ज) आपतकालमा प्रतिकार्यलाई शीघ्र नेतृत्व दिन सक्ने सिपयुक्त मानव संशाधनको र विपद् स्वयं सेवक, उद्धार कार्यदल जस्ता समूहको व्यवस्था गरिनेछ । |

## ४.४ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| उद्देश्य नम्वर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | विपद् व्यवस्थापन पूर्व तयारी सम्बन्धी कार्य योजना निर्माण | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | १० लाख | पालिका |
| १ | जोखिम क्षेत्रहरुको भूउपयोग सम्बन्धी कार्य योजना निर्माण | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | १० लाख | पालिका |
| १ | विपद जोखिम न्युनीकरण जनचेतना कार्यक्रम | संख्या | ० | ५ | १ | १ | ६ | ६ | ६ | ६ | ५० लाख | पालिका |
| १ | विपद व्यवस्थापन सूचना प्रणाली निर्माण | संख्या | ० | १ | ० | ० | १ | १ | १ | १ | २५ लाख | पालिका |
| १ | प्राकृतिक प्रकोपहरुको प्रतिरोध गर्ने क्षमता विकास कार्यक्रम | संख्या | ० | ६ | १ | १ | १ | २ | २ | ६ | ६ करोड | संघ तथा प्रदेश सरकार |
| १ | महामारीजन्य रोगहरुको प्रकोप नियन्त्रण कार्यक्रम | संख्या | १ | ६ | १ | १ | १ | १ | १ | ६ | १ करोड २५ लाख | संघ तथा प्रदेश सरकार |
| १ | जनभकारी स्थापना | संख्या | ० | ६ | ० | ० | २ | २ | २ | ६ | ६० लाख | पालिका |
| १ | धर्मशाला तथा विपद् आश्रय स्थलहरु निर्माण | संख्या | १ | ६ | १ | १ | १ | १ | २ | ६ | १ करोड ५० लाख | संघ तथा प्रदेश सरकार |
| १ | गाउँ विपद् व्यवस्थापन समिति गठन | संख्या | १ | ६ | ६ | १ | २ | २ | १ | ६ | - | पालिका |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र आर्थिक लक्ष्य | | | | | | अनुमानित लागत | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | जोखिम क्षेत्र पहिचान कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | २ लाख | गा पा |

जम्मा अनुमानित लगानी १० करोड १७ लाख

स्थानीय जलवायु परिवर्तन को परिदृष्यलाई मध्यनजर गरी तयार पारिएको स्थानीय अनुकूलन कार्य योजना २०७९/०८० अनुसारका थप सम्बन्धित योजनाहरू अनुसूचि २ मा रहेको छ ।

## ५. अपेक्षित उपलब्धि

पालिकामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी पर्याप्त कार्यक्रमहरु सञ्चालन भएको हुनेछ । पालिकामा विपद्को क्षति न्यूनीकरण भएको हुनेछ ।हिल्साको जस्तै अन्य स्थानको पहिरोहरुको बैज्ञानिक व्यवस्थापन भएको हुनेछ | बस्तीको सौन्दर्यीकरणमा वृद्धि भएको हुने छ |

## ६. अनुमान तथा जोखिम पक्ष

पालिकामा विपद् जोखिम न्यूनिकरणका लागि प्राविधिक तथा आर्थिक स्रोत साधनको कमिको प्रमुख समस्या रहने देखिन्छ भने यसमा स्थानीय नागरिकहरुबाट पूर्ण साथ र सहयोग नरहने जोखिम पनि रहेको छ ।

# ३.५ वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका नतिजाखाकाहरु

**प्रभाव**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसंख्या | प्रतिशत | २१ | २० | १९ | १८ | १६ | १५ | के.त.वि. / प्र.त.का. |
| विपतका घटनाबाट प्रभावित जनसंख्या | प्रतिशत | २२ | २० | १८ | १६ | १४ | १२ | गा. पा. |

| वन, जडिविटी तथा जैविक विविधता | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
| वनजन्य उत्पादनको वृद्धि दर | प्रतिशत | ३० | ३२ | ३४ | ३६ | ३८ | ४० | गा. पा. |
| वन क्षेत्रबाट प्राप्त राजश्व रकम | रु | | | | | | | गा. पा. |
| प्राकृतिक बहुमूल्य जडीवुटीहरुको उत्पादन वृद्धि दर | प्रतिशत | १० | ११ | १५ | २० | २५ | ३० | गा. पा. |
| व्यासायिक बहुमूल्य जडीवुटीहरुको उत्पादन वृद्धि दर | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ८० | गा. पा. |
| प्रशोधित जडीवुटीहरुको निर्यात वृद्धि दर | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ | ४० | गा. पा. |
| **प्रतिफल** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
| सामूदायिक वन | संख्या | ३ | ३ | ३ | ४ | ५ | ६ | गा. पा. |
| निजी वन | संख्या | ० | ० | ० | ० | ० | ० | गा. पा. |
| वन नर्सरी | संख्या | ० | ० | ० | ० | ० | ० | गा. पा. |
| कवुलियति वन | संख्या | ० | ० | ० | ० | ० | ० | गा. पा. |
| दाउरा उत्पादन | मे टन | १५०० | १६०० | १७०० | १८०० | १९०० | २००० | गा. पा. |
| काठ उत्पादन | घनफिट | ८०० | ९०० | १००० | ११०० | १२०० | १३०० | गा. पा. |
| वन उद्यम | संख्या | ३४ | ३६ | ३८ | ४० | ४२ | ४४ | गा. पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | ० | १ | ५ | १० | १५ | २० | गा. पा. |
| बिरुवा उत्पादन | संख्या | ० | १५० | ३०० | ५०० | ७०० | ९०० | गा. पा. |

**भू संरक्षण तथा जलाधार व्यवस्थापन**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| संरक्षित जलाधार क्षेत्र | संख्या | ३ | ३ | ४ | ४ | ५ | ६ | गा. पा. |
| **प्रतिफल** | | | | | | | | |
| जलाधार संरक्षणका कार्यक्रम | संख्या | ३ | ३ | ४ | ४ | ५ | ६ | गा. पा. |
| जलाधार संरक्षणका लागि भएको वृक्षारोपण | हेक्टर | १ | २ | ३.५ | ४ | ४.५ | ५ | गा. पा. |
| कृषिमा विषादी प्रयोगको मात्रा | मे टन | ० | ० | ० | ० | ० | ० | गा. पा. |

**वातावरण तथा फोहोर मैला व्यवस्थापन**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| वायु गुणस्तर मापन | ० | ० | ० | ० | ० | १ | १ | गा. पा. |
| **प्रतिफल** | | | | | | | | |
| वातावरण संरक्षणका कार्यक्रम | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | गा. पा. |
| फोहोर मैला प्रशोधन केन्द्र | संख्या | ० | ० | ० | १ | १ | १ | गा. पा. |
| वायु गुणस्तर मापन केन्द्र | संख्या | ० | ० | ० | ० | १ | १ | गा. पा. |
| मानववस्तीहरु मा ढलको व्यवस्था | संख्या | १ | १ | १ | २ | ३ | ४ | गा. पा. |

| विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७८।०७९** | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २००८२।०८३ | २०८३।०८४ | **सूचनाको श्रोत** |
| विपद्का घटनामा उद्दार गरिएको | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | गा. पा. |
| विपद् उद्दारको पूर्व तयारी गरेका स्थानीय वडा | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | गा. पा. |
| **प्रतिफल** | | | | | | | | |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी तालिम प्राप्त जनशक्ति | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | गा. पा. |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी पूर्व तयारीका कार्यक्रम | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | गा. पा. |
| वाढी पूर्व सूचना प्रणाली जडान | संख्या | ० | ० | ० | १ | १ | १ | गा. पा. |
| ठूला तथा मझौला नदीमा तटवन्ध निर्माण | कि मि | २ | ३ | ४ | ५ | ६ | ७ | गा. पा. |

# परिच्छेद ७

# संस्थागत विकास तथा सुशासन क्षेत्र

## ७.१ संस्थागत विकास तथा सुशासन

### १. पृष्ठभूमि

नेपालको नयाँ संविधानद्वारा स्थापित संघीय संरचना अनुसारको स्थानीय तहको स्थानीय सरकार भएकोले पालिकाको संस्थागत विकासका लागि स्थानीय आवश्यकता र चाहना अनुसारको सबै सेवा छिटो, छरितो एवम् प्रभावकारी रुपमा प्रवाह गर्न सक्ने गरी पालिकाको संस्थागत विकास गर्दै जानु पर्नेछ। यसैगरी सुशासन पनि आजको जल्दोवल्दो राष्ट्रिय विषयवस्तु भएको र यो नभई पालिकाको विकास निर्माण र सुधारका कार्यहरु जनचाहना अनुरुप अघि बढन नसक्ने भएकोले यस सम्वन्धमा पनि पालिकाले प्रथम योजना देखि नै पर्याप्त कार्यक्रमहरु तर्जुमा गरी प्राथमिकता दिनु पर्नेछ।

जनमतको कदर हुने गरी निर्वाचित जनप्रतिनिधिहरुलाई जनताप्रति बढी उत्तरदायी र पारदर्शि बनाउन तथा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र उत्तरदायी तुल्याउँदै निष्पक्ष, पारदर्शी, नतिजामुखी र जनमुखी सेवा प्रवाह गर्न सक्षम बनाउन पालिकामा सुशासनको प्रत्याभुत गर्नु पर्ने हुन्छ ।अतिथ्यता तथा मुस्कान सहितको सेवाले संस्थागत र शुशासनको विकास हुन्छ। पारदर्सिता, जिम्मेवारिता, र जवाफदेहिताले नैतिकता, इमान्दारिता र व्यक्तित्वको विकास पनि गर्दछ। असल नागरिक भएको क्षेत्रमा पर्यटनको राम्रो विकास हुन्छ। देशको इज्जत बढ्दछ। त्यसैले भ्रष्टाचार नियन्त्रण एवम् सुशासन प्रवर्द्धनको लागि नेपालले राष्ट्रियस्तर एवम् अन्तराष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिवद्धताहरुको परिपालनका लागि पालिका पनि सकृय रुपमा यस राष्ट्रिय अभियानमा सहभागि हुनु पर्ने भएको छ।

### २. समस्या तथा चुनौती

नयाँ संरचना भएकोले पालिकाका कृयाकलापहरु पूर्ण रुपमा व्यवस्थित भै नसक्नु, स्थानीय नागरिकहरुको सचेतनाको अभाव, आर्थिक अनियमितता एवम् भ्रष्टाचार विरुद्ध सामाजिक सहनशीलताको न्यूनीकरण नहुनु, गैरसरकारी क्षेत्रका अनियमितताको नियमन गर्न नसकिनु, प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको विकास गर्न नसक्नु, सार्वजनिक सेवा प्रवाहलाई निष्पक्ष र पारदर्शी तुल्याउन नसकिनु, सार्वजनिक सेवामा विद्युतीय शासन प्रणालीको अपेक्षित प्रवर्द्धन हुन नसक्नु लगायतका समस्याहरू छन्।

पालिकाको समग्र संरचनालाई चुस्त, सक्षम र प्रभावकारी रुपमा सबै सेवा प्रवाह गर्न सक्ने गरी सक्षम तुल्याउनु, पालिकाका काम कारवाहीमा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गर्नु, पालिकाले गर्ने सबै वडा तहसम्मका सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगद्वारा यसलाई छिटो छरितो र अनुमान योग्य बनाउनु, सामाजिक मूल्य-मान्यता, नागरिक संस्कार, नैतिक सदाचारिताको प्रवर्द्धन गर्नु, सार्वजनिक एवम् निजी क्षेत्रमा हुने भ्रष्टाचार र अनियमिताजन्य कार्यलाई नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिनु चुनौतीका रूपमा रहेका छन्।मानिसको आचरण सुधार गर्नु नै सुशासनको व्यवस्थापन हो | आचरण सुधार्न सजिलो हुँदैन |

## ३. संभावना तथा अवसर

देश स्थापित संघीय शासन व्यवस्थाका कारण स्थानीय नागरिकहरुको आवश्यकता अनुसारको प्रवन्ध मिलाई स्थानीय तह देखि नै सुशासनको प्रवन्ध मिलाउने अवसर प्राप्त हुनु, सूचना तथा सञ्चारप्रविधिको विकासका कारण प्रविधिको उपयोग गरी पारदर्शि रुपले छिटोछरितो सेवा प्रवाह गर्न सकिने हुनु, संघ र प्रदेश सरकार पनि सुशासनका लागि प्रतिवद्ध रहेकोले तीन तह कै सरकारवीच सहकार्य र समन्वय गरेर सुशासन कायम गर्न सकिने हुनु, स्थानीय नागरिकहरु सुशासन प्रति जागरुक हुदै जानु, आफ्ना सबै काम कारवाहीहरुमा पारदर्शिता कायम गरी भ्रष्टाचार नियन्त्रण गर्न तीनै तहका सरकारहरु प्रतिवद्ध रहनु संभावना तथा अवसरहरु हुन् ।मानबिय नैतिक आचरण सुधार हुनु अत्यन्त महत्वपूर्ण हो |

## ४. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनाहरु

### ४.१ लक्ष्य

संस्थागत विकास द्वारा सुशासन प्रवर्द्धन गर्ने ।

### ४.२ उद्देश्य

